# १८औं वार्षिक प्रतिवेदन

## २०७३/७४



# साना किसान विकास बैंक लि.

## Sana Kisan Bikas Bank Ltd.



तत्कालिन अर्थमन्त्री श्री कृष्णबहादुर महारालाई बैंकका अध्यक्ष श्री खेम बहादुर पाठक र निवर्तमान प्र.का.अ. श्री जलन कुमार शर्माद्वारा बैंकका गतिविधि बारे जानकारी गराउँदै ।




साना किसान सकहारी संस्था लि. सुन्दरपुर, उदयपुरद्वारा आयोजित सिद्धारी संस्थाको हस्तान्तरण समारोहमा प्रमुख अतिथिका रुपमा तत्कालिन नेपालका लागि तत्कालिन अमेरिकी राजदुत Alaine B. Teplitz तथा कार्यक्रममा उपस्थित महिला सदस्यहरु ।

साना किसान विकास बैंकको १६ औं वार्षिकोत्सव समारोहमा सम्मान प्राप्त गरिसकेपछि सम्बोधन गर्दै साना किसान अभियानका विशिष्ट प्रेरक व्यक्तित्व  नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर तथा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. युवराज खतिवडा ।




साना किसान विकास बैंकको १६ औं वार्षिकोत्सव समारोहमा आ.व. २०७२/७३ मा  सर्वोत्कृष्ट संस्था साना किसान कृषि सहकारी संस्था लि. गुमी, सुर्खेतका प्रबन्धक र अध्यक्षद्वारा पुरस्कार ग्रहण गर्दै ।






निवर्तमान प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा एवं प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला

# सञ्चालक समिति



**श्री खेम बहादुर पाठक**
अध्यक्ष
प्रतिनिधि
साना किसान सहकारी संस्था लि.



**श्री दिलिप सिंह थापा**
सञ्चालक सदस्य
प्रतिनिधि
कृषि विकास बैंक लि.



**श्री रविन्द्र यादव**
सञ्चालक सदस्य
प्रतिनिधि
साना किसान सहकारी संस्था लि.



**श्री उमेश लम्साल**
सञ्चालक सदस्य
प्रतिनिधि
सर्वसाधारण शेयरधनी



**श्री भुपेश छत्कुली**
सञ्चालक सदस्य
प्रतिनिधि
सर्वसाधारण शेयरधनी

# साना किसान विकास बैङ्क लि. प्रगति सारांश

## (२०७४ असार मसान्तसम्मको विवरणको आधारमा)

### चित्र नं. १: ब्याज आम्दानी, ब्याज खर्च , कर्मचारी तथा प्रशासनीक खर्च तथा, खुद मुनाफाको बृद्धि दरको प्रबृती




### चित्र २: कर्जा लगानि, असूली तथा लररको अवस्था




### चित्र नं. ३ कर्जा/सापटी को अवस्था




### चित्र नं. ४: कर्मचारी तथा अन्य सञ्चालन खर्च (रु. लाखमा)




### चित्र नं ५. लैंगिक सहभागिताको आधारमा बैंकमा आबद्ध संस्थाहरुको अवस्थिती



## चित्र नं. ६: शेयर पुँजीको संरचना

### चुक्ता पुँजी रु. ५० करोड ३० लाख ६२ हजार ३ सय ४४को संरचना




## चित्र नं. ७: वित्तीय स्रोतको मिश्रण




## चित्र नं. ८: औसत लरर तथा ब्याज आम्दानी र ब्याज खर्चको अवस्था




## चित्र नं. ९: आम्दानी तथा मुनाफाको अवस्था




## चित्र नं. १०: ब्याज आम्दानी र ब्याज खर्च दर




## चित्र नं. ११: निस्कृय कर्जा/कुल कर्जा अनुपात





## श्री खेम बहादुर पाठक
*अध्यक्ष*

**शिक्षा :**

ग्रामीण विकासमा स्नातकोत्तर (अध्ययनरत)

**अनुभव :**

सन् १९८६ देखि २००२ सम्म चैनपुर गाविस (धादिङ्ग) को अध्यक्ष, सन् १९९० देखि १९९८ सम्म साना किसान सहकारी संस्था लि. चैनपुर (धादिङ्ग) को अध्यक्ष, सन् १९९७ देखि गा.वि.स. महासङ्घ (धादिङ्ग) को अध्यक्ष एवं गा.वि.स. राष्ट्रिय महासङ्घ नेपालको परिषद सदस्य, सन् १९९९ देखि सन् २०११ सम्म साना किसान सहकारी धादिङ्गको अध्यक्ष, सन् २००१ देखि सन् २०१४ सम्म जिल्ला सहकारी सङ्घ धादिङ्गको उपाध्यक्ष, सन् २००८ देखि हालसम्म नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.को अध्यक्ष, सन् २००३ देखि २००८ सम्म साना किसान विकास बैंकको सञ्चालक सदस्य एवं सन् २००९ देखि हालसम्म अध्यक्ष । सन् २०१४ देखि २०१६ सम्म राष्ट्रिय सहकारी विकास बोर्डको सञ्चालक तथा सन् २०१३ देखि हालसम्म राष्ट्रिय सहकारी संघको सञ्चालक ।

**वैदेशिक तालिम / गोष्ठी / भ्रमणमा सहभागिता :**

भारत, श्रीलङ्का, बङ्गलादेश, मलेशिया, थाइलैण्ड, स्पेन, फ्रान्स, बेलायत, भुटान, दक्षिण अफ्रिका, फिलिपिन्स, मलेसिया, सिंगापुर, इजरायल, चीन, इरान, एल सालभाडोर, कोलम्बिया आदि ।

---



## डा. शिवराम प्रसाद कोइराला
*प्रमुख कार्यकारी अधिकृत*

**शिक्षा :**

सन् २०१० मा लखनउ विश्वविद्यालयबाट कमर्स विषयमा पि.एच.डी.,सन् १९८८ मा त्रिभुवन विश्वविद्यालयबाट एम.वि.ए. तथा सन् १९८४ मा त्रिभुवन विश्वविद्यालयबाट वि.एल.।

**अनुभव :**

सन् १९८९ मा व्यवस्थापन विज्ञ (अधिकृत) पदबाट कृषि विकास बैंकमा सेवा आरम्भ, सन् २०१० देखि २०११ सम्म कम्पनी सचिव र सन् २०११ देखि २०१६ सम्म सोही बैंकमा ट्रेजरी विभागको विभागीय प्रमुख । जनवरी १५, २०१६ देखि अगस्ट २९, २०१७ सम्म साना किसान विकास बैंक लि.को नायव प्रमुख कार्यकारी अधिकृत तथा अगस्ट ३०, २०१७ देखि हालसम्म साना किसान विकास बैंकको प्रमुख कार्यकारी अधिकृत।

**बैदेशिक तालिम / गोष्ठी / भ्रमणमा सहभागिता :**

वेलायत, इटली, फ्रान्स, मलेसिया, सिंगापुर, थाइलैण्ड, श्रीलङ्का, भारत, बङ्गलादेश, सेनेगल, यु.ए.ई. आदि ।

# विषय सुची



| विषय | पेज नं. |
|---|---|
| साना किसान विकास बैंक लि.को वर्तमान सञ्चालक समिति | क |
| साना किसान विकास बैंक लि.को प्रगति सारांश | ख |
| अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतको संक्षिप्त परिचय | घ |
| साना किसान विकास बैंक लिमिटेडको सोह्रौं वार्षिक साधारण सभासम्बन्धी सूचना | १ |
| क. साना किसान विकास बैंक लि. (लघु वित्त विकास बैंक) को प्रबन्धपत्र संशोधन सम्बन्धी तीन महले | २ |
| ख. साना किसान विकास बैंक लि. (लघु वित्त विकास बैंक) को नियमावली संशोधन सम्बन्धी प्रस्तावको तीन महले | ४ |
| ग. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी | ७ |
| साना किसान विकास बैंक लि. को सोह्रौं वार्षिक साधारण सभा मा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन | ९ |
| १. बिगत वर्षको कारोबारको सिंहावलोकन | ९ |
| २. विगत वर्षहरुको वित्तीय अवस्था | १६ |
| ३. साझेदार संस्थाहरुको प्रगति | १९ |
| ४. राष्ट्रिय/ अन्तर्राष्ट्रिय परिदृष्य तथा सोबाट परेको असर | २१ |
| ५. साना किसान विकास बैंकको चालु वर्षको उपलब्धी र भावी योजना | २४ |
| ६. बैंकको व्यावसायिक सम्बन्ध | ३२ |
| ७. सञ्चालन तथा सुशासन | ३४ |
| साना किसान विकास बैंक लि. संगठनात्मक संरचना | ३९ |
| साना किसान विकास बैंक लि.सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन | ४० |
| साना किसान विकास बैंक लि.को जनशक्तिको विवरण (अनुसूची १) | ४३ |
| साना किसान विकास बैंक लि.को समूह “क” संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्थाहरु तथा धारण गरेको शेयर कित्ता संख्या (अनुसूची २) | ४६ |
| लेखापरीक्षण प्रतिवेदन | ५२ |

# साना किसान विकास बैंक लिमिटेडको

## सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४/०८/०१ गते)

यस बैंकको मिति २०७४ कार्तिक २१ गते बसेको सञ्चालक समितिको ३०३ औं बैठकको निर्णयानुसार बैंकको सोह्रौं वार्षिक साधारणसभा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

### सभा बस्ने मिति, समय र स्थान

(१) मिति : २०७४ मंसिर २९ गते (December 15, 2017) शुक्रबार

(२) समय : बिहान ११.०० बजे

(३) स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर।

### छलफलका विषयहरु

(क) सामान्य प्रस्ताव :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७३/०७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७३/०७४ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ. व. २०७४/७५ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने।
(कम्पनी ऐन २०६३ को दफा १११ एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) बमोजिम वर्तमान लेखापरीक्षक सि.ए. महेश खनाल, एम खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भई आएको छ।)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/७४ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. ५०,३०,६२,३४३/७५ को १.३१६ प्रतिसतले हुने नगद लाभांश रु.६६,१९,२४१/३७ (अक्षरेपी छैसठ्ठी लाख उन्नाईस हजार दुई सय एकचालीस रुपैयाँ सैंतीस पैसा) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धी सञ्चालक समतिको प्रस्ताव पारित गर्ने।

(ख) विशेष प्रस्ताव :

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/७४ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. ५०,३०,६२,३४३/७५ को २५ प्रतिसतले हुने रु.१२,५७,६५,५८५/९४ (अक्षरेपी बाह्र करोड सन्ताउन्न लाख पैंसठ्ठी हजार पाँच सय पचासी रुपैयाँ चौरानब्बे पैसा) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।

(२) प्रबन्धपत्र र नियमावलिमा कम्पनीको नाम परिवर्तन, पुँजी वृद्धि, उद्देश्य, काम, सञ्चालक समितिको संरचना लगायतका विषयमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।

(३) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकताअनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले,

कम्पनी सचिव
साना किसान विकास बैंक लि.
केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं
फोन नं. ९७७-१-४१११८२८, ४१११९२३
इमेल : info@skbbl.com.np
वेबासाइट : www.skbbl.com.np

## (क) साना किसान विकास बैंक लि. (लघु वित्त विकास बैंक) को प्रबन्धपत्र संशोधन सम्बन्धी तीन महले

### (विशेष प्रस्ताव नं २ सँग सम्बन्धित)

| क्र. सं. | दफा/उपदफा | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | दफा - १ | कम्पनीको नाम: यस कम्पनीको नाम साना किसान विकास बैंक लिमिटेड (नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "घ" बर्गको लघुवित्त विकास बैंक) हुनेछ । यसलाई अंग्रेजीमा Sana Kisan Bikas Bank Limited भनिनेछ, जसलाई यसपछि लघुवित्त विकास बैंक भनिएको छ । | कम्पनीको नाम: यस कम्पनीको नाम साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड हुनेछ । यसलाई अंग्रेजीमा Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Limited (छोटकरीमा SKBBL) भनिनेछ, जसलाई यसपछि कम्पनी भनिएको छ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-३२ (६) बमोजिम नाम संशोधन गर्न । |
| २ | दफा - ३ को उपदफा (१) (क) | लघुवित्त विकास बैंकको उद्देश्य: (क) नेपालको ग्रामीण क्षेत्रका साना किसान सहकारी संस्थाहरु र गरिबी निवारणमा संलग्न समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरुलाई थोक कर्जा र पटके कर्जा प्रदान गर्ने । | कम्पनीको उद्देश्य: (क) साना किसान सहकारी संस्थाहरु र गरिबी निवारणमा संलग्न समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरु (यस पछि साझेदार संस्था भनिएकोछ) लाई थोक कर्जा र पटके कर्जा प्रदान गर्ने । | यस कम्पनीसँग कारोबार गर्ने ग्राहक संस्थाहरुलाई स्पष्ट गर्न । |
| ३ | दफा - ३ को उपदफा (१) (ङ) | (ङ) संस्थाहरु मार्फत ग्रामीण जनताको आम्दानी एवं रोजगारीका अवसरमा अभिवृद्धि गरी गरिबी निवारण सम्बन्धी कार्यमा सघाउ पुऱ्याउने । | (ङ) साझेदार संस्थाहरुसँगको सहकार्यमा कृषि मूल्यश्रृङ्खला समेतका परियोजना स्थापना गरी विपन्न तथा साना किसानहरुको आम्दानी र रोजगारीका अवसरमा अभिवृद्धि एवं गरिबी निवारण सम्बन्धी कार्यमा सघाउ पुऱ्याउने । | विपन्न तथा साना किसानहरुलाई स्तरोन्नति गरी जीवनस्तरमा दिगो परिवर्तन ल्याउने किसिमका क्रियाकलाप सञ्चालनका लागि प्रेरित गर्न । |
| ४ | दफा - ४ को (च) | लघुवित्त विकास बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु: (च) नेपाल राष्ट्र बैंकले तोकिदिएको अवधिसम्म नियमित रुपमा बचत गरी तोकि दिएको बचत कायम राखेका समूह वा समूहका सदस्यलाई लघु व्यवसाय सञ्चालन गर्न कुनै चल अचल सम्पत्ति सुरक्षण वा जमानत लिई वा नलिई लघुकर्जा दिने । | कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु: (च) नेपाल राष्ट्र बैंकले तोकिदिएको अवधिसम्म नियमित रुपमा बचत गरी तोकिदिएको बचत कायम राखेका समूह वा समूहका स्तरोन्नती भएका सदस्यलाई साना तथा मध्यम कृषि उद्यम सञ्चालन गर्न कुनै चल अचल सम्पत्ति सुरक्षण वा जमानत लिई वा नलिई कर्जा दिने । | |
| ५ | दफा - ४ को (छ) | (छ) इजाजत पत्र प्राप्त संस्था वा स्वदेशी वा विदेशी संघ संस्था आदिबाट ऋण वा अनुदान प्राप्त गर्ने र त्यस्तो ऋण वा अनुदान लघुकर्जा वितरणमा वा सो कार्यलाई प्रभावकारी बनाउने काममा प्रयोग गर्ने । | (छ) नेपाल सरकार, इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्था वा स्वदेशी वा विदेशी संघ संस्था आदिबाट ऋण वा अनुदान प्राप्त गर्ने र त्यस्तो ऋण वा अनुदान लघुकर्जा वितरणमा वा सो कार्यलाई प्रभावकारी बनाउने काममा प्रयोग गर्ने । | नेपाल सरकारका कार्यक्रमहरुमा सहकार्य गर्न । |

| | | | | |
|---|---|---|---|---|
| ६ | दफा - ४ को (झ) | (झ) न्यून आय भएका व्यक्तिको आर्थिक स्थितिमा सुधार हुने खालका लघु व्यवसाय गर्ने, | (झ) न्यून आय भएका व्यक्तिको आर्थिक स्थितिमा सुधार हुने खालका लघु व्यवसाय गर्ने एवं साझेदार संस्थाहरुसँगको सहकार्यमा कृषि मूल्यश्रृङ्खलाका परियोजना स्थापना गरी विपन्न तथा साना किसानहरुको आम्दानी एवं रोजगारीका अवसरमा अभिवृद्धि एवं गरिबी निवारण सम्बन्धी कार्यमा सघाउ पुऱ्याउने, | यसै प्रबन्धपत्रको दफा ३ को उपदफा १(ङ) को उद्देश्य अनुसार कार्यहरु मिलान गर्न । |
| ७ | दफा-५ को खण्ड (क) र (ख) | लघुवित्त विकास बैंकको पूँजीको संरचनाः कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः-<br>(क) कम्पनीको अधिकृत पूँजी रु. ६४,००,००,०००।- (अक्षरेपी चौंसट्ठी करोड) हुनेछ । उक्त पूँजीलाई रु.१००/- का दरले ६४,००,००० थान । साधारण शेयरमा विभाजित गरिएको छ ।<br>(ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी ६४,००,००,०००।- (अक्षरेपी चौंसट्ठी करोड) मात्र हुनेछ । | कम्पनीको पूँजीको संरचनाः कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः-<br>(क) कम्पनीको अधिकृत पूँजी रु. १,००,००,००,०००।- (अक्षरेपी एक अर्ब) हुनेछ । उक्त पूँजीलाई रु.१००/- का दरले १,००,००,००० थान साधारण शेयरमा विभाजित गरिएको छ ।<br>(ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. १,००,००,००,०००।- (अक्षरेपी एक अर्ब) मात्र हुनेछ । | समयानुकुल पूँजी बृद्धि गर्न । |
| ८ | दफा - ६ | लघुवित्त विकास बैंकको शेयरको किसिमः हाल अग्राधिकार शेयरको व्यवस्था नगरिएको हुँदा कम्पनीको शेयर साधारण शेयर मात्रले बनेको छ । अग्राधिकार शेयर जारी गर्नु परेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी प्रचलित कानूनको रित पुऱ्याई नेपाल राष्ट्र बैंकको स्वीकृतिमा मात्र त्यस्तो शेयर जारी गर्न सकिनेछ । | कम्पनीको शेयरको किसिमः यस कम्पनीले अग्राधिकार शेयर जारी गर्नु परेमा प्रचलित कानूनको रित पुऱ्याई नेपाल राष्ट्र बैंकको स्वीकृतिमा मात्र त्यस्तो शेयर जारी गर्न सकिनेछ । | समयानुकुल संशोधन गर्न । |
| ९ | दफा-११ को उपदफा (१) | प्रबन्धपत्र संशोधन भएमा लागू हुने अवस्थाः (१) यस प्रबन्धपत्रमा लघुवित्त विकास बैंकले कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी कानून बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव कम्पनी रजिष्ट्रारको कार्यालयबाट अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ । | प्रबन्धपत्र संशोधन भएमा लागू हुने अवस्थाः (१) यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी कानून बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव नेपाल राष्ट्र बैंकबाट स्वीकृत तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-१२८ बमोजिम मिलान गर्न । |
| १० | - | माथि उल्लेख गरेदेखि बाहेक यस प्रबन्धपत्रका अन्य दफा, उपदफा, खण्ड तथा शीर्षकहरुमा प्रयुक्त 'साना किसान विकास बैंक लिमिटेड' को सट्टामा 'साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड' भनी संशोधन गरिएको छ । | | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-३२ (६) बमोजिम नाम संशोधन गर्न प्रस्ताव गरिएकोले सोही अनुरुप मिलान गर्न । |
| ११ | - | माथि उल्लेख गरेदेखि बाहेक यस प्रबन्धपत्रका अन्य दफा, उपदफा, खण्ड तथा शीर्षकहरुमा प्रयुक्त 'लघुवित्त विकास बैंक' को सट्टामा 'कम्पनी' भनी संशोधन गरिएको छ । | | |

# (ख) साना किसान विकास बैंक लि. (लघु वित्त विकास बैंक) को नियमावली संशोधन सम्बन्धी प्रस्तावको तीन महले

### (विशेष प्रस्ताव नं ३ सँग सम्बन्धित)

| क्र. सं. | नियम | उप-नियम | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|---|
| १ | १ | - | कम्पनीको नामः यस कम्पनीको नाम साना किसान विकास बैंक लिमिटेड (लघु वित्त विकास बैंक) हुनेछ । यसलाई अंग्रेजीमा Sana Kisan Bikas Bank Limited भनिनेछ जसलाई यसपछि लघु वित्त विकास बैंक भनिएको छ । | कम्पनीको नामः यस कम्पनीको नाम साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड हुनेछ । यसलाई अंग्रेजीमा Sana Kisan Bikas Lagubitta Bittiya Sanstha Limited (छोटकरीमा SKBBL) भनिनेछ जसलाई यसपछि कम्पनी भनिएको छ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-३२ (६) बमोजिम नाम संशोधन गर्न । |
| २ | ८ | (१) | सञ्चालकको संख्या र कार्यकालः (१) लघु वित्त विकास बैंकको सञ्चालकहरुको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही वार्षिक साधारण सभाबाट हुनेछ । तर, व्यावसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ । | सञ्चालकको संख्या र कार्यकालः (१) कम्पनीको सञ्चालकहरुको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही वार्षिक साधारण सभाबाट हुनेछ । तर, स्वतन्त्र सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ र सोको जानकारी त्यस्तो नियुक्ती पछि बस्ने पहिलो साधारण सभामा दिईनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-१४ (३) बमोजिम मिलान गर्न । |
| ३ | ८ | (२) | (२) यस लघु वित्त विकास बैंकमा ८ (आठ) जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा देहाय बमोजिमको प्रतिनिधित्व हुनेछ ।<br>(क) समूह-क संस्थापक शेयरधनीसमूहः यस समूहका देहायका उपसमूहबाट देहाय अनुसार जम्मा पाँच जना<br>उपसमूह (क.१) कृषि विकास बैंक लि.बाट मनोनीत एक जना,<br>उपसमूह (क.२) नेपाल बैंक र नविल बैंक मध्येबाट आलो पालो गरी एक जना,<br>उपसमूह (क.३) साना किसान सहकारी संस्थाहरुमध्येबाट निर्वाचित ३ जना । | (२) यस कम्पनीमा ७ (सात) जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा देहाय बमोजिमको प्रतिनिधित्व हुनेछ ।<br>(क) समूह-क संस्थापक शेयरधनीसमूहः यस समूहबाट देहाय अनुसार ४ (चार) जनाले प्रतिनिधित्व गर्नेछन् ।<br>(१) कृषि विकास बैंक लि. लगायत बाणिज्य बैंकहरुमध्येबाट मनोनित/निर्वाचित १ (एक) जना,<br>(२) साना किसान सहकारी संस्थाहरुमध्ये बाट १ (एक) जना महिला सहित निर्वाचित ३ (तीन) जना । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-१४ (१) बमोजिम तथा नेपाल राष्ट्र बैंकको मिति २०७४/२/२२ को सूचना अनुसार मिलान गर्न । |
| ३ | ८ | (२)(ख) | (ख) समूह-खः सर्वसाधारण शेयरधनी समूहः सर्वसाधारण शेयरधनी मध्येबाट निर्वाचित दुई जना । | (ख) समूह-खः सर्वसाधारण शेयरधनी समूहः सर्वसाधारण शेयरधनी मध्येबाट निर्वाचित २ (दुई) जना । | हालको व्यवस्था यथावत कायम राखिएको । |
| ४ | ८ | (२)(ग) | (ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा २ बमोजिम सञ्चालक समितिबाट नियुक्त एक जना विशेषज्ञ सञ्चालक | (ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा ३ बमोजिम सञ्चालक समितिबाट नियुक्त स्वतन्त्र सञ्चालक एक जना । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा ३ बमोजिम मिलान गर्न आवश्यक भएकोले । |

| क्र. सं. | नियम | उप-नियम | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|---|
| ५ | ८ | (३) | सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्ष हुनेछ । | सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्ष हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ ।<br>तर, स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-१५ (१) बमोजिम मिलान गर्न आवश्यक भएकोले । |
| ६ | १६ | (१) | शेयरधनी बाहेकको अन्य कुनै व्यावसायिक व्यक्तिलाई सञ्चालक नियुक्ति गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्थाः प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले व्यवस्था गरे बमोजिम नेपाल र ाष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशे षज्ञहरुको सूचीबाट सञ्चालक समितिले १ (एक) जना व्यावसायिक सञ्चालक नियुक्त गर्नेछ । | खारेज गरिएको । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-१४ (३) सँग अनुकुल बनाउन नियम १७ सँग मिलान गर्न । |
| | | (२) | निजको कार्यकाल ४ वर्षको हुनेछ । | | |
| | | (३) | निजको काम, कर्तव्य, अधिकार तथा सुविधा अन्य सञ्चालक सरह हुनेछ । | | |
| ७ | १७ | - | स्वतन्त्र सञ्चालक सम्बन्धी व्यवस्था, संख्या र योग्यताः लघु वित्त विकास बैंकमा नेपाल राष्ट्र बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको व्यवस्थाको अधीनमा रही कायम गरेको व्यावसायिक विशेषज्ञहरुको सूचीबाट सञ्चालक समितिले नियुक्ति गरेको १ जना व्यावसायिक सञ्चालक नै स्वतन्त्र सञ्चालकको रुपमा रहनेछ । निजको काम, कर्तव्य, अधिकार तथा सुविधा र कार्यकाल नियम १६ मा उल्लेख भए बमोजिम हुनेछ । | स्वतन्त्र सञ्चालक सम्बन्धी व्यवस्था, संख्या र योग्यताः (१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले व्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले तोके अनुसारको अनुभव तथा योग्यता पुगेका १ (एक) जनालाई सञ्चालक समितिले स्वतन्त्र सञ्चालक नियुक्त गर्नेछ ।<br>(२) निजको काम, कर्तव्य, अधिकार तथा सुविधा अन्य सञ्चालक सरह हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-१४ (३) सँग अनुकुल बनाउन । |
| ८ | २० | (३) | कार्यकारी प्रमुख सम्बन्धी व्यवस्थाः (३) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ । | कार्यकारी प्रमुख सम्बन्धी व्यवस्थाः (३) कार्यकारी प्रमुखको पदावधि बढीमा चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-२९ (२) अनुसार मिलान गर्न । |
| ९ | २३ | - | विभिन्न वर्गका शेयर जारी गर्ने व्यवस्थाः विभिन्न वर्गका शेयर जारी गर्ने व्यवस्था हाल गरिएको छैन । | विभिन्न वर्गका शेयर जारी गर्ने व्यवस्थाः प्रचलित कानुनको अधिनमा रही कम्पनीले बोनस शेयर तथा हकप्रद शेयर निष्काशन गर्न सक्नेछ । | धितोपत्र सम्बन्धी प्रचलित कानुन बमोजिम मिलान गर्न । |

| क्र.सं. | नियम | उप-नियम | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|---|
| १० | २४ | - | अग्राधिकार शेयर सम्बन्धी व्यवस्था: अग्राधिकार शेयर सम्बन्धी व्यवस्था हाल गरिएको छैन । पछि सो शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ । | अग्राधिकार शेयर सम्बन्धी व्यवस्था: प्रचलित कानूनको अधीनमा रही नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ । | समयानुकुल संशोधन गर्न आवश्यक देखिएकोले । |
| ११ | ४२ | (१) | नियमावली संशोधन भएमा लागू हुने अवस्था: (१) कम्पनीले यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी कानूनको व्यवस्थाको अधीनमा रही गरिनेछ । सो संशोधन कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ । | नियमावली संशोधन भएमा लागू हुने अवस्था: (१) कम्पनीले यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी कानूनको व्यवस्थाको अधीनमा रही गरिनेछ । सो संशोधन नेपाल राष्ट्र बैंकबाट स्वीकृत तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-१२८ बमोजिम मिलान गर्न । |
| १२ | - | - | माथि उल्लेख गरेदेखि बाहेक यस प्रबन्धपत्रका अन्य दफा, उपदफा, खण्ड तथा शीर्षकहरुमा प्रयुक्त 'साना किसान विकास बैंक लिमिटेड' को सट्टामा 'साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड' भनी संशोधन गरिएको छ । | | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-३२ (६) बमोजिम नाम संशोधन गर्न प्रस्ताव गरिएकोले सोही अनुरुप मिलान गर्न आवश्यक भएकोले । |
| १३ | - | - | माथि उल्लेख गरेदेखि बाहेक यस नियमावलीका अन्य दफा, उपदफा, खण्ड तथा शीर्षकहरुमा प्रयुक्त 'लघुवित्त विकास बैंक' को सट्टामा 'कम्पनी' भनी संशोधन गरिएको छ । | | |

# (ग) वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) वार्षिक साधारण सभा तथा बोनस शेयरको प्रयोजनार्थ बैंकको शेयरधनी दर्ता किताब मिति २०७४/०८/१० देखि २०७४/०८/२९ गते सम्म बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७४/०८/०९ गते सम्म कारोबार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले यो सभामा भाग लिन तथा मतदान गर्न पाउने छन् ।

(२) वार्षिक साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेशपत्र साथमा लिई आउनु हुन अनुरोध छ । कथंकदाचित सो सम्भव नभए शेयर धनी प्रमाणपत्र वा डिम्याट नं. साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाईने छैन । शान्ति-सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा यथासक्य झोला, ब्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ। आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुन समेत अनुरोध गरिएको छ।

(३) शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन २०६३, अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको बार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु बैंकको वेभ साईट www.skbbl.com.np मा समेत उपलब्ध छ । साथै यस सम्बन्धी विवरणहरु बैंकको केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने काठमाडौं तथा शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाडौं आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुनेछ।

(४) शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिईने छ।

(५) शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तरगत बैंक सम्बन्धी केही जिज्ञासा भए इच्छुक शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तिमा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

(६) सभा शुरु हुने भनी तोकिएको दिनभन्दा कम्तीमा ९६ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालयमा तोकिएको समयभित्र प्रतिनिधिपत्र (प्रोक्सी) फारम दर्ता गरी सक्नु पर्नेछ। एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधिपत्र (प्रोक्सी) दिएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । तर एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) दिई पठाइएको पाईएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भएता पनि सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ। एक भन्दा बढी व्यक्तिलाई आफनो शेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधि पत्र (प्रोक्सी) दिन पाईने छैन।

(७) नाबालक वा विक्षिप्त अवस्थाका शेयरधनीका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछ। तर संरक्षकले आफै सञ्चालकमा उम्मेदवार हुन र आफू संरक्षक रहेको शेयरधनीको बाहेक अन्य शेयरधनीको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन।

(८) प्रतिनिधि (प्रोक्सी) मुकरर गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वतः बदर हुनेछ।

(९) प्रतिनिधि पत्र (प्रोक्सी) प्राप्त गर्ने व्यक्ति बैंकको शेयरधनी हुनु पर्ने छ।

(१०) संयुक्त नाममा शेयर खरिद गरिएको अवस्थामा सर्वसम्मतिबाट प्रतिनिधि मुकर्रर गरिएको व्यक्तिले अथवा शेयरधनीहरुको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र मताधिकार प्रयोग गर्न सक्नेछ।

(११) कुनै बैंक, वित्त कम्पनी, गुठी, संघ संस्था वा कम्पनीले यस बैंकको शेयर खरीद गरेको अवस्थामा बैंकको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही त्यस्तो संगठित संस्थाको आधिकारीक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ। तर, संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्था लि. हरुबाट प्रतिनिधि मनोनयन भई आएका व्यक्तिको हकमा भने निज प्रतिनिधि सम्बधित साना किसान कृषि सहकारी संस्था लि.को शेयरधनी रहेको हुनु पर्ने छ।

(१२) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजे देखि खुला रहने छ।

(१३) यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा बैंकको वेभ साईट www.skbbl.com.np मा हेर्नु हुन र कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

### (कम्पनी ऐनको दफा ७१ को उपदफा (३) सँग सम्वन्धित)

## साधारण सभामा मतदान गर्न आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने निवेदनको ढाँचा

श्री सञ्चालक समिति
साना किसान विकास बैंक लि.
केन्द्रीय कार्यालय, काठमाडौं ।

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

..................जिल्ला .................न. पा. / गा. पा. वडा नं. ......... बस्ने म / हामी ......................... ले त्यस कम्पनीको शेयरधनीका हैसियतले सम्वत् २०७४ साल ......महिना........गतेका दिन हुने १६ औं वार्षिक साधारण सभामा म / हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा / हाम्रा तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ...................... जिल्ला ................... न. पा. / गा. पा. वडा नं. .......... बस्ने श्री .............................................................. लाई मेरो / हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु / पठाएका छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको -
हस्ताक्षरको नमुना : ....................................................
शेयरधनी नं. .............................................................
डीम्याट नं. : ..........................................................
शेयर प्रमाणपत्र नं. : .................................................
शेयरधनी नभए नागरिकताको प्रमाणपत्र नं. .....................

**निवेदक**
दस्तखत :..... ........ ....... ......... ...... .....
नाम : .. ..... ........ ....... ......... ...... ....
ठेगाना : ..... ........ ....... ......... ...... .......
शेयरधनी नं. ........ ....... ......... ...... .......
डीम्याट नं.: ..... ........ ............ ...... .......
शेयर प्रमाणपत्र नं. : ..... ........ ....... .........
शेयर सङ्ख्या : ..... ........ ....... ......... ......
मिति : ..... ........ ....... ......... ...... ....

# साना किसान विकास बैंक लिमिटेडको

### सोह्रौं वार्षिक साधारण सभामा उपस्थितिका लागि प्रवेशपत्र

शेयरधनी / प्रतिनिधिको नामः :
ठेगाना :
शेयर प्रमाणपत्र नं. :
डीम्याट नं.: :
लिएको शेयरसङ्ख्या :
शेयरधनी/प्रतिनिधिको दस्तखत :

कम्पनी सचिव

यो प्रवेशपत्र साधारण सभामा भाग लिन आउँदा पेस गर्नुपर्नेछ ।

साना किसान विकास बैंक लि. को सोह्रौं वार्षिक साधारण सभामा प्रस्तुत

# सञ्चालक समितिको प्रतिवेदन

## आर्थिक वर्ष २०७३/७४

### आदरणीय शेयरधनी महानुभावहरू,

साना किसान विकास बैंक लिमिटेडको यस सोह्रौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समिति तथा म आफ्नो तर्फबाट हार्दिक स्वागत एवं अभिवादन गर्दछु । यस अवसरमा यहाँहरु समक्ष यस बैंकको सोह्रौं वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामीलाई ज्यादै खुशी लागेको छ । प्रस्तुत आर्थिक वर्ष २०७३/७४ अर्थात २०७४ आषाढ ३१ गते को संक्षिप्त आर्थिक विवरण यहाँहरु समक्ष पठाईसकिएको छ । २०७४ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७३/७४ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण तथा अन्य वित्तीय विवरणहरु स्वीकृतिका लागि यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

गत आर्थिक वर्षमा यस बैंकले गरेको प्रगति सम्बन्धी विवरण यसै प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रतिवेदनलाई सुधार गर्न, संस्थाको आगामी दिनमा कार्यक्रम, कार्यदिशा तयार गर्न तथा बैंकको उद्देश्य प्राप्तिमा प्रभावकारिता बढाउन सदाझैं यहाँहरुबाट रचनात्मक सुझाव, सल्लाह, सहयोग र मार्गदर्शनहरु प्राप्त हुने नै छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

### १. बिगत वर्षको कारोबारको सिंहावलोकन

वि.सं.२०५८ साल असार २२ गते स्थापना भएको साना किसान विकास बैंक कम्पनी ऐन, २०६३ अन्तर्गत दर्ता भएको पब्लिक लिमिटेड कम्पनी हो । यसले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको राष्ट्रिय स्तरको लघुवित्त संस्थाका रूपमा स्वीकृति प्राप्त गरी लघुवित्त क्षेत्रमा एक प्रमुख थोककर्जा प्रदायक संस्थाका रूपमा कारोबार गर्दै आएको छ ।

लघुवित्तका प्रचलित अभ्यासहरू भन्दा फरक ढङ्गले स्थानीय तहमा सवल, सक्षम, स्वायत्त र दिगो संस्थाहरूको निर्माणबाट मात्र गरिबी न्यूनीकरणको गतिलाई तीव्रता प्रदान गर्न सकिन्छ भन्ने यो बैंकको मान्यता रहेको छ । बैंकले ग्रामीण विपन्न तथा साना किसानहरूको आर्थिक र सामाजिक विकासका लागि उनीहरूकै स्थानीय सक्षम संस्थाहरूमार्फत लघुवित्त तथा सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

#### १.१ ऐतिहासिक पृष्ठभुमी

साना किसान विकास कार्यक्रमको लामो यात्रामा विभिन्न नवप्रवर्तनीय अभ्यासहरु भए । गाउँ गाउँमा साना किसान सहकारीहरुको स्थापना भयो भने वित्तीय छाता संस्थाको रुपमा वि.सं. २०५८ मा साना किसान विकास बैंकको स्थापना गरियो । त्यसै गरी सहकारी सञ्जालको रुपमा वि.सं. २०६३ मा नेपाल कृषि सहकारी केन्द्रीय संघ (साना किसानहरुद्वारा प्रवर्धित) को स्थापना भयो । साना किसानहरुलाई मूल्यश्रृङ्खलामा स्थापित गर्न कृषि औद्योगीकरणमा लैजाने क्रम समेत सुरु भई सकेको छ । साना किसान विकास कार्यक्रम र यो बैंकको ऐतिहासिक पृष्ठभूमि यहाँ सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

#### (क) साना किसान विकास आयोजना

ग्रामीण गरीबको आर्थिक अवस्थामा अपेक्षित सुधार गरी ग्रामीण विपन्नता कम गर्दै देशको समग्र आर्थिक अवस्थामा सुधार ल्याउने लक्ष्य राखेर नेपाल सरकार तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबीच भएको विचारगोष्ठीको फलस्वरूप सन् १९७५ (वि.सं.२०३२) मा नेपालमा साना किसान विकास कार्यक्रमको थालनी भयो । कृषि विकास बैंकबाट देश भरका ६ सय ५२ गाउँ विकास समितिका करिब २ लाख १० हजार साना किसान परिवार समेटेर गाउँगाउँमा साना किसान विकास आयोजनाहरू खोली कार्यक्रमको थालनी गरियो । कृषि विकास बैंकको ग्रामीण विकास एकाईको रुपमा यी आयोजनाहरुले ग्रामीण साना किसानहरुको आर्थिक तथा सामाजिक विकास गर्ने मात्र नभई वित्तीय साधन स्रोतमा उनीहरुको पहुँच बढाउन समेत ठूलो मद्दत पुऱ्यायो ।

#### (ख) साना किसान संस्थागत विकास

साना किसान विकास आयोजनाको विस्तार सँगै यसको दिगोपनालाई लिएर विभिन्न छलफलहरु सुरु भयो । साथै कार्यक्रम भित्रै लक्षित वर्गको स्वमित्व स्थापना, सशक्तीकरण र नेतृत्वदायी भूमिका स्थापना हुनुपर्ने आवश्यकता महसुस हुँदै गयो । कार्यक्रमको विस्तार खर्च न्यूनतम विन्दुमा राख्दै लागतको दृष्टिकोणले समेत प्रभावकारी बनाउने एवं स्थानीय तहमा नेतृत्व विकास गरी कार्यक्रमलाई दिगो रूपमा सञ्चालन हुने उपायको खोजी स्वरुप साना किसान संस्थागत विकासको अवधारणा ल्याईयो । आ.व. २०४२/४३ सालदेखि तत्कालीन जी.टी.जेड. तथा कृषि विकास बैंकको संयुक्त प्रयासमा साना किसान विकास कार्यक्रमभित्र स्थानीय रूपमा नै संस्थागत विकास गर्ने गरी सम्बन्धित साना किसानहरूको प्रत्यक्ष सहभागिता बढाउन समूह, अन्तरसमूह र मूल समिति गरी तीन तहात्मक स्थानीय साङ्गठनिक स्वरूपको अभ्यास सुरु गरियो । नेतृत्व एवं व्यवस्थापकीय क्षमता विकासका लागि विविध कार्यक्रमहरू सञ्चालन भए ।

संस्थागत विकास कार्यक्रमको सामाजिक पक्ष ज्यादै प्रभावकारी देखियो । साना किसानहरुमा नेतृत्व बहन गर्ने सीपको प्रभावकारी रुपमा विकास भयो । स्थानीय आवश्यकता अनुसार का विषयहरुमा स्थानीय साना किसान नेतृत्वले निर्णय प्रकयामा परिपक्वता र सक्षमता प्रदर्शन गरे । यसबाट साना किसानहरुले स्वतन्त्रतापूर्वक आफ्नो संगठन सञ्चालन गर्न सक्ने कुरामा कृषि विकास बैंक विश्वस्त भयो । साना किसानका यस्ता संस्थाहरुलाई कुन कानुनी स्वरुपमा संस्थागत गर्ने भन्ने उपायहरुको खोजी हुन थाल्यो । तत्कालिन अवस्थामा यस्ता संगठनलाई दर्ता गर्न

सक्ने उपायहरुमा कम्पनी, सामाजिक संस्था (गैरसरकारी संस्था) वा सहकारीको स्वरुप मध्ये कुनै एक उक्तम विकल्प छान्न सकिने देखियो। साना किसानहरुसँग छलफल र अन्तरक्रियाहरु भए। कानुनी र व्यवस्थापकीय परामर्शहरु लिईए। विज्ञहरुका सुझावहरु प्राप्त भए। र, अन्तमा यस्ता संस्थाहरुलाई सहकारी स्वरुपमा कानुनी मान्यता प्रदान गर्न उचित हुने उत्तम विकल्प ठहर भयो।

### (ग) साना किसान सहकारी संस्था लि.

संस्थागत विकास कार्यक्रमले स्थानीय साना किसानहरुको नेतृत्व र व्यवस्थापकीय क्षमतामा ल्याएको परिवर्तन स्वरुप उनीहरू आफैं कृषि विकास बैंकसमक्ष साना किसान विकास आयोजनाको व्यवस्थापन हस्तान्तरण गरिलिन माग गर्न सक्ने अवस्थामा पुगे। साना किसानहरूको गाविस स्तरमा निर्माण भएका सङ्गठनलाई उत्तम विकल्पको रुपमा प्रचलित सहकारी ऐनबमोजिम दर्ता गरियो। आ. व. २०५०/५१ देखि कृषि विकास बैंकले साना किसान विकास आयोजनाको व्यवस्थापन र स्वामित्व तिनै स्थानीय साना किसानहरूको स्थानीय सहकारी संस्थालाई हस्तान्तरण गर्न सुरु गऱ्यो। यस प्रकार नेपालले एउटा लामो अभ्यास पछि ग्रामीण सशक्तिकरण र दिगो संगठनको नविनतम मोडेल विकास गर्न सफल भयो। यिनै सहकारीहरुलाई साना किसान सहकारी नामाकरण गरियो। यी साना किसान सहकारी संस्थाहरुलाई कृषि विकास बैंकको व्यवस्थापनमा रहेको साना किसान विकास आयोजनाका सम्पूर्ण सम्पत्ति तथा दायित्वहरु हस्तान्तरण गरियो। सहकारी संस्थालाई आवश्यक पर्ने थोक कर्जा कृषि विकास बैंकले नै उपलब्ध गराउने व्यवस्था मिलाईयो। संस्थाहरु स्वतन्त्ररुपमा सञ्चालन हुन थाले र कृषि विकास बैंकले १९ वर्ष देखि विकास गर्दै आएको कार्यक्रमबाट प्रत्यक्ष संलग्नता क्रमशः हटाउँदै लग्न थाल्यो।

साना किसान सहकारी अभियान नेपाल सरकारको गरिबी निवारण अभियानबाट सुरु भएको हुँदा परम्परागत सहकारीहरु भन्दा यसमा विशिष्ट किसिमका विशेषताहरु रहेका छन्। यो नेपालको मौलिक नमुना हो र यो मोडेललाई हिजो आज धेरै गैर-सहकारी संस्थाहरुले समेत रुचाएको पाईएको छ। यसका विशेषतालाई तल संक्षिप्तमा उल्लेख गरिएकोछ।

#### तालिका-१ साना किसान सहकारी संस्थाका विशेषता

| क्रसं | आधार | परम्परागत सहकारी संस्थाहरु | साना किसान सहकारी संस्थाहरु |
|---|---|---|---|
| १ | लक्षित वर्ग | तोक्न आवश्यक छैन। | विपन्न तथा साना किसानहरु (महिला, दलित र पिछडिएको वर्ग विशेष रुपमा) मात्र यसका सदस्य हुन सक्ने। |
| २ | कार्य क्षेत्र | जति सुकै सानो वा ठूलो क्षेत्र हुन सक्ने। | एक गाविस एक संस्था। |
| | | सहर वा गाउँ जहाँ पनि। | ग्रामीण क्षेत्रमात्र। |
| | | स्थान छनौटको सुविधा रहेको। | सबै वडामा सदस्यता हुनै पर्ने व्यवस्था रहेको। |
| ३ | सदस्य | एकै घरका धेरै जना हुन सक्ने। | एक घरधुरी एक सदस्य। |
| ४ | सदस्य संख्या | २५ जना भन्दा बढी। | ३७५ घरधुरी भन्दा बढी लक्षित वर्ग सदस्य हुनु पर्ने। |
| ५ | संगठन | सञ्चालक समिति | त्री-तहात्मक संगठनः टोल स्तरमा समूह, वडास्तरमा अन्तर समूह र गाविस स्तरमा सञ्चालक समिति रहने। |
| ६ | सहभागिता | कमजोर वर्गको नेतृत्व स्थापित हुने संस्थागत व्यवस्थाको अभाव | सर्वसाधारण साना किसानहरु नै नेतृत्वमा आउन सक्ने र विभिन्न क्रियाकलापमा सहभागि हुन सक्ने प्रणालीगत व्यवस्था रहेको। |
| ७ | कृषिमा आधारित | विविधता रहेको। | साना किसान र कृषि व्यववसायमा नै केन्द्रित रहेको। |
| ८ | सामाजिक परिचालन | बाध्यता नरहेको। | विपन्न र गरिबहरुको सामाजिक र आर्थिक रुपान्तरणका लागि सामाजिक परिचालनको अन्तरनिर्मित व्यवस्था रहेको। |
| ९ | लघुवित्त सेवा | वाध्यता नरहेको। | अनिवार्य रुपमा लघुवित्त सेवामा समर्पित। |
| १० | कृषकको बहुआयमिक संरक्षण कार्यक्रम | वाध्यता नरहेको। | सदस्य सुरक्षण, पशुधन सुरक्षण, ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता, कृषि सामाग्री आपूर्ति सेवा, कृषि बजार व्यवस्था आदि सदस्य संरक्षणका बहुआयमिक कार्यक्रम सञ्चालन। |
| ११ | मुनाफा गर्नुको उद्देश्य | लाभांश वितरण। | सामाजिक पुँजी निर्माणमा लगानी। |
| १२ | विशिष्टिकृत बैंक स्थापना | नभएको। | साना किसान सहकारी संस्थाहरुकै लगानीमा साना किसान विकास बैंकको स्थापना भएको। |
| १३ | कार्यसञ्चालनमा एकरुपता | नभएको। | नेपाल भरीका साना किसान सहकारी संस्थाहरुको कार्यसञ्चलनमा एकरुपता र हनु पर्ने विधि रहेको, जसले गर्दा एकरुपता कायम रहेको। |
| १४ | अनुगमन निरीक्षण | सहकारी विभाग। | सहकारी विभागबाट हुने अनुगमन निरीक्षणका अतिरिक्त साना किसान विकास बैंकले शुक्ष्मरुपमा अनुगमन गर्ने र उनीहरुको क्षमता विकासमा निरन्तर सहयोग गर्ने व्यवस्था रहेको। |
| १५ | मौलिक नमुना | परम्परागत अभ्यास। | साना किसान सहकारी मोडेल नेपाली माटोमा उत्पत्ति, प्रयोग र सफलतापूर्वक सञ्चालनमा रहेको मौलिक मोडेलको रुपमा स्थापित भै सकेको। अन्तर्राष्ट्रिय रुपमा "साना किसान मोडेल" चिनिएको र चर्चामा आएको। |

### १.२ साना किसान विकास बैंक

कृषि विकास बैंकको व्यावसायिक प्राथमिकतामा भएको परिवर्तन, साना किसान विकास कार्यक्रमले हासिल गरेको उपलब्धी, सरकारको दायित्व र भर्खर स्थापना भएका साना किसान सहकारी संस्थाहरुको आवश्यकताले साना किसान विकास बैंक स्थापना गर्न प्रेरित गऱ्यो ।

#### (क) साना किसानहरुको छाता संस्थाको रुपमा साना किसान विकास बैंक

साना किसान सहकारी संस्थाहरूलाई गरिबी न्यूनीकरणमा स्वस्फूर्त र दिगोरूपमा सञ्चालन हुन सक्ने तुल्याउन एवं वित्तीय तथा प्राविधिक सहयोग पुऱ्याउन कृषि विकास बैंकभित्र विशिष्ट विभागहरू स्थापना गरिए पनि कृषि विकास बैंकका बृहत् कार्यक्रमहरू एवं परिवर्तित प्राथमिकताका कारणले साना किसान विकास अभियानमा प्रशस्त योगदान पुग्न नसक्ने हो कि भन्ने चिन्ता पनि बढ्दै गयो । सक्षम र सवल स्थानीय ग्रामीण संस्था बन्न सहयोग पुऱ्याउने एवं लघुवित्त सेवाबाट वञ्चित क्षेत्रमा साना किसान सहकारी संस्था गठन गरी विपन्न तथा साना किसानहरूको आर्थिक तथा सामाजिक विकासका लागि वित्तीय पहुँच विस्तार गर्ने मात्र विशिष्ट उद्देश्य लिएर एक छुट्टै राष्ट्रिय स्तरको बैंक स्थापना हुनुपर्ने आवश्यकता महसुस गरियो । यसै सन्दर्भमा कृषि विकास बैंकको अगुवाइ र नेपाल सरकारको सहयोग एवं साना किसान सहकारी संस्थाहरुको समेत सहभागितामा वि. सं. २०५८ साल असार २२ गते साना किसान विकास बैंकको स्थापना गरियो । आरम्भमा बैंकका संस्थापक शेयरधनीहरूमा नेपाल सरकार, कृषि विकास बैंक लि., नेपाल बैंक लि.र २१ वटा साना किसान सहकारी संस्थाहरू रहेका थिए ।

यस बैंकलाई विपन्न तथा साना किसानहरुको बैंक बनाउने लक्ष्य अनुरुप प्रबन्धपत्रमा भएको व्यवस्था अनुसार नै वि. सं. २०६७/६८ मा नेपाल सरकारको स्वामित्वमा रहको शेयर विभिन्न साना किसान सहकारी संस्थाहरूलाई बिक्री गरी संस्थापक साना किसान कृषि सहकारी संस्था संख्या २३१ पुग्यो । हाल कृषि विकास बैंक लि., नेपाल बैंक लि. र २३१ वटा साना किसान सहकारी संस्थाहरूको स्वामित्वमा करिब ७०% संस्थापक शेयर छ भने सर्वसाधारण शेयरधनीहरूको करिब ३० % शेयर स्वामित्व रहेको छ ।

#### (ख) कृषि विकास बैंकबाट साना किसान विकास बैंकमा कारोबार हस्तान्तरण

कृषि विकास बैंकद्वारा प्रवर्द्धन गरिएका २१० वटा साना किसान सहकारी संस्थाहरूको उक्त बैंकसँगको ऋण कारोबार वि. सं.२०६३ सम्ममा क्रमशः साना किसान विकास बैंकमा सारियो। साना किसान सहकारी संस्थाहरूले कृषि विकास बैंकलाई तिर्न बाँकी कर्जा सापट साना किसान विकास बैंकलाई तिर्नुपर्ने र अब उप्रान्त साना किसान सहकारी संस्थाहरूलाई आवश्यक पर्ने कर्जा सापट साना किसान विकास बैंकले उपलब्ध गराउने व्यवस्था मिलाइयो । कृषि विकास बैंकले साना किसान कृषि सहकारी संस्थाहरुमा बाँकी रहेको डेढ अर्ब भन्दा बढी कर्जा रकम साना किसान विकास बैंकलाई हस्तान्तरण गरेकोमा यस बैंकले उक्त रकम भुक्तानी गरिसकेको छ ।

#### (ग) साना किसान विकास बैंकको स्वायत्त व्यवस्थापन

कृषि विकास बैंकले साना किसान विकास बैंकको स्थापनादेखि नै महाप्रबन्धक एवं दक्ष कर्मचारीहरू काजमा पठाई यसको व्यवस्थापन गर्दै आएको थियो । वि. सं. २०६६ मा खुला प्रतिस्पर्धाका आधारमा प्रमुख कार्यकारीको व्यवस्था गरियो । खुला प्रतिस्पर्धाबाट यस बैंकमा छानिनु भएका प्रथम प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्माले यस बैंकमा ८ वर्ष निरन्तर सेवा गर्नु भई मिति २०७४ भाद्र १३ बाट अवकास लिनु भयो । वि. सं. २०६७ मा यस बैंकको सञ्चालक समितिको अध्यक्ष पदमा पहिलोपटक साना किसान सहकारी संस्थाका प्रतिनिधिको चयन भयो । त्यस यताका ७ वर्ष अध्यक्ष खेम बहादुर पाठकले निरन्तर यस बैंकको नेतृत्व गर्दै आउनु भएको छ । कृषि विकास बैंकबाट आउनुभएका कर्मचारीहरू क्रमशः फिर्ता भई आवश्यक सङ्ख्यामा कर्मचारीहरू भर्ना गर्न थालियो । वि. सं.२०६९ मा सर्वसाधारणमा शेयर निष्काशन भए पश्चात् पूर्ण सङ्ख्याको सञ्चालक समिति गठन भयो ।

यसरी साना किसान विकास कार्यक्रमको उपजको रुपमा स्थापित साना किसान विकास बैंक २०६७ साल देखि स्वायत्त व्यवस्थापनमा पूर्ण जिम्मेवारीका साथ प्रभावकारी परिणाम निकाल्न सफल भएको छ । यसको सानो उदाहरण बैंक स्थापना देखिको ८ वर्षमा कुल कर्जा रु.१ अर्ब ११ करोड कर्जा लगानीमा रहेको अवस्थाबाट नयाँ व्यवस्थापन स्थापना पश्चात्का ८ वर्षहरुमा ११६०% ले बृद्धि भई २०७४ असार मसान्तमा रु.१३ अर्ब ९९ करोड पुगेको छ । आबद्ध परिवार सङ्ख्या १ लाख ६० हजारबाट बृद्धि भई ६ लाख ५० हजार नाघेको छ । वार्षिक रु.१ करोड ९० लाख खुद मुनाफा गर्ने यो संस्था रु.३३ करोड ६ लाख खुद मुनाफा गर्न सक्ने भएको छ ।

#### (घ) बैंकको उद्देश्य तथा कार्यहरु

१. बैंकको उद्देश्य (Objectives)

राष्ट्रियस्तरको लघुवित्त विकास बैंकको मान्यता अनुरुप साना किसान सहकारी संस्था तथा समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरुलाई कर्जा लगानी गर्न आवश्यक थोककर्जा लगानी गर्ने यस बैंकको प्रमुख उद्देश्य रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

- नेपालको ग्रामीण क्षेत्रका साना किसान सहकारी संस्थाहरु र गरिबी निवारणमा संलग्न समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरुलाई थोक कर्जा र पटके कर्जा प्रदान गर्ने ।
- नेपाल राष्ट्र बैंकको मार्गदर्शन अनुरुप सहकारी संस्था तथा लघुवित्त संस्थाहरुको कारोबारको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।
- लघु व्यवसाय एवं ग्रामीण वित्त बजारको विकास, विस्तार, प्रवर्द्धन र सुदृढीकरण गर्ने तथा वित्तीय एवं प्राविधिक सहयोग उपलब्ध गराउने र आवश्यक सीप तथा क्षमता विकासका तालिम उपलब्ध गराउन सहयोग पुऱ्याउने ।
- संस्थाहरुको संस्थागत एवं मानव संसाधन विकास गर्न

### चित्र नं. -१ साना किसान विकास बैंकको वित्तीय स्रोत व्यवस्थापन




आवश्यक सहयोग गर्ने ।

- संस्थाहरु मार्फत ग्रामीण जनताको आम्दानी एवं रोजगारीका अवसरमा अभिवृद्धि गरी गरिबी निवारण सम्बन्धी कार्यमा सघाउ पुऱ्याउने ।
- मुलुकमा छरिएर रहेको पुँजीलाई एकिकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

### ५. बैंकका कार्यहरु (Functions)

यस बैंकले हालसम्म निम्न क्रियाकलापलाई आफ्नो कार्यक्षेत्रको रुपमा लिएको छ ।

- साना किसान सहकारी संस्था लगायत अन्य यस्तै प्रकृतिका लघुवित्त संस्थाहरुलाई छोटो र मध्यम अवधिको थोककर्जा र पुनरकर्जा प्रदान गर्ने ।
- नेपाल सरकार तथा दातृसंघ/संस्थाहरुबाट प्राप्त स्रोत परिचालन गरी संस्थाहरु मार्फत सामाजिक तथा सामुदायिक कार्यक्रम संचालनमा सहयोग पुऱ्याउने ।
- आबद्ध संस्थाहरुको सांगठनिक तथा वित्तीय सक्षमता विकासको लागि आवश्यक वित्तीय सहयोग पुऱ्याउने ।
- संस्थाहरुको सबलीकरणका लागि नियमित परामर्श सेवा तथा अन्य प्राविधिक सहयोग पुऱ्याउने ।
- आबद्ध संस्थाहरुको वित्तीय कारोबार लगायत समग्र क्रियाकलापको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने /गराउने ।
- विद्यमान साना किसान सहकारी संस्थाहरुलाई सेवा नपुगेका अन्य स्थानमा समान प्रकृतिका संस्थाहरु निर्माण गर्न साना किसान सहकारी अनुसरण (SFCL Replication) कार्यक्रम संचालन गर्ने कार्यमा अभिप्रेरित, प्रोत्साहन र सहयोग गर्ने ।
- लघुवित्त सम्बन्धी अन्य देशमा संचालित असल अभ्यासको खोजी गरी आबद्ध संस्थाहरुमा समेत संचालन गर्न अभिप्रेरित गर्ने ।
- संस्थाहरुको वित्तीय सक्षमता र दिगोपनालाई अभिवृद्धि गर्न आवश्यक रणनीति अवलम्बन गर्ने/गराउने ।
- ग्रामीण विकास लघुवित्तको सफल अवधारणा तथा प्रारुपलाई अरु संस्थामा समेत लागू गराउने ।
- नेपाल राष्ट्र बैंकको मार्गदर्शन अनुरुप बैंकको वित्तीय सूचकाङ्क कायम गर्दै संस्थागत सुशासनमा रहने ।

### १.३ व्यावसायिक प्रकृया

#### (क) स्रोत व्यवस्थापन

साना किसान विकास बैंकले बजारबाट निक्षेप ग्रहण नगर्ने भएकोले बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त हुने विपन्नवर्ग कर्जा नै यसको प्रमुख वित्तीय स्रोत हो । नेपाल सरकारले विगत ५ वर्षदेखि उपलब्ध गराउँदै आएको मासुजन्य तथा दुग्धजन्य (पशुपालन कर्जा) यसको अर्को मुख्य वित्तीय स्रोत हो । यसका अतिरिक्त बैंकको आफ्नै पुँजी शेयरपुँजी, जगेडा, संचित मुनाफा र अन्य अनुदानबाट पनि पुँजी व्यवस्थापन गर्दै आएको छ ।

#### (ख) बैंकको सेवा प्रवाह संरचना

साना किसान विकास बैंकले साना किसान कृषि सहकारी संस्थाहरु तथा अन्य सहकारी संस्थाहरुलाई थोककर्जा तथा पुनःकर्जा सेवा उपलब्ध गराउँछ । यो बैंकले ९ वटा इलाका तथा काठमाडौंमा रहेको एकाई कार्यालय मार्फत सेवा उपलब्ध गराउँदै आएको छ । संस्थाहरुको अनुगमन, निरीक्षण तथा कर्जा प्रवाह गर्नका लागि सबै कार्यालयहरु जिम्मेवार छन् । वर्तमानमा बैंकले साधारण लघुकर्जा र विशेष कर्जा प्रवाह गर्दै आएको छ । विशेष कर्जा अन्तर्गत पशुपालन कर्जा, नविकरणीय उर्जा र भुकम्प प्रभावित क्षेत्रहरुका लागि विशेष कर्जा प्रमुख रहेका छन् । संस्थाहरुले यस बैंकबाट प्राप्त कर्जाहरुलाई लघुवित्त क्षेत्रमा प्रयोग हुने गरी अन्तिम उपभोक्तासम्म पुऱ्याउँदछन् ।

यसका अतिरिक्त विपन्न तथा साना किसानहरुको संस्थागत क्षमता तथा सामाजिक सवलीकरणका लागि बैंकले सरकार तथा अन्य दातृसंस्था र साना किसान संस्थाहरुको बिचमा रहेर पुलको काम पनि गर्दै आएको छ । साना किसान सहकारी अनुसरण कार्यक्रम मार्फत देशका विभिन्न ग्रामीण समुदायका महिला, दलित मधेशी जनजाति र अन्य पिछडिएका वर्गलाई सेवा पुऱ्याउँदै आएको छ ।

चित्र नं. -२ साना किसान विकास बैंकको सेवा प्रवाह संरचना




## (ग) बैंकसँग अवद्धता

अ. आवद्धता अनिवार्य हुनुपर्ने : साना किसान विकास बैंकसँग कारोबार गर्न ईच्छुक लघुवित्त संस्थाहरुले बैंकको कारोबारमा आवद्धताका लागि आवेदन गर्नु पर्छ । त्यसता संस्थाहरुको कानुनी, वित्तीय, व्यवस्थापकीय तथा सुशासनका विषयमा बैंकले संस्थागत परीक्षण गर्दछ । संस्थागत परीक्षण गर्दा कुनै कमी कमजोरीहरु पाईएमा सो सुधार भैसकेपछि मात्र बैंकले संस्थाहरुलाई आवद्ध गर्ने र बैंकका सेवाहरुमा सरिक गराउने कार्य गर्दछ ।

आ. आवद्धताकालागि मापदण्डहरु : देहाय अनुसारका वित्तीय तथा सुशासन सम्बन्धी सूचकका निर्धारित मापदण्डहरु पुरा गरेपछि मात्र बैंकले संस्थाहरुलाई आवद्ध गरी कर्जा कारोबारमा सरिक गराउँछ ।

१. वित्तीय सुचक: यस बैंकमा आवद्ध हुन चाहने संस्थाहरुले २ वर्ष भित्र पुँजी कोष ८% भन्दा बढी पुऱ्याउनु पर्छ भने कुल लगानीमा कम्तिमा ३०% आन्तरिक स्रोत परिचालन गर्न सकेको हुनु पर्छ । सञ्चालन स्वसक्षमता १००% भन्दा कम र नेटवर्थ नकारात्मक भएका संस्थालाई बैंकले आवद्ध गर्दैन । कर्जा असुली दर ९०%, ईक्वीटीमा प्रतिफल दर १% भन्दा बढी र शिरोभार खर्च लगानीको ५% भन्दा कम हुन आवश्यक छ । त्यसै गरी विगत वर्षहरुमा कम्तिमा पनि १०% को दरमा लगानी बृद्धि हासिल गर्न सक्षम संस्थाहरुमात्र यस बैंकका साझेदार हुन सक्ने गरी आधारभुत वित्तीय सूचकहरु निर्धारण गरिएको छ ।

२. सुशासन सुचक: दोहोरो लेखा प्रणाली अनुरुप हिसाव राखेका, ३ देखि ५ वर्ष अवधिको लागि व्यावसायिक योजना तर्जुमा गरी लागु गरेका, कर्मचारी/सञ्चाक/शेयर सदस्यहरुले संस्थामा

तोकिएको सिमा भन्दा बढी कर्जा नलिएका, कर्मचारी/सञ्चालक/शेयर सदस्य तथा तिनका परिवारका सदस्यहरुले कर्जा अनुशासन पालना गरेका, विगत दुई वर्षदेखि लक्षित वर्गमा लघुवित्त सेवा प्रदान गर्दै आएका, सञ्चालकहरु तथा कर्मचारीहरु अरु कुनै पनि वित्तीय संस्थाबाट कालोसूचीमा नपरेका एवं तिनको नाममा संस्थामा १ महिना भन्दा बढिको पेश्की बाँकी नरहेका संस्थाहरुले सुशासन सुचक पुरा गरेको मानिन्छ ।

आवद्धता तथा कर्जा स्वीकृत गर्ने प्रकृयालाइ तलको चित्रमा देखाउन सकिन्छ ।

### (घ) कर्जा लगानी व्यवस्था

अ. थोक कर्जा प्रदायक : लघुवित्त क्षेत्रका लागि थोक कर्जा प्रवाह गर्ने कार्य नै यस बैंकको प्रमुख व्यवसाय हो । यसले साना किसान सहकारी संस्थाहरु तथा अन्य समान प्रकृतिका सहकारी संस्थाहरुलाई लघुवित्त प्रयोजनका लागि थोक कर्जा प्रवाह गर्दछ । लगानीलाई व्यवस्थित गर्न कर्जा नीति, कार्यविधि, मापदण्ड तर्जुमा गरिएका छन् । यी नीति नियम र कार्यविधिहरु प्रचलित कानून एवं केन्द्रीय बैंकको निर्देशन एवं लघुवित्तका मान्यता र अभ्यास अनुरुप रहेकाछन् । यस बैंकबाट कर्जा लैजाने संस्थाहरुले कर्जा उपयोगको विवरण भरी बैंकलाई अनिवार्य रुपमा पठाउनु पर्ने हुन्छ ।

आ. लक्षित समुदाय (जनसंख्या) : संस्थाहरुले तपसिल बमोजिमका समुदायमा कर्जा प्रवाह गर्नु पर्ने व्यवस्था रहेको छः

- पहाड वा तराइमा १५ रोपनी र तराइमा १ विगाहा भन्दा कम जग्गा भएको
- नियमित आम्दानी नभएका र अत्यन्त कठिन वर्गका जिवन निर्वाह गरिरहेको व्यक्ति वा परिवार
- अन्य बैंक वित्तीय संस्था तथा सरकारी कर्जा बाँकी नभएको व्यक्ति तथा परिवार
- दलित, मधेशी, पिछडिएका वर्ग, महिला तथा लघुउद्यमहरु ।

इ. धितोसम्बन्धी व्यवस्था : साना किसान सहकारी संस्था तथा अन्य सहकारी संस्थाहरुले कर्जा प्राप्त गर्नका लागि उपरोक्त मापदण्डहरु पुरा गरेको हुनुपर्दछ । बैंकले कर्जा प्रवाह गर्दा संस्थाहरुसंग कुनै धितो लिँदैन तर यसले संस्थाका सञ्चालकहरुको व्यक्तिगत जमानी तथा संस्थागत जमानी आवश्यक मान्दछ । तर कर्जा प्राप्त गर्ने संस्थाहरुले ग्राहक सुरक्षण कोषमा कम्तिमा ५ प्रतिशत रकम सुरक्षणको रुपमा अनिवार्य रुपमा राख्नुपर्ने हुन्छ जसमा बैंकले एउटा निश्चित व्याजदरमा व्याज प्रदान गर्दछ । कर्जा प्राप्त गर्ने संस्थाहरुले आफ्ना ग्राहक संस्थाहरुसँग ग्राहक सुरक्षण कोष लिन स्वतन्त्र छन् ।

ई कर्जा स्विकृत सिमा : बैंकले कर्जा स्विकृती प्रकृयालाई इलाका तथा एकाई कार्यालय लाई ११ करोड सम्म र केन्द्रीय कार्यालयलाई १५ करोड सम्म कर्जा स्विकृत गर्न सक्ने अधिकार छ । सो भन्दा माथिको स्विकृतिको लागि संचालक समितिको पुर्व स्विकृति लिनु जरुरी छ ।

उ. ऋण स्विकृत गर्न सक्ने सिमा : बैंकले देशका विभिन्न भागमा स्थापित इलाका कार्यालयहरु तथा एकाई कार्यालयहरुबाट विभिन्न जिल्लामा स्थापित सहकारीहरुलाई सेवा दिदै आएका छन् । आवश्यक कर्जा प्रवाहको लागि संस्थाहरुको कर्जाको लागि तततत कार्यालयमा सम्पर्क राख्नुपर्ने हुन्छ । ऋण स्विकृतिका लागि प्रत्येक कार्यालयमा एउटा ऋण समिति बनाइएको हुन्छ । सो ऋण समितिले ऋण स्विकृति गर्ने या नगर्ने अधिकार राख्दछन् । इलाका/इकाइमा प्राप्त अधिकार भन्दा माथिको ऋण माग आएको खण्डमा सोको स्विकृतिको लागि माथिल्लो कार्यालय अर्थात केन्द्रीय कार्यालयमा पठाउनुपर्ने हुन्छ ।

**चित्र नं. -३ आवद्धता तथा कर्जा स्वीकृत गर्ने प्रकृया**



### तालिका नं. २ कार्यालय अनुसार ऋण स्वीकृत गर्ने सीमा

| क्र. सं. | ऋण स्विकृती | इलाका कार्यालय | केन्द्रीय कार्यालय |
|---|---|---|---|
| १ | प्रथम आवृत्ति | २५-५० लाख | १ करोड ५० लाख |
| २ | दोस्रो आवृत्ति | ९-१० करोड | १५ करोड |
| ३ | त्यस पछि | ११ करोड | १५ करोड |

(ऊ) बैंक बाट उपलब्ध गराइएका कर्जाका प्रकारहरुः

साना किसान विकास बैंकले विभिन्न प्रकारका कर्जाहरु उपलब्ध गराउदै आएको छ। (क) लघुवित्त थोक कर्जा (ख) पशुपालन कर्जा (ग) नविकरणीय उर्जा कर्जा (घ) भुकम्प प्रभावित क्षेत्रका लागि जिविकोपार्जन कर्जा । जसका देहाय बमोजिमका विशेषताहरु छन् :

१. लघुकर्जा : ग्रामीण समुदायका महिला, दलित, विपन्न वर्गलाई लघुवित्त सेवाको विस्तार गर्न आवश्यक पर्ने पुँजीलाई लघुकर्जाको रुपमा बैंकले साना किसान सहकारी संस्थाहरु र अन्य सहकारी संस्थाहरुलाई थोक कर्जाको रुपमा लघुकर्जा उपलब्ध गराउदछ । आफ्नो पुँजी अपर्याप्त भई ऋण लगानीमा समस्या भएमा संस्थाहरुले आवश्यकता अनुसार यो कर्जा माग गर्न सक्दछन् ।

२. मासुजन्य/दुग्धजन्य(पशुपालन) कर्जाः नेपाल सरकार को सहयोगमा बैंकले पशुपालन कर्जा कार्यक्रम शुरुवात गरेको छ । मासुजन्य पदार्थको उत्पादन वृद्धि गर्नका लागि तथा मासुको आयातलाई प्रतिस्थापन गर्नको लागि बैंकले यो कर्जा अगाडि बढाएको हो । शुरुमा मासुजन्यमा मात्र लगानी गरिएको यो कर्जा अघिल्लो वर्षदेखि दुग्धजन्य (गाई) पालनमा पनि लगानी गर्न थालिएको छ। किसानले नै ९ प्रतिशत व्याजदरमा कर्जा प्राप्त गर्ने गरि साना किसान सहकारी संस्थाहरु मार्फत् यो कर्जा उपलब्ध गराउदै आइएको छ। २०६७ सालदेखि शुरुवात भएको यो कर्जा २०७४ साल आषाढसम्म ६ अरव ५० करोड नेपाल सरकारबाट ल्याएर साना किसानमा पुऱ्याइएको छ ।

३. नविकरणीय उर्जा कर्जा : युएनसिडिएफको प्राविधिक सहयोगमा बैंकले २०७१ सालदेखि नविकरणीय उर्जा कर्जा पनि साना किसान सहकारी संस्थाहरुलाई उपलब्ध गराउदै आएको छ । साना किसानको घर उज्यालो घर, धुवाँमुक्त घर भन्ने नाराका साथ यो कर्जा उपलब्ध गराइएको छ। यो कार्यक्रमको अवधि ३ वर्षको राखिएको छ। वायो ग्याँस, सुधारिएको चुल्हो र सोलारको स्थापनाका लागि यो कर्जा उपलब्ध गराइएको छ ।

४. भुकम्प प्रभावित क्षेत्रका लागि विशेष कर्जा : वि.सं. २०७२ को प्रलयकारी भुकम्पबाट प्रभावित क्षेत्रका साना किसानहरुको आयआर्जन क्षमतामा परेको प्रतिकुल परिस्थितिमा टेवा पुऱ्याउने उद्देश्यले तीन जिल्ला लाई लक्षित गरी नेपाल सरकार एवं एसियाली विकास बैंकको सहयोगमा २०७३ सालदेखि साना किसान सहकारी संस्थाहरु मार्फत जिवीकोपार्जन कर्जा प्रदान गर्दै आएको छ ।

५. स्वरोजगार कर्जाः युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग भएको सम्झौता बमोजिम यस बैंकले २०६८ सालदेखि युवा तथा साना व्यवसायीलाई लक्षित गरी स्वरोजगार कर्जा सञ्चालन गर्दै आएकोमा हाल यो कर्जा प्रवाह निश्क्रिय भएको छ ।

६. सहकारी चिया उद्योगका लागि कार्यशील पुँजी कर्जाः मूल्य श्रृङ्खलामा साना किसानको पहुँच अभिवृद्धि गर्ने उद्देश्यल नेपाल सरकार, अर्थमन्त्रालयको निर्देशन बमोजिम साना किसान सहकारी चिया उद्योगलाई कार्यशिल पुँजी प्रदान गरिदैआएको छ ।

(ए) व्याज निर्धारक तथा कर्जाको व्याज दरः

यस बैंकका ग्राहक सहकारी संस्थाहरूको सङ्ख्या वृद्धि हुँदै गएको, व्यावसायिक आकार पनि वृद्धि भएका एवं प्रतिस्पर्धीहरुको संख्या पनि वृद्धि भएकाले कर्जाको माग सम्बोधन गर्नु, त्यसको प्रभावकारी अनुगमन तथा निरीक्षण गर्नु, कर्जाको गुणस्तरीयता कायम राख्नु, लाभ-लागत सन्तुलन मिलाउनु, माग अनुमान गर्नु एवं वित्तीय स्रोतको सुनिश्चितता प्राप्त गर्नु जस्ता कार्यहरू जटिल बन्दै गएका छन् । पुँजीको उपलब्धता, कर्जाको सुरक्षण, कर्जाको लागतमा वृद्धि, लघुवित्त क्षेत्रको बढ्दो प्रतिस्पर्धा आदिको कारण उत्पन्न हुने असरहरूबाट यो बैंकसमेत अछुतो रहन सक्तैन। वित्तीय बजारमा तरलताको अवस्था, बजारको व्याजदर, पुँजीको प्रभावकारी परिचालन, ग्राहक संस्थाहरूको वित्तीय अवस्था, बैंकको कार्यकुशलता र साख नै व्याजदरलाई प्रभाव पार्ने मुख्य तत्वका रूपमा रहेका छन् । प्रभावकारी वितरण प्रणाली स्थापना गर्न सकेमा विपन्न तथा साना किसानहरूमा लघुवित्त सेवामार्फत पनि कम व्याजदरमा कर्जा प्रवाह गर्न सकिन्छ भन्ने बैंकको मान्यता रहेको छ । यसैले बैंक समय-समयमा व्याजदर परिमार्जन गर्ने र त्यसको प्रभाव साना किसानहरूले महसुस गर्न पाउने व्यवस्था कायम गर्न सजग रहेको छ । हाल यस बैंकले प्रवाह गर्ने लघुकर्जामा वार्षिक ११%, मासुतथा दुग्धजन्य पशुपालन कर्जामा ५%, नवीकरणीय ऊर्जा कर्जामा १०% तथा जिविकोपार्जन कर्जामा २% को दरले व्याज लिने व्यवस्था रहेको छ । प्रतिवेदन मितिमा कायम रहेको कर्जा व्याजदर तालिका नं- ३ मा प्रस्तुत छ।

**तालिका नं. ३ कर्जाका प्रकार, व्याजदर र अवधि**

| क्रसं | प्रकार | व्याज दर | छुट | ग्रेस अवधि | साँवा भुक्तानी | व्याज भुक्तानी | किस्ता | अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | लघुकर्जा | ११.२५ % | ०.२५% | - | त्रैमासिक | मासिक | बराबर | २ वर्ष |
| २ | पशुपालन कर्जा (नेपाल सरकार स्रोत) | ९% | ४% | ६ महिना | त्रैमासिक | मासिक | बराबर | ३ वर्ष |
| ३ | नविकरणीय उर्जा कर्जा | १०.२५% | ०.२५% | ६ महिना | त्रैमासिक | मासिक | बराबर | ३ वर्ष |
| ४ | जिवीकोपार्जन कर्जा (ए.डी.बी. स्रोत) | २ % | - | ६ महिना | त्रैमासिक | मासिक | बराबर | ३ वर्ष |
| ५ | सहकारी चिया उद्योगका लागि कार्यशील पुँजी कर्जा (नेपाल सरकार स्रोत) | ९% | ४% | १ वर्ष | अर्धवार्षिक | मासिक | बराबर | ६ वर्ष |

*नोटः - क.सं. १ को २०७३/११/१, देखि क.सं. २ को मिति २०६७/१०/२८ , क.सं. ३ को २०७३/११/१ देखि, क.सं. ४ को मिति २०७३/३/१५ देखि, क.सं. ५ को मिति २०७१/३/२१ गते देखि लागू भएको ।*

## २. विगत वर्षहरूको वित्तीय अवस्था

स्थापनाकाल देखि नै मुनाफामा रहेको यस बैंकले विगत वर्षहरुमा झैं आ.व. २०७३/७४ मा पनि उत्साहजनक आर्थिक उपलब्धि हासिल गरेको छ। यस अवधिमा बैंकले गरेको आर्थिक कारोबारको सङ्क्षिप्त विवरण निम्नानुसार उल्लेख गरिएको छ।

### २.१ कर्जाकारोबार एवं गुणस्तर

आबद्ध साना किसान सहकारी संस्था र समान प्रकृतिका अन्य लघुवित्त कारोबार गर्ने संस्थाहरूलाई थोक कर्जा सुविधा उपलब्ध गराउनु नै यस बैंकको प्रमुख व्यवसाय हो। यसै क्रममा बैंकले आ.व. २०७२/७३ मा रु.९ अर्ब ७९ करोड ७९ लाख कर्जा लगानी गरेकोमा आ. व. २०७३/७४ मा २२.२०% ले बृद्धि गरी रु.११ अर्ब ९७ करोड ३५ लाख लगानी गर्न सफल भएको छ। सावाँ असुली तर्फ अघिल्लो आ.व.मा रु. ६ अर्ब ८६ करोड ५ लाख भएकोमा प्रतिवेदन वर्षमा ३१.३७% ले बृद्धि भई ९ अर्ब १ करोड २७ लाख पुगेको छ। आ.व.२०७२/७३ को अन्तमा लगानीमा रहिरहेको कुल रकम रु. ११ अर्ब ३ करोड ४१ लाख रहेकोमा २६.८३% ले बृद्धि भई प्रतिवेदन वर्षमा १३ अर्ब ९९ करोड ४९ लाख पुगेको छ।

निष्क्रिय कर्जा आ. व. २०७२/७३ मा रु.८२ लाख ५४ हजार (कुल कर्जाको ०.०७%) रहेकोमा आ.व. २०७३/७४ मा रु. १ करोड २९ लाख ९५ हजार (कुल कर्जाको ०.०९%) पुगेको छ। यसरी कुल लगानीमा रहिरहेको रकमको ०.०९% मात्र निष्क्रिय कर्जा रहे तापनि बैंकद्वारा १.५६% ले हुने रकम व्यवस्था गरी असल कर्जाका लागि १% का अतिक्ति झण्डै ०.५६% थप कर्जा नोक्सानी व्यवस्था गरिएको छ। आ. व. २०७२/७३ मा रु. २६ हजार ब्याज उठाउन बाँकी रहेकोमा आ. व.२०७३/७४ को अन्तमा आईपुग्दा यसमा वृद्धि भई रु.१ लाख ९१ हजार पुगेको हुँदा असुलीदरमा ०.०७% ले नकारात्मक प्रभाव पर्न गई ९९.८७% कायम हुन पुगेको छ।

**तालिका - ४ः कर्जा लगानी असुली तथा कर्जाको गुणस्तर** (रु.हजारमा)

| क्र. सं. | विवरण | आ.व. ६८/६९ | आ.व. ०६९/७० | आ.व. ०७०/७१ | आ.व. ०७१/७२ | आ.व. ०७२/७३ | आ.व. ०७३/७४ | २०७४ कार्तिक |
|---|---|---|---|---|---|---|---|---|
| १ | कर्जा लगानी | २६७३७७३ | ३३०९०९१ | ५१३५५४३ | ७४८३४२१ | ९७९७९१५ | ११९७३४९८ | २८८८१५० |
| २ | कर्जा असुली | १८७५०९३ | २३५२५८२ | ३४०१९८३ | ४७५२९०२ | ६८६०५३९ | ९०१२६८७ | २३८५५२९ |
| ३ | कर्जा असुली र लगानीको अनुपात | ७०% | ७१% | ६६% | ६४% | ७०% | ७५% | ८३% |
| ४ | लगानीमा रहिरहेको रकम | २६७६१५९ | ३६३२६६६ | ५३६६२२६ | ८०९६७५० | ११०३४१२६ | १३९९४९३५ | १४४९७५५८ |
| ५ | कारोबार बृद्धि % | ४३% | ३६% | ४८% | ५१% | ३६% | २७% | ४% |
| ६ | निष्क्रिय कर्जा रकम | २८७१९ | २३४३१ | ६१०० | १३७६६ | ८२५४ | १२९९५ | २८१६८ |
| ७ | निष्क्रिय कर्जा % | १.०७% | ०.६५% | ०.११% | ०.१७% | ०.०७ % | ०.०९% | ०.१९ |
| ८ | जोखिम कोष व्यवस्था रकम | ५५९०७ | ६०२३५ | ६०४१३ | ११५३०८ | १८३६२० | २१९१०८ | |
| ९ | जोखिम कोष व्यवस्था % | २.०९% | १.६६% | १.१३% | १.४२% | १.६६% | १.५७% | |
| १० | कुल संस्था सङ्ख्या | २९१ | ३९१ | ४२८ | ५१० | ६०२ | ६५५ | ६५९ |
| ११ | प्रतिसंस्था औसत कर्जा रकम | ९१९६ | ९२९१ | १२५३८ | १५८७६ | १८३२९ | २१३६६ | २१९९९ |
| १२ | कर्जा असुली दर % | ९८.६१% | ९९.४७% | ९९.७८% | ९९.९१% | ९९.९४% | ९९.८७% | ९८.९८% |

### २.२ तिर्न बाँकी रहेको कर्जा तथा सापटी विवरण

बैंकले विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट विपन्न क्षेत्र कर्जा प्राप्त गरी स्रोत व्यवस्थापन गर्दै आएको छ । वार्षिक लगभग २५% का दरले कर्जा तथा सापटमा बृद्धि हुनुबाट यस बैंकले वित्तीय बजार मा राम्रो विश्वास आर्जन गर्न सकेको पुष्टि हुन्छ । ग्राहक संस्थाहरुले आफुले लिएको कर्जाको न्यूनतम ५% ले हुने रकम ग्राहक सुरक्षणकोष वापत राख्नु पर्ने व्यवस्था रहेकोमा झण्डै ७% को हाराहारीमा उक्त रकम मौज्दात रकेको देखिन्छ । आ.व. २०७२/७३ मा कुलसापटीको औसत ब्याज खर्चदर २.८९% रहेकोमा आ. व. २०७३/७४ मा ०.९९% बिन्दुले बृद्धि भई ३.८८% मा कायम हुन पुगेको छ । प्राप्त वित्तीय स्रोतहरू (कर्जा सापटी) र पुँजीको लागतदर तालिका - ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका -५: तिर्न बाँकी रहेको सापटी विवरण** (रु.हजारमा)

| क्र. सं. | विवरण | २०६८ असार | २०६९ असार | २०७० असार | २०७१ असार | २०७२ असार | २०७३ असार | २०७४ असार | २०७४ कार्तिक |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | तिर्न बाँकी कर्जा सापट (स्रोतअनुसार) | | | | | | | | |
| | (क) नेपाल सरकार | १०९०००० | १५७५००० | १३९५००० | १७१५००० | २५५०००० | ४२००००० | ५६८८५०० | ६१८८५०० |
| | (ख) नेपाल राष्ट्र बैंक | २०८३९ | १०४१६ | ९३३२ | ८२४८ | ७१६४ | ६०८० | ४९९६ | ४९९६ |
| | (ग) बैंक तथा वित्तीय संस्थाहरू | १०४४२५४ | १६२२०३२ | २३८४९७९ | ३५००२९५ | ४६२२६६६ | ५४६४११३ | ६१८२२५४ | ६६५६५८१ |
| २ | आबद्ध संस्थाहरूबाट सुरक्षण कोष | ११३१९० | १८५७०० | २४९०८८ | ३९३२६१ | ५४५४०५ | ७५६७७८ | ९८५९१० | ९०८७९५ |
| ३ | जम्मा सापटी र सुरक्षण कोष | २२६८२८३ | ३३९३१४८ | ४०३८३९९ | ५६१६८०४ | ७७२५२३५ | १०४२६९७१ | १२८६१६६० | १३७५८८७२ |
| ४ | सापटीको औसत लागत दर (% मा) | ६.५६% | ६.२०% | ५.२९% | ४.६४% | २.९९% | २.८९% | ३.८८% | ५.५२% |
| ५ | सापटीमा औसत बृद्धि दर (% मा) | | ४९.५९% | १९.०२% | ३९.०८% | ३७.५४% | ३४.९७% | २३.३४% | ४.९८% |

### २.३ ब्याज आम्दानी तथा ब्याज खर्च अवस्था

कर्जा लगानीमा भएको बृद्धिका कारण आ.व. २०७२/७३ मा बैंकले कर्जाबाट रु. ७५ करोड ७ लाख ब्याज आम्दानी गरेकोमा आ.व. २०७३/७४ मा ४५% ले बृद्धि गरी रु. १ अरब ९ करोड १ लाख ब्याज आर्जन गर्न सफल भएको छ । आ.व. २०७२/७३ मा रु. २६ करोड २७ लाख कर्जामा ब्याज खर्च भएकोमा आ.व. २०७३/७४ मा ७२% ले बढेर रु. ४५ करोड १५ लाख पुगेको छ । बैंकको औसत ब्याज आम्दानी दर ७.५९% बाट बढेर प्रतिवेदन वर्षमा ८.५७% हुन पुगेको छ भने औसत ब्याज खर्चतर्फ पनि २.८९% बाट बढेर ३.८८% हुन पुगेको छ । ब्याज आम्दानी तथा ब्याज खर्चको सङ्क्षिप्त विवरण तालिका - ६ मा देखाइएकोछ ।

**तालिका-६: ब्याज आम्दानी तथा ब्याज खर्च** (रु.लाखमा)

| क्र. सं. | विवरण | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
| १ | ब्याज आम्दानी | २३३३ | २८४८ | ३६१० | ५३०९ | ७५०७ | १०९०१ |
| २ | ब्याज आम्दानी बृद्धि (ह्रास) % | ५२% | २२% | २७% | ४७% | ४२% | ४५% |
| ३ | ब्याज खर्च | १३६६ | १३९० | १५६५ | १७५२ | २६२७ | ४५१४ |
| ४ | ब्याज खर्च बृद्धि (ह्रास) % | ४४% | २% | १३% | ६% | ५०% | ७२% |
| ५ | औसत लरर | २२७६८ | ३१५४४ | ४४९९४ | ६७३१५ | ९५६५४ | १२५१४५ |
| ६ | औसत ब्याज आम्दानी दर % | ११.५३% | १०.३५% | ९.०६% | ७.८९% | ७.५९ | ८.५७ |
| ७ | लिएको औसत कर्जा रकम | २६८१३ | ३४९८४ | ४५०६४ | ६६७१० | ८४२५० | १०८०९८ |
| ८ | औसत कर्जा/ब्याज खर्च % | ६.२०% | ५.२९% | ४.६४% | २.९९% | २.८९% | ३.८८% |

### २.४ कर्मचारी तथा अन्य सञ्चालन खर्च

आ.व. २०७२/७३ मा कर्मचारी खर्च रु.४ करोड ३२ लाख रहेकोमा प्रतिवेदन वर्षमा २५ प्रतिशतले बृद्धि भई रु.५ करोड ३८ लाख पुगेको छ । दरबन्दी अनुसार कर्मचारी भर्ना हुन नसकेका कारण प्रक्षेपण अनुसार खर्च हुन सकेको छैन । यसै गरी प्रशासनिक खर्च तर्फ आ. व. २०७२/७३ मा रु. २ करोड ७५ लाख रहेकोमा प्रतिवेदन वर्षमा २५ प्रतिशतले बृद्धि भई रु.३ करोड १९ लाख पुगेको छ । विगतका वर्षहरूदेखि भएको कर्मचारी तथा अन्य सञ्चालन खर्चको अवस्था तालिका - ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका-७ः कर्मचारी तथा अन्य सञ्चालन खर्च** (रु.हजारमा)

| क्र.सं. | विवरण | २०६८/६९ | २०६९/७० | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ |
|---|---|---|---|---|---|---|---|
| १ | कर्मचारी सङ्ख्या | ६२ | ८१ | ८१ | ८१ | ८३ | ७८ |
| | (क) नियमित कर्मचारी | ४८ | ४६ | ४२ | ७६ | ७८ | ७३ |
| | (ख) परियोजनाका कर्मचारी | १४ | ३५ | ३९ | ५ | ५ | ५ |
| २ | कर्मचारी खर्च | २००५० | २३२७२ | २७०८७ | ३५८७७ | ४३२३१ | ५३८८३ |
| | बृद्धि (ह्रास) % | ५२% | १६% | १६% | ३२% | २०.४९% | २४.६३% |
| | (क) नियमित कर्मचारी | १८२६७ | २००६० | २५५२७ | ३५८१२ | ४३२३१ | ५३८८३ |
| | (ख) परियोजनाका कर्मचारी * | १७८३ | ३२१२ | १५६० | ६५ | – | – |
| | औसत लररमा कर्मचारी खर्च % | ०.८८% | ०.७४% | ०.६०% | ०.५४% | ०.३९% | ०.४६% |
| ३ | प्रशासनिक खर्च | १२४१९ | १८०६९ | २७२०५ | २९३६६ | २७५०५ | ३१९७५ |
| ४ | औसत लररमा प्रशासनिक खर्च % | ०.५५% | ०.५७% | ०.६०% | ०.४४% | ०.२५% | ०.२५% |
| ५ | जम्मा कर्मचारी प्रशासनिक खर्च | ३२४६९ | ४१३४१ | ५४२९२ | ६५२४३ | ७०७२६ | ८५८५८ |
| ६ | औसत लररमा कर्मचारी प्रशासनिक खर्च | १.४३% | १.३१% | १.२१% | ०.९८% | ०.६४% | ०.६८% |
| ७ | बृद्धि (ह्रास) % | ४२% | २७% | ३१% | २०% | ८.४१% | २१.३९% |

** परियोजनाको कर्मचारी खर्चकोहकमा बैंकले व्यहोरेको खर्च मात्र समावेश छ ।*

## २.५ नाफा-नोक्सानको अवस्था

आ.व.२०७२/७३ मा बोनस र करअघिको कुलनाफा रु.३५ करोड ११ लाख रहेकोमा आ.व. २०७३/७४ मा यो रकम रु.५१ करोड ९७ लाख पुगेको छ । बोनस र करपछिको खुद मुनाफा अघिल्लो आर्थिक वर्षभन्दा ४९% ले बृद्धि भई रु.३३ करोड ७ लाख पुगेको छ । अघिल्लो आ.व.मा कुलसञ्चालन आम्दानीको ४६% खुद मुनाफा भएकोमा प्रतिवेदन वर्षमा ५२% खुद मुनाफा भएको छ । विगतका वर्षहरूदेखिको मुनाफा अवस्था तालिका – ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका-८ः नाफा-नोक्सानको अवस्था** (रु.लाखमा)

| क्र.सं. | विवरण | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४ असोज |
|---|---|---|---|---|---|---|---|---|
| १ | खुद ब्याज आम्दानी | १४१६ | १७९८ | २३०८ | ३५९३ | ४८८० | ६३८७ | १६३३ |
| २ | कुलसञ्चालन आम्दानी | १४१८ | १८०८ | २३२७ | ३५९५ | ४८८३ | ६३९७ | १६३४ |
| ३ | जोखिम कोषअघिको सञ्चालन मुनाफा | १०९३ | १३९५ | १७८४ | २९४२ | ४१७६ | ५५३८ | १४२४ |
| ४ | सञ्चालन मुनाफा | ६२५ | १२८९ | १६४० | २३९३ | ३४९३ | ५१८३ | १२८९ |
| ५ | बोनस र करअघिको कुलमुनाफा | १००० | १३७१ | १८१५ | २४१८ | ३५११ | ५१९७ | १२८९ |
| ६ | आयकर व्यवस्था | २७६ | ३८२ | ५०९ | ६५७ | ९६१ | १४१६ | ३५१ |
| ७ | खुद नाफा | ६३४ | ८६४ | ११४१ | १५४१ | २२३० | ३३०७ | ८२० |
| ८ | खुद नाफा वृद्धि % | ११८% | ३६% | ३२% | ३५% | ४५% | ४९% | |

## २.६ नाफा-नोक्सान बाँडफाँटको अवस्था

आ.व.२०७३/७४ मा आर्जन भएको खुद मुनाफा रु.३३ करोड ७ लाख ५९ हजारमध्ये वैधानिक व्यवस्थाअनुसार साधारण जगेडा कोषमा २०% ले हुने रु. ६ करोड ६१ लाख ५२ हजार, कर्मचारी कल्याणकारी कोषमा ५% ले हुने रु. १ करोड ६५ लाख ३८ हजार, संस्था पुनर्स्थापना कोषमा ३% ले हुने रु. ९९ लाख २३ हजार तथा नेपाल राष्ट्र बैंकको परिपत्रअनुसार ग्राहक संरक्षण कोषमा रु.१ करोड ५१ लाख १९ हजार र संस्थागत सुदृढीकरण कोषमा खुद नाफाको १०% ले हुने रकम मध्य ग्राहक संरक्षण कोषमा छुट्याइएको रकम कट्टा गरी रु. १ करोड ८५ लाख १८ हजार व्यवस्था गरी सारिएको छ । यसै गरी रु.२० लाख ८५ हजार स्थगन कर जगेडा कोषमा सारेपछि बाँकी रहेको रु.२० करोड २४ लाख र वितरणयोग्य मुनाफामध्ये चुक्ता पुँजी रु.५०,३०,६२,३४३.७५ को २५% ले हुने रु.१२,५७,६५,५८५/९४ को बोनस शेयर र बोनस शेयरको कर समायोजनको लागि १.३१६% को नगद लाभांश रु.६६,१९,२४१/३७ गरी जम्मा रु.१३,२३,८४,८२७/३१ बराबरको मुनाफा वितरण गर्ने गरी सञ्चालक समितिले प्रस्ताव गरेको छ र यसको लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृतिसमेत प्राप्त गरिसकेको यहाँ जानकारी गराउँदछु । गत आ.व. मा रु. १७ करोड ३७ लाख ८४ हजार सञ्चित मुनाफा रहेकोमा प्रतिवेदन वर्षको अन्तमा कुल सञ्चित मुनाफा ४०.३०% ले बृद्धि भई रु. २४ करोड ३८ लाख ३८ हजार पुगेको छ । मुनाफा बाँडफाँडलाई तालिका नं. ९ मा अझ प्रष्ट गरिएको छ ।

### तालिका-९: नाफा नोक्सान बाँडफाँडको अवस्था

(रु.हजारमा)

| क्र.सं. | विवरण | | रकम |
|---|---|---|---|
| १ | आ. व.२०७३/७४ को खुद नाफा | | ३३०७५९ |
| २ | जगेडा कोषमा सारिएको | | १२८३३५ |
| | (क) साधारण जगेडा कोष (२०%) | ६६१५२ | |
| | (ख) कर्मचारी कल्याणकारी कोष (५%) | १६५३८ | |
| | (ग) पुनर्स्थापना कोष (३%) | ९९२३ | |
| | (घ) संस्थागत सुदृढीकरण कोष (१०%) | १८५१८ | |
| | (ङ) स्थगन कर जगेडा कोष | २०८५ | |
| | (च) अन्य | १५११९ | |
| ३ | वितरणयोग्य मुनाफा (१–२) | | २०२४२४ |
| ४ | अघिल्लो वर्षको सञ्चित मुनाफा | | १७३७९४ |
| ५ | लाभांश प्रस्ताव ( शेयर तथा नगद) | | १३२३८५ |
| ६ | हालसम्मको कुलसञ्चित मुनाफा रकम (३+४-५): | | २४३८३३ |

## ३. साझेदार संस्थाहरूको प्रगति

### ३.१ बैंकमा आवद्ध संस्थाहरू एवं सेवा विस्तार

ग्रामीण क्षेत्रका विपन्न, सीमान्तकृत तथा साना किसानहरूको स्वामित्व र व्यवस्थापनमा सञ्चालन हुने साना किसान सहकारी संस्था लि. र समान प्रकृतिका अन्य लघुवित्त कारोबार गर्ने संस्थाहरूमार्फत लक्षित वर्गमा लघुवित्त सेवा पुऱ्याउन त्यस किसिमका संस्थाहरूको निर्माण र बैंकसँग आबद्ध गराउने कुरालाई महत्व दिइएको छ । आ.व. २०७२/७३ को अन्तसम्ममा ६०२ वटा संस्थाहरू यस बैंकसँग आबद्ध रहेकोमा आ. व.२०७३/७४ को अन्तसम्ममा ९% ले वृद्धि भई ६५५ पुगेको छ भने २०७४ असोज मसान्तमा यो संख्या ६५९ पुगेकोछ। ती संस्थाहरूमा ८७,३५६ समूहमा ६,५५,४८७ विपन्न तथा साना किसान परिवार आबद्ध रहेका छन् भने देशको विभिन्न ग्रामीण भेगहरुमा साना किसान संस्थाहरु निर्माण गरिदिन धेरै माग आइरहे को छ। यस बैंकसँग आबद्ध संस्थाहरूका केही सूचक र तथ्याङ्कहरू तालिका - १० मा प्रस्तुत छ।

### तालिका - १० : बैंकमा आबद्ध संस्थाका केही तथ्याङ्क

| क्र.सं. | विवरण | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४ असोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आबद्ध संस्था सङ्ख्या | २५१ | २९१ | ३९१ | ४२८ | ५१० | ६०२ | ६५५ | ६५९ |
| २ | महिला संस्था सङ्ख्या | ४२ | ७३ | १०९ | १२६ | १९३ | २२५ | २४८ | २४९ |
| ३ | समूह सङ्ख्या | २८,४२३ | ३२,३५९ | ४०,९९१ | ४५,६३८ | ६०,३३४ | ७७३७८ | ८६७३१ | ८७३५६ |
| ४ | सदस्य सङ्ख्या | १८९८७७ | २३०२२५ | ३२३३८४ | ३७६९५७ | ४६०५९० | ५४१६५२ | ६४९७१९ | ६५५४८७ |
| ५ | महिला सदस्य % | ६३% | ६६% | ६७% | ७०% | ७२% | ७६% | ७७% | ७६.२९% |

### ३.२ आवद्ध आवद्ध संस्थाहरूका केही वित्तीय सूचकहरू

बैंकले लघुवित्त सेवा प्रदान गरेका संस्थाहरूको आ.व. २०७३/७४ को अन्तसम्ममा  लगानीमा रहीरहेको कर्जा रु. ३४ अर्ब ८२ करोड १४ लाख पुगेकोमा २०७४ असोजमा ३६ अर्ब ६५ करोड १९ लाख पुगेकोछ।  जसमध्ये आबद्ध संस्थाहरूले रु. २३ अर्ब ८२ करोड ७ लाख (६५.८८%) आन्तरिक पुँजी निर्माण गरी परिचालन गरेका छन्। यस तथ्यबाट संस्थाहरूको आत्मनिर्भरता र वित्तीय सक्षमतामा बृद्धि भएको पुष्टि हुन्छ। २०७४ साल असार मसान्तसम्ममा संस्थाहरूको कर्जा असुली दर ९६.९१% कायम रहनुले संस्थाको वित्तीय स्वास्थ्य एवं बैंकको जोखिमको अवस्था बुझ्न सहज बनाउँछ। आबद्ध संस्थाहरुका केही वित्तीय सूचकहरुलाई तालिका नं ११ मा प्रस्तुत गरिएको छ।

### तालिका - ११ : बैंकमा आबद्ध संस्थाका केही वित्तीय सूचकहरू

| क्र.सं. | विवरण | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४ असोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शेयर पुँजी (रु. लाखमा) | ४५३० | ६२४६ | १०४८८ | १४६१८ | २०३२४ | २६७९६ | ३५२०४ | ३७०४६ |
| २ | कुल आन्तरिक पुँजी निर्माण (रु. लाखमा) | २९९२९ | ३९४९९ | ६५२७३ | ९१२०५ | १३२४६६ | १६२९५७ | २२९४२७ | २३८२०७ |
| ३ | लगानीमा रहिरहेको कर्जा (रु. लाखमा) | ४९८१६ | ६५६८७ | १०४४२२ | १४६९०५ | २०७३४८ | २७७२७३ | ३४८२१४ | ३६६५१९ |
| ४ | लगानीमा रहिरहेको बृद्धि % | ४८% | ३२% | ५९% | ४१% | ४१% | ३४% | २६% | ५% |
| ५ | कर्जा असुली दर % | ९५.२२% | ९५.४४% | ९७.४६% | ९७.६८% | ९७.३७% | ९७.९०% | ९६.९१% | ९१.५४% |

### ३.३ आवद्ध संस्थाहरुको क्षेत्रगत रुपमा विश्लेषण

भौगोलिक हिसाबमा बैंकले १० वटा हिमाली जिल्लाका ४९ वटा सहकारी संस्थामार्फत साविकका ८३ गा.वि.स. हाल १९ गाउँपालिका एवं १० नगरपालिका भित्रपर्ने ३१ हजार ५ सय १२ परिवारलाई सेवा पुऱ्याउन सकेको छ । तराईका २० जिल्लामा सबैभन्दा बढी ३३० वटा संस्थाहरुले साविकका २८४ गा.वि.स. तथा हाल ५३ गाउपालिका र ९८ वटा नगरपालिका भित्रमा ३ लाख ६१ हजार ८ सय ५३ परिवारलाई आबद्ध गराई सेवा प्रदान गर्दैआइरहेका छन् । त्यस्तै ३७ वटा पहाडी जिल्लामा रहेका २७६ संस्थामार्फत साविकका ३१२ गा.वि.स. तथा हाल ७२ गाउँपालिका र ६४ नगरपालिकाभित्रमा पर्ने २ लाख ५६ हजार ३ सय ५४ परिवारमा सेवा पुऱ्याइएको छ । यसरी अहिले सम्म यो कार्यक्रमले देशका कुल ६ लाख ४९ हजार ७ सय १९ परिवार लाई समेटेको छ । साना किसान विकास बैंकको यो कार्यक्रममा आबद्ध साना किसान परिवारले हिमालका १९ गाउँपालिका तथा १० नगरपालिकामा रु. ५३ करोड ८० लाख, पहाडका ७२ गाउँपालिका तथा ६४ नगरपालिकामा रु.१० अर्ब ७४ करोड ९७ लाख र तराईका ५३ गाउँपालिका तथा ९८ नगरपालिकामा रु.२३ अर्ब ५३ करोड ३८ लाख गरी कुल १४४ गाउँपालिका तथा १७२ नगरपालिकामा ६५५ सँस्थामार्फत रु.३४ अर्ब ८२ करोड १४ लाख बराबरको वित्तीय स्रोत परिचालन गरेका हुन् । यो मध्ये ६५.८८% वित्तीय स्रोत आन्तरिक रुपमा पुँजी निर्माण गरी परिचालन गर्न संस्थाहरु सक्षम भएका छन् । यी संस्थाहरुले ३ अर्ब ५२ करोड ४ लाख शेयर पुँजीमात्र संकलन गरेका छन् । यो कुल परिचालित रकमको १५ प्रतिशतभन्दा बढी हो ।

विकासक्षेत्रका आधारमा सबैभन्दा बढी मध्यमाञ्चल विकासक्षेत्रका १९ जिल्लामा २१५ वटा संस्थाहरूमार्फत ५४ गाउँपालिका तथा ४९ नगरपालिकाका २ लाख ५० हजार १ सय ४३ परिवारमा सेवा पुगेको छ भने सबैभन्दा कम सुदूरपश्चिमाञ्चल विकासक्षेत्रको ७ जिल्लामा ३६ वटा संस्थाहरूमार्फत ६ गाउँपालिका तथा १६ नगरपालिकाका ४४ हजार ७ सय ४९ परिवारमा सेवा पुगेको छ । बैंकले सेवा विस्तार गरेका सहकारी संस्थाहरूको अवस्थिति र अवस्था तालिका नं. १२ मा देखाइएको छ ।

**तालिका - १२ : बैंकमा आबद्ध संस्थाहरुको अवस्थिति तथा अवस्था (२०७४ असार मसान्त)**

| विकास क्षेत्र | जिल्ला संख्या | सहकारी संख्या | साविक गाविस | गाउँपालिका संख्या | नगरपालिका संख्या | कुल परिवार संख्या | शेयर पुँजी रू. हजारमा | कुल आन्तरिक स्रोत (रू. हजारमा) | कुल लगानीमा रहेको रकम (रू. हजारमा) | कुल महिला सदस्य संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **पूर्वाञ्चल** | १५ | १५९ | १८३ | २९ | ४८ | १२१३८८ | ८३९८५४ | ४३७६८१५ | ६२६४४२२ | ९०६४८ |
| हिमाल | २ | ४ | ८ | १ | २ | १६१५ | ६३०८ | ४२२१० | ४३८६२ | ७३९ |
| पहाड | ८ | ४४ | ६६ | ९ | १३ | २४८८४ | १३६२६९ | ६०४३४० | ८९६४९५ | १७७०४ |
| तराई | ५ | १११ | १०९ | १९ | ३३ | ९४८८९ | ६९७२७७ | ३७३०२६५ | ५३२४०६५ | ७२२०५ |
| **मध्यमाञ्चल** | १९ | २१५ | २५२ | ५४ | ४९ | २५०१४३ | ११७३५४२ | ९२५१५६५ | १३७४६०३० | १९१५९२ |
| हिमाल | ३ | २४ | ५५ | १२ | ४ | २०२६८ | ५१५२७ | ४०२९५७ | ४५३२४९ | १२५०४ |
| पहाड | ९ | १०२ | ९३ | २६ | १६ | १२३८०७ | ५६०५७५ | ४०१२००३ | ५४६०९२६ | ९२७१० |
| तराई | ७ | ८९ | १०४ | १६ | २९ | १०६०६८ | ५६१४४० | ४८३६६०५ | ७८३१८५५ | ८६३७८ |
| **पश्चिमाञ्चल** | १५ | १२८ | १४० | ३४ | ३४ | १४३०७८ | ८३५७२६ | ६२१३०४२ | ९१६१४४८ | १०७२७३ |
| हिमाल | १ | १ | १ | १ | ० | ३८७ | १७५१ | ३३६४ | २५८५ | २७१ |
| पहाड | ११ | ७८ | ११२ | २५ | २१ | ७१३१२ | ४०७६०६ | २०९४८१३ | ३२९४४३७ | ५२७०१ |
| तराई | ३ | ४९ | २७ | ८ | १३ | ७१३७९ | ४२६३६९ | ४११४८६५ | ५८६४४२६ | ५४३०१ |
| **मध्य पश्चिमाञ्चल** | ११ | ११६ | ८६ | २१ | २५ | ९०३६१ | ४९३९६० | २१७०३७३ | ४०३०३४० | ७७६२५ |
| हिमाल | २ | १० | १० | २ | ३ | ४५४२ | ७२९४ | २९१५१ | १३४५४ | ३१३८ |
| पहाड | ६ | ४६ | ३७ | ११ | १० | २९९५३ | १४६४४५ | ६४१२७२ | १०१३६९५ | २५५२६ |
| तराई | ३ | ६० | ३९ | ८ | १२ | ५५८६६ | ३४०२२१ | १४९९९५० | ३००३१९१ | ४८९६१ |
| **सुदुर पश्चिमाञ्चल** | ७ | ३६ | १८ | ६ | १६ | ४४७४९ | १७७३१७ | ९३०९३९ | १६१९१७३ | ३५५३५ |
| हिमाल | २ | ९ | ९ | ३ | १ | ४७०० | ५५८९ | २५२२७ | २४८२५ | ४५९१ |
| पहाड | ३ | ६ | ४ | १ | ४ | ६३९८ | ९७९० | ६०६२१ | ८४०९३ | ३०८५ |
| तराई | २ | २१ | ५ | २ | ११ | ३३६५१ | १६१९३८ | ८४५०९१ | १५१०२५५ | २७८५९ |
| **कुल जम्मा** | ६७ | ६५५ | ६७९ | १४४ | १७२ | ६४९७१९ | ३५२०३९९ | २२९४२७३४ | ३४८२१४१३ | ५०२६७३ |
| हिमाल | १० | ४९ | ८३ | १९ | १० | ३१५१२ | ७२४६९ | ५०२९०९ | ५३७९७५ | २१२४३ |
| पहाड | ३७ | २७६ | ३१२ | ७२ | ६४ | २५६३५४ | १२६०६८५ | ७४१३०४९ | १०७४९६४६ | १९१७२६ |
| तराई | २० | ३३० | २८४ | ५३ | ९८ | ३६१८५३ | २१८७२४५ | १५०२६७७६ | २३५३३७९२ | २८९७०४ |

### ३.४ महिला सहभागिता

यस बैंकमा आबद्ध साना किसान सहकारी संस्था र समान प्रकृतिका अन्य लघुवित्त कार्य गर्ने संस्थाहरूमा आबद्धमध्ये ३८% सदस्यहरू महिला रहेका छन् । महिलामात्र सहभागी भई सञ्चालन गरेका सहकारी संस्थाहरुको संख्या हिमाली जिल्लामा १०, पहाडी जिल्लामा १०३ र तराईका जिल्लामा १३५ गरी कुल २४८ पुगेको छ भने यी संस्थाले साविक १७७ गा. वि.स. हाल ३९ गाउँप(ालिका तथा ४१ नगरपालिकामा  सेवा विस्तार गरेका छन् । यी संस्थामा २ लाख २ हजार ३ सय २८ परिवार आवद्ध रहेका छन् । यी महिला संस्थाहरूको मात्र लगानीमा रहेको ऋण रु.८ अर्ब ६२ करोड ६७ लाख पुगेको छ । यी संस्थाहरुमा भा.ना. कर्जा दुई प्रतिसत भन्दा कम रहेको छ । महिला साना किसान सहकारी संस्थाहरूको अवस्थिति एवं अवस्था तालिका नं. १३ मा दिईएको छ ।

यीसंस्थाहरुलेकुललररको५९.५५%रकमआन्तरिकपुँजीनिर्माणबाटपुरागरेकाछन्भनेरु.८५करोड८९लाख६७हजारशेयरपुँजीसंकलनभएको छ।यीसंस्थाहरूकोअसुलीदरउच्चहुनु,सञ्चालनखर्चकमहुनु,सक्रियसहभागितारहनु,महिलाहरूकोसशक्तीकरणहुनुजस्ताकुराहरूलेगर्दा बैंकले आगामी दिनहरुमा पनि महिला सहभागितालाई महत्व दिई कार्यक्रम विस्तार गर्ने रणनीति लिएको छ ।

**तालिका - १३ : महिला साना किसान सहकारी संस्थाहरूको अवस्थिति (२०७४ असार मसान्त)**

| विकास क्षेत्र | संस्था संख्या | साविकको कार्यरत गा वि स संख्या | कार्यरत नगरपालिका संख्या | कार्यरत गाउँपालिका संख्या | आवद्ध कुल परिवार संख्या | ऋणी सदस्य संख्या | शेयर पुँजी रू. हजारमा | कुल आन्तरिक पुँजी रू. हजारमा | लगानीमा रहिरहेको रकम रू. हजारमा | भा.ना. रकम रू. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुर्वाञ्चल** | ४४ | ३६ | ७ | ७ | ३१२६७ | १६९८५ | १५१०५५ | ५६१८९७ | ९९४४९६ | ३७९२४ |
| पहाड | ११ | ११ | ३ | ४ | ७५६४ | ४७९० | ३६९९४ | १४९३०२ | २४०२४४ | १४९५ |
| तराइ | ३३ | २५ | ४ | ३ | २३७०३ | १२१९५ | ११४०६१ | ४१२५९५ | ७५४२५२ | ३६४२९ |
| **मध्माञ्चल** | ८६ | ६३ | १६ | १२ | ७८८५२ | ४३५८१ | ३१०५३९ | २४७७२८२ | ३९१९५११ | ३६७७७ |
| हिमाल | २ | २ | ० | ० | ९८१ | २८४ | २१७६ | ५३९२ | १४१९३ | ० |
| पहाड | ४९ | ४२ | ११ | ७ | ३६१६१ | १९४४१ | १२९७१२ | ७२२४५२ | ११५८२३४ | १६६६२ |
| तराइ | ३५ | १९ | ५ | ५ | ४१७१० | २३८५६ | १७८६५१ | १७४९४३८ | २७४७०८४ | २०११५ |
| **पश्चिमाञ्चल** | ३४ | २३ | ६ | ५ | २८१५१ | १४२२८ | ११८५६६ | ९३८३७७ | १५४७०९० | ६५५१ |
| पहाड | १७ | १३ | ४ | ३ | १११२३ | ५७६७ | ३३०८८ | १७९११३ | ३७८४२७ | ६३३ |
| तराइ | १७ | १० | २ | २ | १७०२८ | ८४६१ | ८५४७८ | ७५९२६४ | ११६८६६३ | ५९१८ |
| **मध्यपश्चिमाञ्ल** | ६२ | ४२ | ६ | १२ | ४०६१४ | २१८६३ | १८३१७२ | ७४६२६८ | १३९९९२५ | २४५९९ |
| पहाड | २६ | १९ | ५ | ४ | १४९४४ | ८४७६ | ६५२६४ | २८६४८४ | ५११३८८ | ९१७३ |
| तराइ | ३६ | २३ | १ | ८ | २५६७० | १३३८७ | ११७९०८ | ४५९७८४ | ८८८५३७ | १५४२६ |
| **सुदूर पश्चिमाञ्चल** | २२ | १३ | ४ | ५ | २३४४४ | ११२४९ | ९५६३५ | ४१३३५० | ७६५७११ | १०६८४ |
| हिमाल | ८ | ८ | ३ | ० | ४२६६ | ११०२ | ५१७५ | २२९९० | ३२९२५ | ० |
| तराइ | १४ | ५ | १ | ५ | १९१७८ | १०१४७ | ९०४६० | ३९०३६० | ७३२७८६ | १०६८४ |
| **कुल जम्मा :** | २४८ | १७७ | ३९ | ४१ | २०२३२८ | १०७९०६ | ८५८९६७ | ५१३७१७४ | ८६२६७३३ | ११६५३५ |
| हिमाल | १० | १० | ३ | ० | ५२४७ | १३८६ | ७३५१ | २८३८२ | ४७११८ | ० |
| पहाड | १०३ | ८५ | २३ | १८ | ६९७९२ | ३८४७४ | २६५०५८ | १३३७३५१ | २२८८२९३ | २७९६३ |
| तराइ | १३५ | ८२ | १३ | २३ | १२७२८९ | ६८०४६ | ५८६५५८ | ३७७१४४१ | ६२९१३२२ | ८८५७२ |

## ४. राष्ट्रिय/ अन्तर्राष्ट्रिय परिदृष्य तथा सोबाट परेको असर

### ४.१ लघुवित्तको विश्व प्रसंग र साना किसान विकास अभियान

लघुवित्तका प्रचलित मोडेलहरु भन्दा साना किसान कार्यक्रमले अवलम्बन गरेको मोडेल भिन्न छ । यो सेवा प्रदायक मोडेल नभएर स्वामित्व निर्माण एवं सहभागितात्मक मोडेल हो । यसका लागि ग्रामीण साना किसान सहकारी संरचनाको प्रणाली विकास भएको छ । विगत केही वर्ष देखि लघुवित्तको सन्दर्भलाई लिएर विश्वस्तरमा केही गम्भिर बहसहरु सुरु भएका छन् । लघुवित्त क्षेत्रमा सन् २०१० मा देखिएको विचलन र त्यस यता भएका सुधारका कदमहरुलाई यस बैंकले गम्भिरताका साथ लिएको छ । स्थानीय स्तरमा संस्था एवं स्वामित्व सिर्जना, स्थानीय पुँजी निर्माण र ग्राहक संरक्षण सिद्धान्त अनुपालनलाई महत्व दिईएको छ । अन्तराष्ट्रिय सम्मेलन र गोष्ठी एवं अनुसन्धानहरुमा क्रमशः साना किसान मोडेलको पहिचान र प्रसार विस्तार हुँदै गएको छ । विश्वव्यापीकरणको लागि यसको प्राज्ञिक पक्षमा अझ धेरै मेहनत गर्न बाँकी नै छ ।

### ४.२ राष्ट्रिय आर्थिक परिदृष्य

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको आर्थिक बृद्धि उत्साहजनक रहेको छ । अनुकुल मौसम, सरकारको पुजीगत खर्चमा

वृद्धि उर्जा व्यवस्थापन, लगानीको वातावरणमा सुधार लग( ायत समग्र आपूर्ति व्यवस्थामा सुधार सँगै आर्थिक गतिविधिमा विस्तार भएको छ। फलस्वरुप, चालु आर्थिक वर्षमा आधारभूत मूल्यमा कुल गार्हस्थ उत्पादन ६.९४ प्रतिशतले बढ्ने अनुमान छ। यो आर्थिक बृद्धिदर आर्थिक बर्ष २०५०/५१ यताकै उच्च हो। आ.व.२०७३/७४ को चालु मुल्यमा मुलुकको कुल गार्हस्थ्य उत्पादन रु.२२ खर्ब ४८ अर्ब ६९ करोड र प्रतिव्यक्ति आय रु.७९ हजार ३६९ पुग्ने अनुमान गरिएको छ।

आ.व.२०७३/७४ मा कृषि र गैर कृषि क्षेत्रको उत्पादन क्रमशः ५.२९ प्रतिशत र ७.७४ प्रतिशतले बढ्ने अनुमान छ। अर्थतन्त्रको आकारमा सेवा क्षेत्रको अंश बढ्दै गएको छ भने कृषिको अंश घट्दो रहेकोले अर्थतन्त्रको संरचनामा परिवर्तन भइरहेको छ। आर्थिक वर्ष २०७३।७४ को कुल गार्हस्थ उत्पादनमा कृषि र गैर कृषि क्षेत्रको योगदान क्रमशः २९.३७ प्रतिशत र ७०.६३ प्रतिशत रहने अनुमान छ। कुल गार्हस्थ उत्पादनमा उपभोगको अंश उच्च रहदै आएको छ। चालु आर्थिक वर्ष २०७३।७४ को कुल गार्हस्थ उत्पादनमा उपभोगको अंश ८९.७ प्रतिशत रहने अनुमान छ। यस्तो अंश अघिल्लो आर्थिक वर्षमा ९६.१८ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०७३/७४ मा वार्षिक औसत मुद्रास्फीति दर ७.५ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य लिइएको थियो। चालु आर्थिक वर्षको एघार महिनाको औसत उपभोक्ता मुद्रास्फीति दर ४.६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा औसत उपभोक्ता मुद्रास्फीति दर ९.९ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०७४ जेठमा उपभोक्ता मुद्रास्फीति दर २.८ प्रतिशत रहेको छ। आधार मूल्य प्रभाव र आपूर्ति व्यवस्थामा आएको सुधारका कारण समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीति न्यून रहेको हो।

प्रत्येक वर्ष ४ लाखभन्दा बढी श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने तर रोजगारीका अवसरहरु सिर्जना हुन नसक्दा ठूलो संख्यामा युवा शक्ति वैदेशिक रोजगारमा जाने क्रम बढ्दो छ। उर्जा संकट र अपर्याप्तताको प्रत्यक्ष असर ग्रामीण वालवालिकाको शैक्षिकस्तरमा प्रतिविम्बित भई रहनुले भविष्यलाई समेत संरक्षण गर्न नसकेको अवस्था देखिन्छ।

यी सारा तथ्यहरुले कृषिलाई बढी व्यावसायिकरण र आधुनिकीकरण गर्ने, मुल्य श्रृङ्खला स्थापित गर्ने र सीप, लगानी, र पुँजीको समुचित सम्मिश्रणका लागि स्थानीय रुपमा किसानहरुको संस्थागत विकास गराउने कार्यमा अझ जोड दिनु पर्ने अवस्था देखाउँछ। निरपेक्ष गरिबीको रेखामुनि रहेका घर परिवारको जीवनस्तर माथि उठाई देशका स्वाभीमानी नागरिकको रुपमा बाँच्न सक्षम बनाउनु पर्ने आजको प्रमुख आवश्यकता र चुनौती भएकोले नेपाल सरकारको आवधिक विकास योजनाहरुमा ग्रामीण विकास र गरिबी निवारण कार्यक्रमलाई प्राथमिकता दिईंदै आएको छ।

### ४.३ लघुवित्तको अवस्था

क) राष्ट्रिय आर्थिक परिदृष्य : आ.व. २०७२/७३ मा सीमा नाका अवरोध र आपूर्ति व्यवस्थामा आएको असहजताका कारण पुँजीगत खर्च बढ्न नसकेको एवम् निजी क्षेत्रको आर्थिक गतिविधि संकुचित रहेको, विश्व बजारमा पेट्रोलियम पदार्थ एवम् धातुजन्य वस्तुको मूल्यमा गिरावट आएको, छिमेकी मुलुकहरुमा रहेको न्यून मूल्यवृद्धिको लाभ सीमा नाका अवरोध लगायतका कारण नेपालले लिन नसकेको र अपेक्षित रुपमा कर्जाको माग बढ्न नसक्दा समीक्षा वर्षको सुरुदेखि नै बैंकिङ क्षेत्रमा अधिक तरलताको स्थिति रहेको जस्ता वित्तीय एवं मौद्रिक स्थितिका लागि प्रतिकुल अवस्था रहेको कुरा मौद्रिक नीति २०७३/७४ मा उल्लेख गरिएकोछ।

ख) लघुवित्तका लागि पूँजी निर्माण : २०७४ असार २२ गतेसम्म "क" वर्गका वाणिज्य बैंकहरु २८, "ख" वर्गका विकास बैंकहरु ४४, "ग" वर्गका वित्त कम्पनीहरु ३० र "घ" वर्गका लघुवित्त संस्थाहरु ५१ गरी बैंक तथा वित्तीय संस्थाहरुको कुल संख्या १५३ कायम भएको छ। यसैगरि २०७४ जेठ मसान्तमा वाणिज्य बैंकहरुको शाखा संख्या २११६, विकास बैंकहरुको ८०५, वित्त कम्पनीहरुको १४८ र लघुवित्त संस्थाहरुको १८२५ गरी कुल शाखा संख्या ४८९४ पुगेको छ। २०७४ जेठमा बैंक तथा वित्तीय संस्थाको प्रति शाखाबाट औसतमा करिव ५८०९ जनसंख्याले सेवा प्राप्त गर्न सक्ने देखिन्छ। २०७३ जेठमा यस्तो संख्या ६६४७ रहे को थियो।

१) बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पुँजी २०७२ असार मसान्तको रु. १४० अर्ब ७९ करोडबाट २०७४ जेठमा रु. २०९ अर्ब ८० करोड पुगेको छ। आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पुँजी वृद्धि गर्नुपर्ने व्यवस्था गरे पश्चात् यी संस्थाहरुले मर्जर/एक्विजिशन, बोनस, हकप्रद एवम् थप शेयर लगायतका माध्यमबाट पुँजी वृद्धि गर्ने कार्य अगाडि बढाएका छन्।

२) आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार बैंक तथा वित्तीय संस्थाहरूका अतिरिक्त २०७३ चैत मसान्तमा २७ बीमा कम्पनी, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र हुलाक बचत बैंक लगायतका संस्थाहरू समेत विविध तवरबाट वित्तीय सेवाका क्षेत्रमा कार्यरत रहेका छन्।

३) नेपाल राष्ट्र बैंक, बैंकिङ्ग एण्ड फाईनान्सियल स्टाटिस्टीकस् अनुसार २०७३ चैत्र सम्ममा बैंक तथा वित्तीय संस्थाहरुमा रू २१ खर्ब ८३ अर्ब निक्षेप मौज्दात छ भने रु.१९ खर्ब १० अर्ब कर्जा लगानीमा रहेकोछ। कुल निक्षेपमा वाणिज्य बैंकहरुको बजार हिस्सा ८७% रहेको छ भने कर्जामा ८४% रहेको छ।

ग) वित्तीय पहुँच विस्तारमा लघुवित्त क्षेत्र अग्रणी : २०७३ चैत्र सम्ममा "घ" वर्गका ५१ लघुवित्त संस्थाहमध्ये ४ वटाले थोक र अन्यले खुद्रा वित्तीय सेवा उपलब्ध गराउँदछन्। साना किसान विकास बैंक अन्तरगतका संस्थाहरुमा मात्र ५ लाख ९९ हजार ७६५ सदस्यहरु आवद्ध भएका छन् भने बाँकी ३६ वटा लघुवित्त संस्थाहरुमा १६ लाख ४१ हजार २८१ सदस्य आवद्ध भएका छन्। यस प्रकार कुल लाभान्वित सदस्य संख्याको २७% साना किसान सञ्जालबाट लाभान्वित भएका छन्। राष्ट्रियस्तरको स्वीकृति प्राप्त १५ वटा लघुवित्त संस्था मध्ये ४ वटा थोक कर्जा प्रदायक हुन्। ७०० भन्दा बढी गा.वि.स.मा सेवा पुऱ्याउने ६ वटा संस्थाहरुमात्र रहेका छन्।

२०७३ चैत्र मसान्तसम्ममा ४६ वटा खुद्रा कर्जा लगानी गर्ने लघुवित्त संस्थाहरुको कुल निक्षेप २४ अर्ब १२ करोड

र कर्जा लगानी ८१ अर्ब १२ करोड पुगेकोछ । थोक कर्जा लगानी गर्ने ४ वटा लघुवित्त संस्थाहरुको लरर यस अवधिमा २० अर्ब ५५ करोड पुगेकोमा साना किसान विकास बैंकको रु. १३ अर्ब ४८ करोड (६५%) र आर.एम.डी.सी.को ५ अर्ब ७० करोड (२७%) रहेको छ । यस प्रकार साना किसान विकास बैंक लघुवित्त कर्जा प्रदायकहरुको प्रमुख संस्था बन्न पुगेकोछ ।

(घ) **मौद्रिक नीति र लघुवित्त** : नेपाल राष्ट्र बैंकले मौद्रिक नीति २०७३/७४ मार्फत लघुवित्तसँग सम्बन्धित गरेका व्यवस्थाहरुले लघुवित्त क्षेत्रमा मिश्रित प्रभाव पार्न सक्ने देखिएको छ ।

अ) वाणिज्य बैंकहरुले कृषि क्षेत्रमा १० प्रतिशत, जलविद्युतमा ५ प्रतिशत, पर्यटन क्षेत्रमा ५ प्रतिशत र बाँकी अन्य प्राथमिकता प्राप्त क्षेत्रमा गरी आफ्नो कुल कर्जाको न्यूनतम २५ प्रतिशत कर्जा २०७५ असारसम्ममा अनिवार्य रुपमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिनेछ । विकास बैंक र वित्त कम्पनीहरुले समेत प्राथमिकता प्राप्त क्षेत्रमा आफ्नो कुल कर्जाको न्यूनतम क्रमशः १५ प्रतिशत र १० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था यथावत कायम गरिएको छ ।

आ) वाणिज्य बैंकहरुले आफ्नो कुल कर्जा लगानीको ५ प्रतिशत, विकास बैंकहरुले ४.५ प्रतिशत र वित्त कम्पनीहरुले ४ प्रतिशत कर्जा विपन्न वर्गमा लगानी गर्नुपर्ने व्यवस्थालाई यथावत राखिएको छ । साथै, वाणिज्य बैंकहरुले विपन्न वर्ग अन्तर्गत प्रत्यक्ष रुपमा प्रवाह गर्नुपर्ने न्यूनतम २ प्रतिशतको कर्जा अनुपात अनिवार्य नहुने व्यवस्था गरिएको छ । यसबाट लघुवित्त क्षेत्रहरुमा वित्तीय स्रोतको केही हदसम्म परिपूर्ति हुने देखिएको छ ।

इ) "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुबाट रिक्सा चालकहरुलाई आफ्नो स्वामित्वमा रिक्सा खरिद गरी आफै सञ्चालन गर्ने प्रयोजनका लागि प्रदान हुँदै आएको विपन्न वर्ग कर्जा सुविधा इलेक्ट्रोनिक रिक्सा खरिदमा समेत प्रदान गरिने व्यवस्था मिलाइने छ ।

ई) साना तथा मझौला उद्योग र व्यावसायिक कृषि परि योजनाको धितोमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह गरिने रु.१० लाखसम्मको परियोजना कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ । जसबाट बिपन्न वर्ग कर्जाको रुपमा लघुवित्त संस्थामा आउने स्रोत संकुचित हुन पुगेको छ ।

उ) लघुवित्त सेवाको पहुँच कम भएका विभिन्न प्रदेशमा रहेका २२ जिल्लाहरु मनाङ, हुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ, बाजुरा, दार्चुला, ओखलढुंगा, जुम्ला, अछाम, बैतडी, रुकुम, सल्यान, भोजपुर, मुस्ताङ, रोल्पा, ताप्लेजुङ, खोटाङ, रसुवा र सोलुखुम्बुमा "घ" वर्गका वित्तीय संस्थाले सदरमुकाम बाहेकका स्थानमा शाखा खोलेमा रु.४० लाखसम्म निर्ब्याजी सापटी प्रदान गरिनेछ ।

ऊ) लघुवित्त संस्थाहरुको इजाजतका लागि आवेदन लिने कार्य स्थगित गरिएको छ । वित्तीय सेवाको पहुँच कम रहेका र तुलनात्मक रुपमा उच्च गरिबी भएका हिमाली तथा पहाडी जिल्लाहरुमा लघुवित्त वित्तीय संस्थाहरुलाई शाखा खोल्न प्रोत्साहन गरिनेछ ।

ङ) **साना किसान लघुवित्तः** साना किसान विकास बैंकले स्थानीय स्वामित्व, नियन्त्रण र व्यवस्थापनका लघुवित्त संस्था निर्माणमा उनीहरुको क्षमता विकास गर्ने भएकोले लघुवित्त क्षेत्रका वर्तमान चुनौतिहरुलाई क्रमशः सामना गर्दै जाने सामर्थ्य राख्दछ । श्रोत व्यवस्थापनमा यसले लघुवित्त कर्जाको लागि आवश्यक पर्ने अधिकाधिक रकम स्थानीय पुँजी निर्माणबाट पुरा गर्न साझेदार संस्थाहरुको क्षमता बृद्धि गर्दै आएको छ । यी संस्थाहरुले हाल कर्जा मागको ६५% अंश आन्तरिक पुँजी परिचालनबाट पुरा गरेका छन् । संस्थाको लररमा ३५% भाग मात्र यस बैंकको कर्जाले पुर्ति गरिएकोबाट लघुवित्त कर्जाको सम्पूर्ण भार यस बैंकले थेग्नु पर्ने अवस्था कम भएको छ । त्यसै गरी बैंकले वित्तीय स्रोतको मिश्रणलाई समेत उचित रुपमा विविधीकरण गर्दै आएको छ । वित्तीय स्रोतको विविधीकरणबाट स्रोत जोखिम न्यूनिकरण गर्दै जाने बैंकको रणनीति रहेकोछ । यसका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय सहयोगी निकायहरुको पहिचान र पहुँचमा बैंक क्रियाशिल रहेको छ । साना किसान विकास बैंकको स्रोत परिचालन एवं व्यवस्थापनको अवस्था तालिका १४ मा प्रस्तुत गरिएको छ

**तालिका १४: स्रोत व्यवस्थापन एवं परिचालन**

रकम रु.लाखमा

| क्र.सं. | विवरण | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४ असोज | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | साझेदार संस्थाहरुको कुल लरर | ६५६८७ | १०४४२२ | १४६९०५ | २०७३४८ | २७७२७३ | २९२१०८ | ३६६५१९ | १००% |
| २ | साझेदार संस्थाको आन्तरिक पुँजी निर्माण | ३९४९९ | ६५२७३ | ९१२०५ | १३२४६६ | १६२९५७ | २२९४२७ | २३८२०७ | ६५% |
| ३ | संस्थाले बैंकबाट प्राप्त गरेको कर्जा | २६७६२ | ३६३२७ | ५३६६२ | ८०९६८ | ११०३४१ | १३९९४९ | १४४९७६ | ३५% |
| ४ | बैंकले वित्तीय स्रोतमा गरेको विविधीकरण | | | | | | | १००% | १००% |
| | क. नेपाल सरकार | १५७५० | १३९५० | १७१५० | २५५०० | ४२००० | ५६८८५ | ६१८८५ | ४०% |
| | ख. नेपाल राष्ट्र बैंक | १०५ | ९४ | ८३ | ७२ | ६१ | ५० | ५० | ०% |
| | ग. बैंक तथा वित्तीय संस्थाहरु | १६२२१ | २३८५० | ३५००३ | ४६२२७ | ५४६४२ | ६१८२२ | ६५५६५ | ४४% |
| | घ. ग्राहक शुरक्षण कोष | १८५७ | २४९१ | ३९३३ | ५४५५ | ७५६८ | ९१९७ | ९०८७ | ६% |
| | ङ आन्तरिक पुँजी परिचालन | - | - | - | ३७१४ | ६०७० | १४८१७ | १३७५८ | ११% |

# ५. साना किसान विकास बैंकको चालु वर्षको उपलब्धी र भावी योजना

## ५.१ कर्जा सेवाहरू

### (क) थोक लघुकर्जा कार्यक्रम

साना किसान सहकारी संस्था र यस्तै प्रकृतिका अन्य लघुवित्त संस्थाहरूलाई लघुवित्तका लागि आवश्यक पर्ने वित्तीय स्रोत जुटाउन थोक कर्जा उपलब्ध गराउनु यस बैंकको मुख्य क्रियाकलाप हो । आफ्ना सदस्यहरूमा लघुवित्त सेवा प्रदान गर्न साना किसान सहकारी संस्था तथा अन्य समान प्रकृतिका लघुवित्त संस्थाहरूले बैंकसँग सहकार्य गर्ने गरी आबद्धताका लागि आवेदन गर्दछन् । निर्दिष्ट योग्यता पुगेका संस्थाहरूले आवश्यक सर्त पूरा गरेपश्चात् बैंकले थोक कर्जा प्रवाह गर्दछ। यी संस्थाहरूमा बैंकले कर्जा प्रवाहका अतिरिक्त संस्थागत क्षमता विकास गर्ने, संस्थागत परीक्षण गर्ने, संस्थाको आवश्यकता पहिचान गर्ने तथा अनुगमन र निरीक्षण गर्ने कार्यसमेत गर्दै आएको छ ।

बैंकले हालसम्म मुख्य रूपमा लघुकर्जा र आ. व. २०६७/६८ देखि मासुजन्य पशुपालन कर्जा (२०७१/७२ देखि यसको दायरालाई फराकिले बनाई मासु तथा दुग्धजन्य पशुपालन कर्जाका रुपमा ) उपलब्ध गराउँदै आएको छ । आ. व.२०७१/७२ देखि नवीकरणीय ऊर्जा कर्जा कार्यक्रम आरम्भ गरेकोमा उत्साहजनक उपब्धि तथा सहभागिता देखिएको छ भने आ. व.२०७२/७३ देखि भुकम्प प्रभावित जिल्लाहरुको लागि मात्र सञ्चालनमा ल्याइएको जिविकोपार्जन कर्जा पनि अत्यन्त उत्साहजनक रुपमा लगानी भैरहेको छ। विगतमा सञ्चालन गरेको स्वरोजगार कर्जा कार्यक्रम समापनको भइसकेको छ । कर्जाको ब्याज मासिक रूपमा बुझाउनुपर्ने र सावाँ भने किस्ताबन्दी रूपमा त्रैमासिक रूपमा बुझाउन सकिने व्यवस्था गरिएको छ भने नविकरणीय उर्जा तथा पशुपालन कर्जाको हकमा पहिलो छ महिना ग्रेस अवधिको रुपमा राखिएको छ । कर्जाहरूको भुक्तानी अवधि बढीमा ३ वर्षसम्म रहेको छ । यसरी उद्देश्यगत रूपमा भएको कर्जा लगानीको अवस्था तालिका १५ मा दिइएको छ ।

२०७३ असार मसान्तसम्ममा बैंकको लगानीको ७३% अंश लघुकर्जाका लागि थोक कर्जामा र २२% अंश मासुजन्य तथा दुग्धजन्य पशुपालन कर्जामा रहेको छ। नवीकरणीय ऊर्जा कर्जा कार्यक्रमले २% अंश ओगटेको छ भने जिविकोपार्जन कर्जा (भुकम्प प्रभावित जिल्लाहरुको लागि) ले कुल लररको ३% अंश ओगटेको छ।

२०७४ असार मसान्तसम्ममा बैंकको लगानीको ७३.५०% अंश लघुकर्जाका लागि थोक कर्जामा र २१% अंश मासुजन्य तथा दुग्धजन्य पशुपालन कर्जामा रहेको छ। नवीकरणीय ऊर्जा कर्जा कार्यक्रमले १.३०% अंश ओगटेको छ भने जिविकोपार्जन कर्जा (भुकम्प प्रभावित जिल्लाहरुको लागि) ले कुल लररको ४.२८% अंश ओगटेको छ।

### (ख) पशुपालन कर्जा कार्यक्रम

पशुपालनलाई व्यवसायमा रुपान्तरण गरी बिपन्न तथा साना किसानहरुको दिगो आयआर्जनको आधार तयार गर्न एवं मुलुकलाई पशुजन्य पदार्थमा आत्मनिर्भर बनाउन आ.व. २०६७/६८ देखि नेपाल सरकारको सहयोगमा यो कर्जा कार्यक्रम सञ्चालन गरिएको छ । किसानले कर्जा लिएको ९ औं महिना देखि प्रत्येक त्रैमासिक रुपमा ३ बर्ष भित्रमा सावाँ र प्रत्येक महिना व्याज बुझाउने व्यवस्था गरिएको छ। निर्धारित समयमा कर्जाको सावाँ तथा व्याज बुझाएमा संस्थाहरुले बैंकलाई ५ प्रतिसत र संस्थाले किसानलाई ९ प्रतिसत वार्षिक व्याजदर भन्दा बढी लिन नपाउने व्यवस्था रहेको छ ।

आ. व. २०७१/७२ अघि मासुजन्य पशुपालन कर्जाका रूपमा सञ्चालित यस कार्यक्रमको दायरालाई फराकिलो बनाई प्रतिवेदन वर्षमा मासु तथा दुग्धजन्य पशुपालन कर्जाका रूपमा सञ्चालन गर्ने गरी नेपाल सरकारबाट रु. १ अर्ब कर्जाको बजेट व्यवस्था भएको थियो । आ. व. २०७२/७३ सम्ममा प्राप्त रु. ४ अर्ब ५० करोड रकम, ४८ हजार पशुपालक साना किसानलाई मासु तथा दुग्धजन्य पशुपालन गर्ने गरी कर्जा लगानी गर्ने लक्ष रहेको मा ३५५ साना किसान सहकारी संस्थाका ६८ हजार ८ सय १६ जना पशुपालक साना किसानलाई ३ लाख ७८ हजार ९८ मासु तथा दुग्धजन्य पशुवस्तु पालन गर्ने गरी रु. ५ अर्ब ८८ करोड १५ लाख कर्जा लगानी गरी भौतिक प्रगति तर्फ १४२ प्रतिशत र वित्तीय प्रगति तर्फ १३१ प्रतिशत प्रगति हासिल भएको छ ।

आर्थिक वर्ष ०७३/०७४ मा कुल १५ हजार पशुपालक साना किसानलाई रु. १ (एक) अर्ब ५० करोड पशुपालन कर्जा लगानी गर्ने लक्ष्य रहेकोमा ३११ संस्थामा आबद्ध १४ हजार ४२६ साना किसानलाई रु. १ (एक) अर्ब ८४ करोड ३३ लाख ७३ हजार कर्जा लगानी भई भौतिक लक्ष्यको तुलनामा ९६ प्रतिशत र वित्तीय लक्ष्यको तुलनामा १२३ प्रतिशत प्रगति भएको छ । जसमा ४६

**तालिका - १५ : विभिन्न प्रकारका कर्जाको अवस्था**

रकम रु.हजारमा

| क्रसं | कर्जाको प्रकार | २०७१/७२ को लरर | २०७२/७३ को लरर | २०७३/७४ को लरर | भार (%) |
|---|---|---|---|---|---|
| १ | लघुकर्जा | ५८४८६६१ | ७९२८२५९ | १०२८३६३१ | ७३.५० |
| २ | पशुपालन कर्जा/विशेष कर्जा(मासु तथा दुग्धजन्य) | २०७१५७९ | २५६६८७३ | २९१११९९ | २०.८० |
| ३ | नवीकरणीय ऊर्जा कर्जा | १५८६०१ | २२४७६४ | १८२४०५ | १.३० |
| ४ | कार्यशील पुँजी | १७९१० | १९९२० | १७६१० | ०.१२ |
| ५ | जिविकोपार्जन कर्जा | ० | २९४४०० | ६०००९० | ४.२८ |
| | जम्मा | ८०९६७५१ | ११०३४२१६ | १३९९४९३५ | १००% |

## पशुवस्तु अनुसारको कर्जा कारोवार रु.हजारमा




हजार ४८८ भेडा/बाखा, ६ हजार ८२२ बंगुर, २ हजार १५५ पाडापाडी, ११ हजार ६४४ भैंसी र ४ हजार ७३२ गाई गरी कुल ७१ हजार ८४१ वटा मासु तथा दुग्धजन्य पशुवस्तु पालनका लागि कर्जा प्रदान गरिएको छ ।

### तालिका - १६ : मासु तथा दुग्धजन्य पशुपालन कर्जाको प्रगति विवरण

| क्रसं | विवरण | २०७१ असार | २०७२ असार | २०७३ असार | २०७४ असार | सुरुदेखि २०७४ असार सम्मको जम्मा |
|---|---|---|---|---|---|---|
| १ | पशुपालन कर्जा लगानी गर्ने संस्था सङ्ख्या | २५७ | ३१३ | ३५५ | ४०५ | ४०५ |
| २ | पशुपालन गर्न कर्जा लिने किसान सङ्ख्या | ३८३७३ | १५३०७ | १५१३६ | १४४२६ | ८३२४२ |
| ३ | कर्जा लगानी (रु. १० लाखमा) | २७१५ | १५२० | १६४५ | १८४४ | ७७२४ |
| ४ | कर्जाबाट पालन गरिएका पशु सङ्ख्या : | १९८७४५ | ९७०५१ | ८२३०२ | ७१८४१ | ४४९९३९ |
| | ४.१ बाखा | १४३८७२ | ६२५४४ | ५१२८९ | ४६४८८ | ३०४१९३ |
| | ४.२ बङ्गुर | २४१४८ | १५२११ | १०४८८ | ६८२२ | ५६६६९ |
| | ४.३ पाडापाडी | १०६८९ | ६०७४ | ३६९१ | २१५५ | २२६०९ |
| | ४.४ भैंसी | २००३६ | ११६९७ | १२९६९ | ११६४४ | ५६३४६ |
| | ४.५ गाई | | १५२५ | ३८६५ | ४७३२ | १०१२२ |

**कार्यक्रमबाट भएको अनुमानित उपलब्धि** (२०७४ असारसम्मको लगानीको आधारमा)

### तालिका - १७ : आ.व. २०७४ असारमसान्तसम्म कर्जा प्रवाहको अवस्था

| क्र.सं. | विवरण | भैसी | भेडा/बाखा | बंगुर | पाडापाडी | गाई | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | लगानी भएको कर्जा रकम (रु. १० लाखमा) | ४४१८ | १८२५ | ४५३ | २४९ | ७७९ | ७७२४ |
| २ | लगानी भएको पशुसंख्या | ५६३४६ | ३०४१९३ | ५६६६९ | २२६०९ | १०१२२ | ४४९९३९ |
| ३ | कर्जा लगानी प्रतिशत (%) | ५७ | २४ | ६ | ३ | १० | १०० |

### तालिका - १८ : वार्षिक मासु तथा दुध उत्पादन प्रक्षेपण (०७३/७४असारसम्मको कर्जाप्रवाहको आधारमा)

| क्र.सं. | पशुपालनको किसिम | पशु संख्या | उत्पादन संख्या | जीवित तौल मे. टन | मासु मे. टन | बजार मूल्य रु हजारमा |
|---|---|---|---|---|---|---|
| १ | भेडा/बाखा | ३०४,१९३ | ३४०,६९६ | ८,५१७ | ३,८३३ | २,२९९,६९९ |
| २ | बंगुर | ५६,६६९ | २२४,४०९ | २२,४४१ | १६,८३१ | ३,०२९,५२५ |
| ३ | पाडा पालन (१.५ चक्र) | २२,६०९ | ३२,२१८ | ८,०५४ | ४,०२७ | ८०५,४४६ |
| ४ | भैंसी पालन | ५६,३४६ | ११,२६९ | ५,०७१ | २,५३६ | ५०७,११४ |
| ५ | गाईपालन | १०,१२२ | | | | |
| ६ | जम्मा | ४४९,९३९ | ६०८,५९२ | ४४,०८४ | २७,२२६ | ६,६४१,७८३ |
| | दुध दिने लैनो भैंसी र गाई | दुध उत्पादन प्रति बेत | कुल दुध टन | | | मूल्य |
| | ६५,१३९ | १,८०० | ११७,२५० | | | ५,८६२,५१० |
| | मासु र दुधको जम्मा | | | | | १२,५०४,२९३ |

नोट - उत्पादन अनुमानका आधारहरु :

- बाखाको पाठा उत्पादन मोर्टालिटि कटाई प्रति माउ १.१२, जिवित तौल प्रति २५ किलो, मासु जिवित तौलको ४५%, प्रतिकिलो रु. ६००।-
- बंगुर पाठा उत्पादन प्रति माउ ३.९६, जिवित तौल माउ र भाले १०० किलो,जीवित तौलको मासु ७५ प्रतिशत र प्रति किलो रु. १८०।-
- पाडा जिवित तौल२५० किलो, मासु ५० प्रतिशत, मुल्य प्रतिके जी रु. २००।-
- भैंसीको माऊ र पाडा गरी ५०% बिक्री हुने, भैंसीको उत्पादन प्रति जिवित तौल प्रति ४५० किलो, मासु जीवीत तौलको ५०%, प्रतिकिलो रु. २००।-, दुधदिने गाई/भैंसी ९८%, दुधसरदर वार्षिक १८०० किलो, दुधको मुल्य प्रतिकिलो रु. ५०।-, दुधमा १ बेतको मात्र हिसाब गरिएको छ ।

उपरोक्त तालिका (क) र (ख) अनुसार यस कार्यक्रम अन्तर्गत २०७४ असार मसान्तसम्म ८३ हजार २४२ जना पशुपालक किसानलाई ४ लाख ४९ हजार ९३९ मासु/दुग्धजन्य पशुबस्तु पालन गर्नरु. ७ अर्ब ८४ करोड ४९ लाख कर्जा लगानी भएको छ । उक्त कर्जाबाट पालिएका पशुबस्तुबाट रु. ६ अर्ब ६४ करोड १८ लाख बराबरको मासु र रु. ५ अर्ब ८६ करोड २५ लाख बराबरको दुध उत्पादन गरी झण्डै रु. १२ अर्ब ५० करोड ४३ लाख बराबरको दुध तथा मासुजन्य पदार्थ उत्पादनमा योगदान भएको अनुमान गरिएको छ ।

### (ग) साना किसान नवीकरणीय ऊर्जा कार्यक्रम

यु.एन.सी.डी.एफ/क्लिन स्टार्टसँग सहकार्य गरी बैंकले साना किसान वातावरण तथा नविकरणीय उर्जा कार्यक्रम सञ्चालनमा ल्याएको छ । ग्रामीण दुर्गममा बिजुली बत्ती र सुविधायुक्त उर्जा प्रणालीबाट विमुख रहेका साना किसान तथा विपन्न परिवारहरुमा सौर्य उर्जा, बायोग्याँस, धुवाँ रहित चुल्हो र शुलभ शौचालय आदिको उपयुक्त सेवा पुऱ्याउने यो कार्यक्रमबाट ३ वर्षमा लगभग ४० हजार भन्दा बढी परिवार लाभान्वित हुने लक्ष्य राखिएको छ। यस कार्यक्रम अन्तर्गत यस आ.व.को अन्य सम्ममा २५ हजार ६१३ घरायसी सोलार सिस्टम, ६२६ बायोग्याँस र ९ हजार ४६७ सुधारिएको चुलो गरी ३५ हजार ७०६ साना किसान घर परिवार नविकरणीय उर्जाबाट लाभान्वित भई सकेका छन्।

**तालिका - १९ : आर्थिक वर्ष २०७३/७४ सम्मको नविकरणीय उर्जा कार्यक्रमको लक्ष्य र भौतिक प्रगति विवरण**

| क्र.सं. | विवरण | लक्ष्य | भौतिक प्रगति | प्रगति ％ |
|---|---|---|---|---|
| १ | सोलार | ३३०९९ | २५६१३ | ७७% |
| २ | बायोग्याँस | १०१ | ६२६ | ६२०% |
| ३ | सुधारिएको चुलो | ६९०० | ९४६७ | १३७% |
| | जम्मा | ४०१०० | ३५७०६ | ८९% |

**तालिका - २० : आर्थिक वर्ष २०७३/७४ सम्मको नविकरणीय उर्जा कार्यक्रमको प्रगति विवरण** रकम रु.हजारमा

| क्र.सं. | नवीकरणीय उर्जा प्रकार | आ.व. २०७१/७२ | | आ.व. २०७२/७३ | | आ.व. २०७३/७४ | |
|---|---|---|---|---|---|---|---|
| | | जडान संख्या | ऋण लगानी | जडान संख्या | ऋण लगानी | जडान संख्या | ऋण लगानी |
| १ | वायो ग्याँस | ८३ | ३३३३ | ४३२ | १८३८६ | ६२६ | |
| २ | सौर्य उर्जा | ९२६४ | १४३६९५ | १५१४८ | २५४३०३ | २५६१३ | |
| ३ | सुधारिएको चुल्हो | १८३ | ० | ३६६ | ० | ९४६७ | |
| | जम्मा | ९५३० | १४७०२८ | १५९४६ | २७२६८९ | ३५७०६ | ३४४९४४ |

### (घ) जिविकोपार्जन कर्जा

वि.सं. २०७२ साल बैसाख १२ को विनासकारी भुकम्पले कार्यक्रम सञ्चालित २९ जिल्लाका २५१ वटा साना किसान सहकारी संस्थामा आवद्ध रहेका मध्ये ६६ हजार १४७ परिवारमा ठूलो असर परेको छ। भुकम्पमा ज्यान गुमाउनु परेका साना किसान परिवारका ७६७ जना मध्ये काठमाडौं र इलाका कार्यालय गजुरी अन्तरगतका ९ वटा जिल्लाबाट मात्र ७६५ जनाको मृत्यू हुनुले यस क्षेत्रमा परेको क्षतिको सहजै अनुमान गर्न सकिन्छ। समूहमा आवद्ध सदस्यहरु मध्ये पनि ११३ जनाको यसै क्षेत्रमा निधन भएको छ। कुल ४८ हजार ३३० साना किसान परिवार को घर पूर्ण रुपमा क्षति भएको छ। १३१४ थान गाई, १९११ थान भैंसी, ७९२९ थान बाखा, ३६१३ थान बंगुर, र ठूलो संख्यामा माछा एवं कुखुरा मरेका थिए। घर, पशुपंक्षी, बालीनाली एवं खाद्यान्न सहित साना किसान परिवारमा अर्बौंको क्षति पुगेको थियो। उक्त क्षेत्रहरुमा साना किसान विकास बैंकबाट लगानी भएको रु. ३ अर्ब ९७ करोड कर्जा मध्ये रु. १ अर्ब ९७ करोड प्रभावित साना किसान परिवारहरुमा रहेको देखिन्छ। बैंकले उक्त क्षेत्रका संस्थाहरुलाई आवश्यकता अनुसार निश्चित समयका लागि कर्जा पुनरसंरचना एवं म्याद थप गर्ने सुविधा प्रदान गरेको थियो। भुकम्प प्रभावित ३ जिल्लाहरु धादिङ्ग, नुवाकोट र रसुवा जिल्लाका ५२ संस्थाहरुसँग सम्झौता भई संस्थामा आवद्ध १४ हजार ८८४ साना किसान सदस्यहरुलाई ऋण प्रदान भई २०७४ असार मसान्तसम्ममा ६६ करोड ४९ लाख ऋण लगानी तथा ६ करोड ४८ लाख असुली भई ६० करोड ९० हजार लगानीमा रहिरहेको रकम छ।

## ५.२ नेपाल सरकारको सहयोगमा बैंकबाट सञ्चालित कार्यक्रमहरू

### (क) साना किसान सहकारी अनुसरण कार्यक्रम

बैंकले ग्रामीण क्षेत्रमा प्रभावकारी दिगो लघुवित्त सेवा प्रवाहका लागि स्थानीय प्रणाली विकास गर्न नवप्रवर्तनीय अभ्यासका रूपमा साना किसान सहकारी अनुसरण कार्यक्रम सञ्चालन गर्दै आएको छ। साना किसान सहकारी अनुसरण कार्यक्रमअन्तर्गत साना किसान सहकारीको लघुवित्त सेवा नपुगेका क्षेत्रका विपन्न तथा साना किसानहरूलाई सङ्गठित गरी आ-आफ्नो गाविसमा आवश्यक लघुवित्त सेवा दिन सक्षम साना किसान सहकारी संस्थाको गठन गरी दिगो र निरन्तर सेवा उपलब्ध हुने व्यवस्था मिलाइन्छ। अनुसरणबाट निर्मित साना किसान सहकारी संस्थाले आफ्ना सदस्यको आर्थिक/सामाजिक विकासका लागि योजना तर्जुमा तथा लघुवित्त सेवाको कार्यान्वयन गर्ने सामर्थ्य सहितको संस्थागत विकासको यो परिकल्पना नेपालको मात्र नभएर अन्य मुलुकलाई समेत अनुसरण योग्य हुने ठानिएको छ। यसबाट ग्रामीण क्षेत्रमा लघुवित्त सेवा प्रदान गर्नमा ठूलो सहयोग पुगेको छ।

**तालिका २१ : साना किसान सहकारी अनुसरण कार्यक्रमको आर्थिक वर्षअनुसारको प्रगति विवरण**

| क्र. सं. | विवरण | आर्थिक वर्ष | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | कुल जम्मा |
| १ | गा.वि.स. सङ्ख्या | १२ | १२ | १२ | १६ | ७७ | ६० | ६३ | १०० | ५२ | ५२ | ४२६ |
| २ | लाभान्वित परिवार | ८६४० | ८४०० | ८१६० | १०५६० | ४९२८० | ३७२०० | २६७७५ | ५०००० | २०८०० | २०००० | २१०७६० |
| ३ | अनुदान प्राप्त | २५०० | ५००० | ५००० | ५००० | ३०००० | २३५०० | २७५०० | ५७००० | ३५००० | ३५००० | २२५५०० |
| ४ | खर्च रकम (रु. हजारमा) | २४९९ | ५००० | ४९७९ | ५००० | ३००४९ | २३३०६ | २४१३९ | ५७००० | ३५००० | ३५००० | २२१९७२ |

अनुसरण कार्यक्रममा नेपाल सरकारको महत्वपूर्ण सहयोग रहँदै आएको छ। बैंकले विश्व बैंक अन्तर्गत सीजीएपीबाट प्राप्त पुरस्कार राशीलाई अनुसरण कोषका रूपमा स्थापना गरी साना किसान सहकारी अनुसरण कार्यक्रम सञ्चालन गर्दै आएको छ। त्यस्तै विगतमा अनुसरण कार्यमा जी. आई. जेड. र कृषि विकास बैंकको समेत सहयोग रहेको छ। आर्थिक वर्ष २०७३/०७४ मा साना किसान सहकारीको सेवा नपुगेका थप ५२ वटा तत्कालिन गा.वि.स.मा सो सेवा उपलब्ध गराउन सक्षम स्थानीयस्तरको साना किसान सहकारी संस्था प्रवर्द्धनको कार्य अघि बढाइएको छ। यो समेत २०७४ असार मसान्तसम्ममा देशका विभिन्न तत्कालिन ४२६ गा. वि. स. मा अनुसरण कार्यक्रम सञ्चालन भई स्वतन्त्र रूपमा सञ्चालनमा आइसकेका छन्। ४२६ गाविसमा साना किसान सहकारी संस्थाको स्थापना गर्ने कार्यमा रु. २२ करोड १९ लाख ७२ हजार खर्च भएको छ भने यी संस्थाहरूले २ लाख ५० हजारभन्दा बढी परिवारमा रु. ५ अर्बभन्दा बढीको लघुवित्त सेवा प्रदान गर्दै आएका छन्। अनुसरण कार्यक्रमको हालसम्मको प्रगति तालिका नं. २१ मा दिइएको छ।

### (ख) तालिम / गोष्ठी / अवलोकन (क्षमता विकास) कार्यक्रम

आर्थिक वर्ष २०६३र६४ देखि २०७१र७२ सम्म २३७९ वटा तालिम गोष्ठि सम्पन्न भई १ लाख १ हजार ७४१ जनालाई विभिन्न सीप तथा दक्षता अभिवृद्धि सम्बन्धि विभिन्न तालिम, कार्यक्रमको समीक्षा तथा रणनिति तर्जुमा सम्बन्धी कार्यमा सहभागी गराइएको छ। आ.व. २०७३/७४ सम्म यस बैंकलाई रु.७ करोड ३० लाख अनुदान प्राप्त भएको छ। उक्त कार्यमा आ.व. २०७३/७४ सम्ममा कुल जम्मा रु.७ करोड ५९ लाख ६६ हजार खर्च भएको छ, जसमा नेपाल सरकारबाट रु.७ करोड २५ लाख ३ हजार अनुदान सहयोग प्राप्त र बैंकर संस्थाबाट रु. ३४ लाख ६३ हजार खर्च भएको छ। यसबाट साना किसानहरूलाई सहकारी व्यवस्थापन, नेतृत्व तथा क्षमता विकास तथा परियोजना सञ्चालन सीप हासिल गर्न महत्वपूर्ण योगदान पुगेको छ। आ. व. २०७३/७४ मा मात्र नेपाल सरकारबाट उपलब्ध रु. १ करोड २५ लाख अनुदान सहयोगअन्तर्गत विभिन्न किसिमका २४१ तालिम/गोष्ठी सञ्चालन भई १२ हजार ७ सय ६९ जना लाभान्वित भएका छन्। यससम्बन्धी विस्तृत विवरण तालिका २२ मा दिइएको छ।

**तालिका २२ : तालिम / गोष्ठी (क्षमता विकास) कार्यक्रमको आर्थिक वर्षअनुसारको प्रगति विवरण**

| क्र. सं. | विवरण | आर्थिक वर्ष (रु. हजारमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६३/६४ | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | कुल जम्मा |
| १ | तालिम सङ्ख्या | २६४ | ३०५ | १८९ | २७७ | १८२ | २४० | १६५ | १७६ | १५५ | १८५ | २४१ | २३७९ |
| २ | सहभागी सङ्ख्या | ८८८५ | १०३५२ | ८२६५ | ८१६५ | ८३३८ | ८५४१ | ९२३५ | ९०१० | ७६७५ | १०५०६ | १२७६९ | १०१७४१ |
| ३ | बैंकरसंस्था खर्च | १ | १ | ११९७ | ० | ५७३ | ० | १७ | ११२ | १५ | ५२ | १४९५ | ३४६३ |
| ४ | अनुदान खर्च | ३५०० | ३५०० | २५०० | ३५०० | ८५०० | ५००० | ५००० | ७५०० | ९००० | १२५०० | १२५०० | ७३००० |
| ५ | कुल खर्च | ३५०१ | ३५०१ | ३६९७ | ३५०० | ९०७३ | ५००० | ५०१७ | ७६१२ | ९०१५ | १२५५२ | १३९९५ | ७५९६६ |

### (ग) सामाजिक/सामुदायिक एवं पूर्वाधार विकास कार्यक्रम

लघुवित्त सेवाले मात्र साना किसानको जीवनयापनमा सुधार ल्याउन नसकिने महसुस गरी साना किसान सहकारी संस्थाहरुले आफ्ना सदस्यको समग्र पक्षमा सुधार ल्याउन नेपाल सरकार तथा आन्तरिक स्रोतको उपयोग गरि ग्रामीण क्षेत्रमा सुलभ शौचालय, विद्यालय मर्मत, पुलपुलेसो, कुलोमर्मत, कृषिसडक स्याहार-सम्भार, बृक्षरोपण, पशु उपचार शिविर, उन्नत नश्लका बीउ पशुको व्यवस्था, पशु भ्याक्सिन, सामुदायिक भवन, तालिम भवन, बालविकास, कृषि औजार, स्ट्रेचर आदि सामाजिक/सामुदायिक विकासका कार्यक्रम सञ्चालन गरेका छन्। यस्ता कार्यक्रममा संस्थाको आफ्नो वित्तीय स्रोत तथा जनसहभागिताको उच्चतम सदुपयोग गरिएको छ भने वाहय स्रोतको अंश १४ प्रतिशत मात्र भएको देखिन्छ। अहिलेसम्ममा यस कार्यक्रम अन्तर्गत साना किसान सहकारीहरुले झण्डै रु.५५ करोड मूल्यका २४० भन्दाबढी सहकारी भवन निर्माण गरि कार्यालय सञ्चालन,तालिम तथा कृषिसंग सम्बन्धित वस्तुहरुको बेचबिखन तथा भण्डारण सेवा उपलब्ध गराउन सफल भएका छन् ।यस कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७३/७४ सम्ममा नेपाल सरकारबाट प्राप्त अनुदान रु.६ करोड ४१ लाख मध्ये रु.६ करोड ४० लाख ७९ हजार खर्च भएको छ। उक्त

अनुदान सहयोग, संस्थाले व्यहोरेको रकम एवं जनसहभागिता समेत गरि कुल रु.४४ करोड ९७ लाख ६४ हजार बराबरीको सामाजिक पूँजी निर्माण गर्न साना किसानहरु सफल भएका छन् । आर्थिक वर्ष २०७३/७४ मा रु. १ करोड २५ लाख बराबरीको १५० कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा साना किसानहरुको उत्साहजनक सहभागिता प्राप्त भई १९७ कार्यक्रम मार्फत रु.५ करोड ६५ लाख ७३ हजार बराबरीको कार्यक्रम सम्पन्न भएको छ । जसमा अनुदान खर्च रु. १ करोड २५ लाख बाहेक साना किसानहरुले बाँकी रकम आफै व्यवस्था गर्न सफल भएका छन् । जसबाट १ लाख २ हजार ८८८ परिवार लाभान्वित भएका छन् । यससम्बन्धी विवरण तालिका नं.२३ मा प्रस्तुत गरिएको छ ।

**तालिका २३ : सामुदायिक एवं पूर्वाधार विकास कार्यक्रमको आर्थिक वर्षअनुसारको प्रगति विवरण**

| क्र.सं. | विवरण | आर्थिक वर्ष (रु. हजारमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६३/६४ | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७२/७३ | कुल जम्मा |
| १ | कार्यक्रम सङ्ख्या | १७८ | ३२३ | १७७ | १३७ | १०८ | १६२ | १४० | १९४ | २४३ | २३१ | १९७ | २०९० |
| २ | लाभान्वित परिवार | ९५५८ | ११२५५ | ५५४१२ | ११६६८३ | ३२०३५ | ७५२५६ | ६२६०० | ८३०४५ | १४९२५२ | ११७००९ | १०२८८८ | ८१४९९३ |
| ३ | संस्थाले व्यहोरेको रकम | १४४५ | १४४५ | २३८१४ | ३७९९ | १०५७३ | २८३२२ | २०२६६ | १८५०५ | २४६२० | १३९६१८ | ३७१४३ | ३०९५५० |
| ४ | जनसहभागिता | १३४५ | १३४५ | २३५३ | २६१९ | १५६८ | १९२६६ | ४७४८ | ७७२० | ११०२१ | १७२२० | ६९३० | ७३७८२ |
| ५ | अनुदान सहयोग | १४९९ | १५०० | १५०० | १४९७ | १५०० | ४९८३ | ४१०० | ७५०० | १५००० | १२५०० | १२५०० | ६४०७९ |
| ६ | कुल खर्च रकम | ४२८९ | ४२९० | २७६६७ | ७९१५ | १३६४१ | ५२५७१ | २९११४ | ३३७२५ | ५०६४१ | १६९३३८ | ५६५७३ | ४४९७६४ |

## (घ) मासुजन्य पशुधन प्रवर्द्धन कार्यक्रम

मासुजन्य पशुधन प्रवर्द्धन कार्यक्रमअन्तर्गत बैंकले आ.व. २०७३/७४ मा पशुपालन व्यवस्थापन, उपचार तथा पशुधन सुरक्षण जस्ता विभिन्न २९८ वटा तालिम, उन्नत नश्लका बोका वितरण र सो सँग सम्बन्धित अन्य कार्यक्रम गरी हालसम्म १३६९ कृयाकलापहरु सम्पन्न भएका छन् । उक्त कार्यक्रम सञ्चालन गर्न समीक्षा वर्षमा नेपाल सरकारबाट प्राप्त अनुदानमध्ये रु.१ करोड खर्च भएको छ । बैंकबाट आर्थिक वर्ष २०६७/६८ देखि पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन भएकोमा सो कर्जा कार्यक्रमलाई सहयोग पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०६८-६९ देखि सुरु गरिएको यस पशुपालन प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानका लागि हाते पुस्तिका, मासुजन्य पशुपालनका लागि उपयोगी ब्रोसर/पम्पलेट, भिडियो सामाग्री तयारी र प्रदर्शन, १०० जनालाई पशुस्वास्थ्य कार्यकर्ताको ३५ दिने प्राविधिक तालिम, २७ हजार जनालाई पशुपालन व्यबस्थापन तथा पशुधन सुरक्षण तालिम उपलब्ध गराइएको छ । हालसम्म यसबाट ६६ हजार भन्दा बढी लाभान्वित भएका छन् भने यो कार्यक्रमअन्तर्गत रु.४ करोड १४ लाख ९५ हजार खर्च भएको छ । कार्यक्रमको प्रभावकारिताका आधारमा चालु आर्थिक वर्ष २०७४/७५ मा पनि यस कार्यक्रमलाई निरन्तरता दिइएको छ । पशुपालन प्रवर्द्धन कार्यक्रमको प्रगति तालिका नं. २४ मा दिइएको छ ।

**तालिका २४ : पशुपालन प्रवर्द्धन कार्यक्रमको आर्थिक वर्षअनुसारको प्रगति विवरण**

| क्र.सं. | विवरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | जम्मा |
| १ | प्राप्त अनुदान | ५००० | ३५०० | ५००० | १०००० | १०००० | १०००० | ४३५०० |
| १ | तालिम तथा कार्यक्रम | १३९ | ११२ | १७३ | २७५ | ३७२ | २९८ | १३६९ |
| २ | लाभान्वित परिवार सङ्ख्या | ५८१७ | ४२२८ | ५३६८ | ८७६९ | १४७५८ | २७१७८ | ६६११८ |
| ३ | संस्थाले व्यहोरेको | ४६ | ४९ | ३१ | ३२ | २१ | ४०३ | ५८२ |
| ४ | बैंकले व्यहोरेको | ४७०० | २८४२ | ३३७१ | १०००० | १०००० | १०००० | ४०९१३ |
| ५ | कुल खर्च रकम | ४७४६ | २८९१ | ३४०२ | १००३२ | १००२१ | १०४०३ | ४१४९५ |

## (ङ) पशुधन सुरक्षण कार्यक्रम

पशुधन सुरक्षण कार्यक्रमअन्तर्गत आ.व.२०७३/७४ मा बैंकको समन्वयमा साना किसान सहकारी संस्थाहरूले १७७६० परिवारका रु.१ अर्ब ३८ करोड ८६ लाख ४८ हजार मूल्य बराबरका ४८९७७ वटा पशुको सुरक्षण कार्यक्रम सञ्चालन गरेका छन् । आ. व. २०७१/७२ बाट सुरक्षण शुल्क र उक्त शुल्कमा नेपाल सरकारको अनुदानबाट व्यहोरिने हिस्साको अनुपातमा परिवर्तन भएको कारण समीक्षा वर्षको अन्त्यसम्ममा सरकारी अनुदानबाट भएको खर्च किसानबाट व्यहोरिएको सुरक्षण शुल्क भन्दा बढी रहेको छ । यसरी आर्थिक वर्ष २०६८/६९ देखि आर्थिक वर्ष २०७३/७४ सम्ममा ७९ हजार ५ सय ३५ पशुपालक किसान परिवारका कुल ४ अर्ब ७७ करोड ३० लाख १५ हजार मूल्यका २ लाख १६ हजार ४ सय २३ वटा पशुवस्तुको सुरक्षण गर्दा लागेको कुल खर्च रकम रु. ३० करोड ०८ लाख ७८ हजारमध्ये नेपाल सरकारबाट प्राप्त अनुदानको योगदान ६७ प्रतिशत र पशुपालक साना किसानहरूको योगदान ३३ प्रतिशत रहेको छ । पशुधन सुरक्षण कार्यक्रमको प्रगति तालिका नं २५ मा दिइएको छ ।

**तालिका २५ : पशुपालन प्रवर्द्धन अन्तर्गत पशुधन सुरक्षण कार्यक्रमको आर्थिक वर्षअनुसारको प्रगति विवरण**

| क्र. सं. | विवरण | आर्थिक वर्ष (रू. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | जम्मा |
| १ | लाभान्वित परिवार | ११८४५ | ७२४१ | ८९५९ | १३८८९ | १९८४१ | १७७६० | ७५५३५ |
| २ | सुरक्षण गरिएको पशुसङ्ख्या | ३१३०३ | १८६६९ | १८४५३ | ४१४८७ | ५७५३४ | ४८९७७ | २१६४२३ |
| ३ | सुरक्षण गरिएको पशुको मुल्य | २१३०४० | ३०८५४० | ४१३१२० | ९५८६२९ | १४९१०३८ | १३८८६४८ | ४७७३०१५ |
| ४ | प्रिमियम रकम | २१३०४ | ३०८५४ | ४१३१२ | ५२२८५ | ८०७५८ | ७४३६५ | ३००८७८ |
| ५ | प्राप्त अनुदान | १०६५२ | १५४२७ | २०६५६ | ३९२१४ | ६०००० | ५५७५८ | २०१७०७ |
| ६ | पशुधनी किसानले व्यहोरेको | १०६५२ | १५४२७ | २०६५६ | १३०७१ | २०७५८ | १८६०७ | ९९१७१ |

## ५.३ सरकार तथा अन्य सहयोगी निकाय समेतको सहयोगमा सञ्चालित अन्य कार्यक्रमहरू

### (क) किसानका लागि उन्नत बीउविजन कार्यक्रम

नेपाल सरकार, कृषि विकास मन्त्रालय र अन्तर्राष्ट्रिय कृषि विकास कोष (International Fund for Agricultural Development-IFAD) को सहयोगमा सञ्चालित "किसानका लागि उन्नत बिउबिजन कार्यक्रम" मा सहकार्य गर्न यस बैंक र कृषि विकास मन्त्रालय बीच सन् २०१२ डिसेम्बर २ मा सम्झौता भई रुकुम, रोल्पा, सल्यान, प्युठान, गुल्मी र अर्घाखाँची गरी ६ जिल्लाका ३० गाविसमा साना

किसान सहकारी संस्था स्थापना भई बैंकमा आवद्ध भई सफलतापूर्वक सञ्चालनमा रहेकाछन् । जसमा २४०३ समुहमा १३८५६ महिला र ५०३ पुरुष गरी जम्मा १४ हजार ३५९ सदस्यहरुमध्ये ७ हजार ९६५ ऋणी सदस्यमा २० करोड ८७ लाख कर्जा लगानीमा रहेको छ । यस कार्यक्रममा नेपाल कृषि सहकारी संघले समाज परिचालन र संस्थागत विकास सम्बन्धी कार्य गर्ने जिम्मा लिएको छ भने बैंकले लघुवित्त सेवाका सम्पूर्ण कार्यहरु गर्नेछ । यस कार्यक्रमको प्रभावकारिताका आधारमा इफाडको मध्यावधी मुल्याङ्कनबाट सोही जिल्लाहरुका थप ४५ वटा साना किसान सहकारी संस्था अनुसरण गर्न सिफारिस भएको छ । साथै नव-प्रवर्द्धित ७५ र पुराना ८ गरी सो क्षेत्रका ८३ वटा संस्थालाई ऋण पुँजीको व्यवस्था गर्न अमेरिकी डलर ८ मिलियन बराबरको ऋण सहयोगको समेत इफाडको मध्यावधी मुल्यांकनबाट सिफारिस प्राप्त भएको छ ।

### (ख) साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम

कृषि सम्बन्धी ज्ञान, सीप र अभ्यास प्रदान गरी युवाहरुमा व्यावसायिक कृषि क्षमता बढाउन नेपालका लागि इजरायली राजदुतावासको सहकार्यमा "साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम" सञ्चालन गरिएको छ । यस कार्यक्रम अन्तरगत साना किसान परिवारका विद्यार्थीहरुलाई उन्नत कृषि प्रणाली सम्बन्धी तालिमका लागि इजरायलका विभिन्न कलेज तथा कृषि तालिम केन्द्रमा अध्ययनका लागि सहभागी गराईन्छ । १०-११ महिना अवधिसम्म सञ्चालन हुने उक्त तालिममा साताको १ दिन सैद्धान्तिक कक्षा र ५ दिन अनुसन्धानमुखी प्रयोगात्मक कार्य सञ्चालन हुने छ । प्रयोगात्मक कार्यका लागि तालिमका सहभागीहरुले इजरायली नियम र मापदण्ड अनुसारको पारिश्रमिक प्राप्त गर्नेछन् । तालिमको अन्त्यमा सहभागीहरुले सिकेका कुराहरुको प्रस्तुती सहित सो तालिम केन्द्रमा अनुसन्धान प्रतिवेदन बुझाउनुपर्ने छ। साना किसान बैंकसँग आबद्ध भएका देशका विभिन्न जिल्लाका साना किसान कृषि सहकारी संस्थाका साना किसान सदस्यका छोराछोरी मध्ये दश जोड दुई (१२) पास गरेका २०-३० वर्ष उमेर समुहका योग्य र इच्छुक युवाहरुमध्ये बाट गोलाप्रथा एवं अन्तरवार्ता विधिबाट प्रशिक्षार्थीहरुको छनौट गरी साना किसान बैंकले हालसम्ममा २१४५ जनालाई यस कार्यक्रममा सहभागी गराई सकिएको छ । २०७४ सालमा विभिन्न ५४३ जना प्रशिक्षार्थी त्यसतर्फ पठाइएको छ । २०७३ देखि इजरायल जाने प्रशिक्षार्थीहरुले काठमाडौं विश्वविद्यालय अन्तरगतको प्राविधिक शिक्षालयमा भर्ना भई सैद्धान्तिक र व्यवहारिक तालिम लिने व्यवस्था मिलाइएको छ ।

**तालिका नं. २६ साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रमको प्रगति**

| क्रसं | सत्र | कार्यक्रम जिल्ला संख्या | सहभागी सहकारी संस्था संख्या | कुल सहभागि प्रशिक्षार्थी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा | |
| १ | सन् २०१३-१४ | ८ | ६३ | १७९ | २६ | २०५ | तालिम पुरा गरी फर्की सकेका । |
| २ | सन् २०१४-१५ | २१ | १५९ | ४१९ | ९६ | ५१५ | |
| ३ | सन् २०१५-१६ | ३३ | १६५ | ३५१ | ७९ | ४३० | |
| ४ | सन् २०१६-१७ | ६० | ३०८ | ३६३ | ८६ | ४४९ | |
| ५ | सन् २०१७-१८ | ६६ | ४३१ | ४३५ | १०८ | ५४३ | अध्ययनरत |
| | कुल जम्मा | | | १७४७ | ३९५ | २१४२ | |

यस प्रकारका तालिमबाट साना किसान परिवारका विद्यार्थीहरुमा सीप तथा क्षमतामा अभिवृद्धि भई नेपालकै कृषि क्षेत्रका लागि महत्वपूर्ण योगदान पुग्ने विश्वास लिईएको छ। इजरायलको यो कृषि तालिमबाट फर्केका विद्यार्थीहरुले सिकेका सीप, प्रविधि र ज्ञानको प्रसारबाट सम्बन्धित गाउँका अन्य साना किसानहरु समेत लाभान्वित भई कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको छ । आबद्ध साना किसान कृषि सहकारी संस्थाहरु मार्फत साना किसान विकास बैंकको वित्तीय सेवा समेत प्राप्त गरी यी विद्यार्थीहरु स्वयम्ले स्वदेशमा नै व्यावसायिक कृषि परियोजनाहरु सञ्चालन गरी बिपन्न

र साना किसानहरुको जीवनमा परिवर्तन ल्याउन उदाहरण बन्नेछन् भन्ने आशा राखिएको छ।

## (ग) साना किसान सूचना प्रविधि विकास कोष

आजको सूचना-प्रविधिको युगमा सबै ग्रामीण सहकारी संस्थाहरूको सूचना-प्रविधिमा सहज पहुँच हुनुपर्छ भन्ने बैंकको मान्यता रहेको छ। बैंक तथा संस्थाका जनशक्तिहरूमा सूचना-प्रविधिसम्बन्धी ज्ञान, सीप र प्रवृत्ति विकास गर्न, यससम्बन्धी आवश्यक न्यूनतम उपकरण, यन्त्र र सुविधाहरू विस्तार गर्न र यस प्रकारका कार्यहरूलाई यथाशक्य निरन्तरता दिन बैंकमा एक सूचना-प्रविधि विकास कोष खडा गरिएको छ। यस कोषमा दातृ तथा सहयोगी निकायहरूबाट प्राप्त सहयोग, सहभागी संस्थाहरूको योगदान र बैंकको सहयोग रहनेछ । हाल यस कोषमा रु.१० लाख मौज्दात रहेको छ । यसै सिलसिलामा विभिन्न प्रक्रिया पूरा गरी विगतमा १-१ वटाको दरले १०० वटा साना किसान सहकारी संस्थाहरूलाई ल्यापटप वितरण गरी सूचना-प्रविधिमा संस्थाहरूको पहुँच सहज बनाउन सहयोग पुऱ्याइएको थियो । नेपालजस्तो भौगोलिक विषमता भएको मुलुकमा लघुवित्तको सहज पहुँच अभिबृद्धि गर्न मोबाइल बैङ्किङको अवधारणा विकास गर्न जरुरी देखिएको छ। यसका लागि सेवाप्रदायक र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसँग सहकार्य गर्न बैंकले पहल गरेको छ। लघुवित्तमा नयाँ र उच्च तहको प्रविधि प्रयोग गरी लघुवित्त सेवालाई सहज रूपमा दुर्गम हिमाली र पहाडी जिल्लाहरूमा अझ प्रभावकारी रूपले विस्तार गर्न बैंकले सूचना-प्रविधिलाई महत्वका साथ उपयोग गर्ने सोच रहेको छ।

## (घ) साना किसान राहत कोष

२०७२ बैशाख १२ को महाभुकम्प तथा त्यस पश्चातका पराकम्पनका कारण विभिन्न जिल्लाहरुमा साना किसान सदस्यहरु प्रभावित भएको कुरा मध्यनजर गर्दै उक्त क्षेत्रका साना किसान सहकारी संस्था मार्फत साना किसान परिवार सम्म सहयोग परिचालन गर्ने उद्देश्यले एक कोषको आवश्यकता महशुस गर्दै साना किसान विकास बैंकले साना किसान राहतकोष को स्थापना गरेको छ । यस बैंकले भुकम्प पिडित जिल्लाका साना किसानहरुमा विभिन्न प्रकारका राहत सामाग्री तथा केही नगद वितरण गर्नुका साथै प्रधानमन्त्री राहत कोषमा समेत करिब १७ लाख जम्मा गरिसकेपश्चात पनि यस कोषमा २०७४ आषाढ मसान्तमा मौज्दात रकम रु.५०,६७,०१३।- बाँकि रहेको अवस्था छ। यस कोषलाई विविध प्राकृतिक विपतहरुको सामना गर्नको लागि निरन्तरता दिने निर्णय अनुसार निरन्तरता दिइएको छ।

२०७४ श्रावण महिनाको अन्तिम साताको बाढी तथा पहिरो बाट साना किसान सहकारी संस्था लि.हरुमा भएको क्षतिको सहयोगार्थ मिति २०७४/०५/१३ गतेका दिन नेपाल कृषि सहकारी केन्द्रीय संघ र यस बैंकका देहायका प्रतिनिधि रहने गरी केन्द्रीय स्तरमा कमिटी गठन भएको जानकारी भयो । साथै, महाभुकम्प २०७२ को समयमा संकलन भएका सहयोग राशीबाट बाढीपिडितहरुमा सहयोग पुऱ्याउन सहयोग गर्ने समेत निर्णय गरियो।

१. श्री खेम बहादुर पाठक, अध्यक्ष, सा.कि.वि. बैंक लि. तथा ने.कृ.स.के.संघ - अध्यक्ष
२. डा. शिवराम प्रसाद कोइराला, निमित्त प्रमुख कार्यकारी अधिकृत, सा.कि.वि.बैंक लि. - सदस्य
३. श्री रुद्र भट्टराई, महाप्रबन्धक, ने.कृ.स.केन्द्रीय संघ लि. - सदस्य
४. श्री कृष्ण प्रसाद लामिछाने, मुख्य प्रबन्धक, सा. कि. वि. बैंक लि. - सदस्य
५. श्री झलेन्द्र भट्टराई, मुख्य प्रबन्धक, सा. कि. वि.बैंक लि. - सदस्य
६. श्री मिना पोखरेल, वरिष्ठ कार्यक्रम प्रबन्धक, ने. कृ. स. के. संघ लि. - सदस्य
७. श्री लिलाधर धिताल, वरिष्ठ प्रबन्धक, सा. कि. वि.बैंक लि. - सदस्य सचिव

यो समितिले गरेको निर्णयानुसार सबै इलाका कार्यालय अन्तर्गतका साना किसान सहकारी संस्थाहरु तथा केन्द्रीय संघ र यस बैंकका कर्मचारीहरुको तलव समेत बाट सहयोग गर्ने गरि निर्णय गरिएकोमा निम्न बमोजिम रकम संकलन भएको छ।

**तालिका नं. २७: बाढी पिडितको सहयोगार्थ प्राप्त भएको विवरण**

| क्र.सं. | सहयोग प्रदायकहरु | सहयोगी संख्या | रकम रू.मा |
|---|---|---|---|
| १ | अत्तरिया इलाका अन्तर्गतका संस्थाहरु | १४ | १५६८५७.०० |
| २ | गजुरी इलाका अन्तर्गतका संस्थाहरु | १३ | ३१५११६.०० |
| ३ | एकाइ कार्यालय काठमाडौ. अन्तर्गतका संस्थाहरु | ८ | ७५०००.०० |
| ४ | साना किसान विकास बैंक लि. का कर्मचारीहरु | ८० | २५६९२१.३६ |
| ५ | नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का कर्मचारीहरु | | ६५०३१ |
| | कुल जम्मा | ११५ | ८६८९२५.३६ |

२०७४ आषाढ मसान्तमा बाँकि रहेको मौज्दात रकम रु.५०,६७,०१३।- मा नै यस वर्ष संकलित रकमलाई पनि समावेश गर्दै बाढी पिडित तथा यस्तै प्रकृतिका अन्य हुनसक्ने घटनामा खर्च गर्दै जाने रणनिति बैंक व्यवस्थापनले बनाएको छ ।

### (ङ) अन्तर्राष्ट्रिय तालिम, गोष्ठी तथा अध्ययन-भ्रमण

अन्तर्राष्ट्रिय लघुवित्त सम्बन्धी कार्यक्रमहरूमा बैंकका उच्च पदाधिकारीबाट भाग लिइने र CICTAB, APRACA, CECI Uniterra, ICA आदि संस्थाबाट सञ्चालन हुने तालिम, गोष्ठि तथा भ्रमण कार्यक्रममा यस बैंकका तर्फबाट सहभागिता रहँदै आएको छ । यसै अनुरूप उक्त संस्थाको भारत लगायत अन्य सदस्य देशमा सञ्चालन हुने तालिममा यो बैंक र साना किसान सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरूलाई पठाउने प्रक्रियालाई निरन्तरता दिइएको छ ।

**तालिका नं. २८ आ.व. २०७३/७४ मा सम्पन्न अन्तर्राष्ट्रिय तालिम, गोष्ठि, अध्ययन, भ्रमण कार्यक्रम**

| क्र सं | आयोजक | कार्यक्रम/विषय | देश | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | CICTAB | Cooperative Governance for the Board of Directors of Rural Financing Institution and Cooperative | श्रीलंका | १ |
| २ | APRACA | 5th World Congress on Rural and Agricultural Finance | सेनेगल | २ |
| ३ | CICTAB | Exposure Visit program on cooperative Business model in Sri Lanka | श्रीलंका | १ |
| ४ | CICTAB | International program on Training Techniques for Trainers of cooperative and Rural Financing Institution | भारत | १ |
| ५ | CICTAB | International program on Agricultural Financing and Rural Development | बंगलादेश | १ |
| ६ | CICTAB | 47th Meeting of Managing Committee and 20th General Council Meeting | भारत | १ |
| ७ | CICTAB | International Programme on Agri Valu Chain Financing | भारत | २ |
| ८ | CICTAB | Cooperative Governance for the Board of Directors of Rural Financing Institution and Cooperative | श्रीलंका | १ |
| ९ | CICTAB | International Programme on Trainning Techniques for Trainners Cooperative and Rural Financing Institution | भारत | १ |
| १० | CICTAB | "Cooperative Governance for the Board of Directors of Rural Financing Institution and Cooperative | श्रीलंका | १ |

## ५.४ बैंकको भावी योजना

बैंकले सन् २०२५ सम्ममा कूल १ हजार साना किसान सहकारी संस्था तथा यस्तै प्रकृतिका अन्य संस्थाहरूमार्फत १० लाख विपन्न तथा साना किसान परिवारमा सेवा पुऱ्याउने लक्ष्य राखेको छ । भावी दिनमा बैंक तथा यसमा आबद्ध संस्थाहरूलाई सूचना-प्रविधिसँग जोड्ने, वित्तीय रूपमा स्वस्थ र सबल बनाउने, ग्राहक संस्थाहरूको व्यवस्थापकीय र वित्तीय स्थिति बलियो बनाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने, दिगो वित्तीय स्रोतमा पहुँच बनाउने, विभिन्न सहयोगी निकाय / संस्थाहरूसँग समन्वय गरी लघुवित्तमार्फत कृषिक्षेत्रको विकासमा योगदान पुऱ्याउने सन्दर्भमा यस बैंकले देहायअनुसारको भावी कार्यक्रमहरूमा जोड दिनेछ –

(१) लघुवित्त सेवा नपुगेका र अपर्याप्त रहेका क्षेत्रहरुमा सेवा विस्तारका लागि क्रमशः कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

(२) आदिवासी, मधेसी, दलित, जनजाती, सुकुम्वासी र खास गरी विपन्न ग्रामीण महिला आदि लघुवित्त सेवाबाट बञ्चित वर्गको लघुवित्त सेवामा पहुँच बढाउन अनुसरण कार्यक्रम तथा व्यवसाय विस्तारका उपयुक्त नमुनाहरुलाई प्रभावकारी रुपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

(३) साना किसान सम्मेलन २०७१ को घोषणा पत्रमा उल्लिखित लक्ष्य र उद्देश्य प्राप्तिका लागि नेपाल सरकार, सहयोगी निकायहरु तथा दातृ संस्थाहरुसँग समन्वय गरिनेछ ।

(४) नेपाल सरकारको सहयोगमा सञ्चालित मासुजन्य र दुग्ध पदार्थ उत्पादनका लागि पशुपालन कर्जा कार्यक्रमलाई अझ प्रभावकारी बनाई विस्तार गरिने छ ।

(५) तरकारी (खास गरी आलु) खेतीका लागि सहुलियतपूर्ण सहज कर्जाको व्यवस्था गरी मुलुकलाई तरकारीमा आत्मनिर्भर बनाउन नेपाल सरकारसँग सहयोग र सहकार्यको सम्भावना खोजी गरिनेछ ।

(६) यस बैंकको नेतृत्वमा विपन्न तथा साना किसानहरुलाई कृषि मूल्यश्रृङ्खलाका विविध पक्षहरुमा सहभागी गराई सहकारी कृषि प्रशोधनशाला स्थापना गराउन एसियाली विकास बैंक तथा विभिन्न सहयोगी निकायहरुसँग समन्वय गरिने छ ।

(७) बैंकको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने र सहयोग आदान प्रदान हुन सक्ने सम्भाव्य राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरु पहिचान गरी सहकार्यको लाभ लिने वातावरण मिलाईनेछ ।

(८) प्रभावकारी अनुगमन र निरीक्षण व्यवस्थाबाट ग्राहक संस्थाहरूमा सुशासनको अवस्था सुदृढ गराईनेछ ।

(९) संस्थाको वित्तीय स्वास्थ्य तथा ग्रामीण विकासमा पुऱ्याएको योगदानको आधारमा संस्थामा संलग्न नेतृत्ववर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीको समेत क्षमता अभिवृद्धि हुने अवसरहरूको खोजी गरिने छ ।

(१०) साना किसान विकास बैंकको सञ्चालक समितिमा समूह “क” संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्था लि.हरुबाट प्रतिनिधित्व हुने ३ जना मध्ये एक जना महिला सञ्चालक रहने व्यवस्था गरिने छ ।

(११) कार्यक्षेत्र भित्रका विपन्न तथा साना किसान परिवार मा सुधारिएको चुल्हो, सौर्य उर्जा र गोबरग्यास जस्ता नविकरणीय उर्जाको विस्तारलाई निरन्तरता दिईनेछ ।

(१२) बिपन्न तथा साना किसानहरुमा वित्तीय सेवाको सहज पहुँच विस्तार गर्न एवं पारदर्शी र प्रभावकारी सेवाका लागि सुदृढ सूचना प्रविधिको स्थापना र उपयुक्त मोबाईल बैंकिङ्गको सम्भावना खोजी गरिनेछ ।

(१३) कर्जाको गुणस्तरलाई निरन्तर सुधार, आम्दानीको श्रोत विस्तार र खर्चको उचित व्यवस्थापन गर्दै बैंकको मुनाफामा बृद्धि गरी शेयरधनीहरुलाई यथोचित प्रतिफल उपलव्ध गराइनेछ ।

## ६. बैंकको व्यावसायिक सम्बन्ध

साना किसान विकास बैंक कम्पनी ऐन २०६३ बमोजिम मिति २०५८/०३/२२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नामाकरण पाई नेपाल राष्ट्र बैंकको मिति २०५८/११/१७ को पत्रबाट सञ्चालन स्वीकृति पाएको लिमिटेड कम्पनी हो । बैंक तथा वित्तीय संस्था ऐन अनुसार यो बैंक थोक लघुवित्त कारोबार गर्ने 'घ' वर्गको लघुवित्त संस्थाको रुपमा कार्यरत छ । मिति २०७०/०६/१४ मा नेपाल स्टक एक्सचेञ्जसँग सम्झौता गरी स्टक मार्केटमा सुचिकृत भएको यस बैंकले मिति २०७१/०८/१७ मा सी.डी.एस.सी. तथा क्लियरिङ्गसँग समेत सम्झौता गरी डिम्याट प्रकृया सुरु गरिसकेको छ। यस बैंकका संस्थापक शेयर धनी संस्था मध्ये २३१ वटा साना किसान सहकारी संस्थाहरु समेत यस बैंकका ग्राहक संस्था हुन् । यस बाहेक पनि लघुवित्त सेवा प्रदान गर्ने अन्य सहकारी/वित्तीय संस्थालाई समेत यस बैंकले आफ्ना सेवा प्रदान गर्दछ। बैंकले नियमानुसार मौजुदा सूचीमा रहेका व्यावसायिक फर्महरुसँग नियमित खरिद गर्दछ भने सिमा माथिको हकमा खुल्ला बोलपत्र आव्हान मार्फत वस्तु तथा सेवा खरिद गर्ने गर्दछ । यसका अतिरिक्त यस बैंकको व्यावसायिक सम्बन्ध रहेका निकाय/संघ/संस्थाहरु सम्बन्धमा तल छोटकरीमा प्रस्तुत गरिएको छ ।

### ६.१ नेपाल सरकार

साना किसान विकास कार्यक्रमको प्रारम्भ देखि नै नेपाल सरकार को महत्वपूर्ण सहयोग रहँदै आएको छ। यस बैंकको स्थापनामा प्रवर्धक शेयर धनीको रुपमा नेपाल सरकारले रु. दुई करोड शेयर लगानी गरेको थियो भने उक्त शेयर साना किसान सहकारी संस्थाहरुलाई नै बिक्री गरेको छ। नेपाल सरकारले प्रत्येक बर्ष साना किसान सहकारी संस्थाहरुको सुदृढीकरण, साना किसान सहकारी अनुसरण, तालिम तथा गोष्ठी, सामाजिक सामुदायिक विकास, पशुपालन प्रवर्द्धनर पशुधन सुरक्षण कार्यक्रम आदिका लागि अनुदान सहयोग हुँदै आएको छ। साथै नेपाल सरकारको युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट विगत वर्षमा रु.९ करोड कर्जा लिएकोमा बैंकबाट उक्त कर्जा सम्पूर्ण चुक्ता भैसकेको छ । यसका अलावा साना किसान विकास बैंकसँग आबद्ध साना किसान सहकारी संस्था लि. मार्फत पशुपालक साना किसानलाई लगानी गर्ने गरी रु.६ (छ) अर्बको मासु तथा दुग्धजन्य पशुपालन कर्जा लगानी गर्न समेत यस बैंकलाई जिम्मेवारी प्रदान भएको छ। बैंकले उक्त रकमको २०७४ असार मसान्त सम्मको सम्पूर्ण ब्याज र रु.९० करोड साँवा भुक्तानी गरिसकेको छ । यस कार्यक्रम प्रति साना किसानहरुको आकर्षण र प्रभावकारिताका आधारमा आगामी वर्षहरुमा अझै विस्तार सहित निरन्तरता दिइनु पर्ने महसुस हुन आएको छ ।

### ६.२ नेपाल राष्ट्र बैंक

नेपाल राष्ट्र बैंक अन्तरगत ग्रामीण स्वावलम्बन कोषबाट यस बैंकले निरन्तर लघुवित्तको लागि कर्जा प्राप्त गर्दै आएको छ। यसका अतिरिक्त सामुदायिक भूमिगत जल सिंचाई सेक्टर आयोजना अन्तरगत रु.१ करोड ८ लाख कर्जा प्राप्त भई साना किसान सहकारी संस्थाहरु मार्फत सिंचाई कार्यक्रम सञ्चालन गरिएको छ । नेपाल राष्ट्र बैंकबाट सिमित बैंकिङ्ग कार्य गर्न ईजाजत प्राप्त ११ वटा साना किसान सहकारी संस्थाको अनुगमन र निरीक्षण गर्ने महत्वपूर्ण जिम्मेवारी यस बैंकलाई प्रदान गरिएको छ । नियमनकारी निकायको रुपमा यस बैंकले नेपाल राष्ट्र बैंकबाट सदैव रचनात्मक सहयोग प्राप्त गर्दै आएको छ ।

### ६.३ कृषि विकास बैंक लि.

साना किसान विकास बैंकको स्थापनाको अगुवाई गर्दै रु.७ करोड शेयर पुँजी लगानी गरी यस बैंकको मुख्य प्रवर्द्धकको रुपमा कृषि विकास बैंकले निरन्तर सहयोग प्रदान गर्दै आएको छ । लामो अवधिसम्म यस बैंकको व्यवस्थापन सम्हालेर बैंकको आफ्नै मानव संशाधन विकास गर्ने सम्मका कार्यहरुमा कृषि विकास बैंकको अहम् भूमिका रहेको छ । साना किसान सहकारी संस्थासँग रहेको रु.१ अर्ब २६ करोड ८७ लाखको कर्जा पोर्टफोलियो यस बैंकलाई हस्तान्तरण गर्नु मात्र नभएर थप आवश्यक वित्तीय स्रोत निरन्तर रुपमा उपलब्ध गराई रहेको छ । यसका बाहेक अन्य प्राविधिक सहयोगमा समेत कृषि विकास बैंकको महत्वपूर्ण सहयोग रहदै आएको छ ।

### ६.४ एसियाली विकास बैंक

यो बैंक तथा आवद्ध संस्थाहरुको अवस्था अध्ययन विश्लेषण, पुनरसंरचना कार्यक्रम तर्जुमा, कम्प्युटर सफ्टवेयर, हार्डवेयर तथा जेनेरेटर खरिद, कमजोर संस्थाहरुको सुदृढीकरणमा सहयोग एवं परामर्शदाताको सेवा, पहाडी क्षेत्रमा लघुवित्त सेवा विस्तार आदि कार्यहरुमा एसियाली विकास बैंकले महत्वपूर्ण सहयोग गरेको थियो । भुकम्प प्रभावित क्षेत्रमा सहुलियत कर्जा एवं तालिम कार्यक्रममा हाल सहयोग भई रहेको छ । साथै साना किसानहरुलाई मुल्यश्रृङ्खलाको लाभमा सरिक गराउन प्रारम्भिक अध्ययन सुरु भई सकेको छ ।

### ६.५ जी. आइ. जेड

साना किसान संस्थागत विकास कार्यक्रमको आरम्भ देखि नै तत्कालिन जी.टी.जेड. हाल जिआइजेडले महत्वपूर्ण सहयोग रहेको थियो । यस बैंकको स्थापना, साना किसान सहकारी संस्थाहरुको सुदृढीकरण र विकास, अनुसरण कार्यक्रम, सेवा विस्तार कार्यक्रम, बैंकका कर्मचारीहरुलाई उच्च शिक्षा तथा साना किसान समेतलाई अन्तर्राष्ट्रिय तालिम भ्रमण आदि जस्ता कार्यक्रमहरुमा जी.आइ.जेड.को सहयोग रहेको थियो ।

### ६.६ नेपाल कृषि सहकारी केन्द्रीय संघ

साना किसान सहकारी संस्थाहरुको क्षमता विकास र गैर वित्तीय सेवाहरु प्रदान गर्दै आएको नेपाल कृषि सहकारी केन्द्रीय संघसँग यस बैंकले संस्थाहरुको सुदृढीकरण र विकासमा सहकार्य गदै आएको छ । यसका अलावा साना किसान सहकारी अनुसरण र तत्सम्बन्धी परामर्श सेवा दिने कार्यमा यस संघले प्राविधिक सेवा प्रदान गर्दै आएको छ ।

### ६.७ कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष

साना किसान सहकारी संस्थाको प्रवर्द्धन र विस्तारका लागि नेपाल सरकार कृषि मन्त्रालय मार्फत कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष (IFAD) बाट मध्य पश्चिम र पश्चिमाञ्चलका रुकुम, रोल्पा, सल्यान, प्युठान, गुल्मी र अर्घाखाँची गरी ६ जिल्लाका १८ हजार साना किसान परिवारमा लघुवित्त सेवा मार्फत किसानका लागि उन्नत विउविजन कार्यक्रम शुरु भएको छ । यस कार्यक्रमको प्रभावकारिताका आधारमा कार्यक्रमको सहयोग वृद्धिका कार्यहरु अघि बढेका छन् । यस क्षेत्रका नव प्रवर्धित एवं पुराना ८३ वटा साना किसान सहकारी संस्थालाई ऋण पुँजीको व्यवस्था गर्न अमेरिकी डलर ८ मिलियन बराबरको इफाडको मध्यावधी मुल्यांकनबाट सिफारिस प्राप्त भएको छ ।

### ६.८ United Nation Capital Development Fund (UNCDF)

बैंक र UNCDF को सहकार्यमा ४० हजार साना किसानको घरलाई उज्यालो पुऱ्याउने कार्य शुरु भएको छ । जसबाट साना किसानका छोराछोरीलाई साँझ बिहान पढ्ने अवसर मिल्नेछ । यस कार्यक्रम अन्तर्गत सोलार, सुधारिएको धुवा रहित चुल्हो र बायोग्याँस पर्दछ

### ६.९ बैंक तथा वित्तीय संस्थाहरू

यस बैंकलाई आवश्यक पर्ने वित्तीय स्रोत विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले उपलब्ध गराउँदै आएका छन् । यस बैंकका शेयर धनी समेत रहेका कृषि विकास बैंक लि. नेपाल बैंक लि. र नबिल बैंक लि.ले लामो समय देखि विपन्न क्षेत्र कर्जा उपलब्ध गराउँदै आएकाछन् । त्यस्तै गरी एभरेष्ट बैंक लि., राष्ट्रिय वाणिज्य बैंक, हिमालयन बैंक लि., सिद्धार्थ बैंक लि., प्राईम कमर्शियल बैंक लि., एनआईसी एशिया बैंक लि., बैंक अफ काठमाडौं लुम्बिनी लि., माछापुच्छे बैंक लि., स्टयाण्डर्ड चार्टर्ड बैंक लि., सानिमा बैंक लि., सिटिजन्स बैंक इन्टरनेशनल लि. नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि., एनएमबी बैंक लि., जनता बैंक नेपाल लि., ग्लोबल आइएमई बैंक लि, कुमारी बैंक लि.,नेपाल एसबिआई बैंक लि., मेगा बैंक लि.,सनराइज बैंक लि., नेपाल इन्भेष्टमेण्ट बैंक लि., नेपाल बङ्गलादेश बैंक लि., प्रभु बैंक लि., भिबोर सोसाइटी डेभलपमेण्ट बैंक लि., देव:विकास बैक लि., सिद्धार्थ विकास बैंक लि, महालक्ष्मी विकास बैंक लि., युनाइटेड फाइनान्स लि., र आइसिएफसी फाइनान्स लि. लगायतका बैंक तथा वित्तीय संस्थाले यस बैंकलाई विपन्न क्षेत्र कर्जा उपलब्ध गराउँदै आएका छन् । यी बैंकहरुले नि:शुल्क रकमान्तरण सेवा प्रदान गरी बैंकको सञ्चालन खर्च घटाउन समेत सहयोग गरेका छन् ।

### ६.१०. सेन्टर फर माईक्रोफाईनान्स

यो बैंक सेन्टर फर माईक्रो फाईनान्सको शेयरधनी समेत रहेको छ । यस संस्थाले बैंकमा आवद्ध संस्था एवं बैंकका कर्मचारीहरुको क्षमता विकासमा सहयोग पुऱ्याउँदै आएको छ ।

### ६.११. अप्राका Asia and Pacific Rural Agricultural Credit Association (APRACA)

यो बैंकले APRACA को सदस्यता प्राप्त गरेकोछ । अप्राकाले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरुमा बैंकको समेत प्रतिनिधित्व रहँदै आएको छ ।

### ६.१२ सिक्ट्याबः (Centre for International Cooperation and Training in Agricultural Banking (CICTAB), India

नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक लगायतका नेपालका बैंक तथा वित्तीय संस्थाहरु सदस्य रहेको CICTAB, India को यो बैंक पनि एक सक्रिय सदस्यको रुपमा रहेको छ । बैंक तथा साना किसान सहकारी संस्थाका कर्मचारीहरुलाई समय सापेक्ष तालिम तथा गोष्ठीहरुमा सहभागी गराउँदै आएको सिक्ट्याबको पहलमा विगत ३ बर्ष देखि यस बैंकका कर्मचारीहरुले बैकुण्ठ मेहता राष्ट्रिय सहकारी प्रवन्ध संस्थान अन्तरगत पोष्ट ग्र्याज्युएट डिप्लोमा ईन कोअपरेटिभ बिजनेस म्यानेजमेण्ट कोर्समा अध्ययन गर्दै आएका छन् ।

### ६.१३ कम्प्युटर सफ्टवेयर

यस बैंकको प्रयोजनका लागि म्याग्नस कन्सल्टिङ्ग ग्रुपद्वारा निर्मित फिन नेट प्रो नामक सफ्टवेयर प्रयोग हुँदै आएकोमा मर्कन्टाईल लि. सँग पुमरी प्लस सफ्टवेयर खरिदको सम्झौता भई सकेको छ ।

### ६.१४ रजिष्ट्रार टु शेयर

नविल इन्भेस्टमेन्ट बैंकिङ्ग लि ले यस बैंकको शेयर रजिष्ट्रारको रुपमा सेवा प्रदान गर्दै आएको छ ।

## ७. सञ्चालन तथा सुशासन

### ७.१ पुँजी संरचना

#### (क) बैंकको शेयर संरचना

वि.सं. २०५८ मा बैंक स्थापना गर्दा नेपाल सरकार, कृषि विकास बैंक, नेपाल बैंक लि., नबिल बैंक लि. र २१ वटा साना किसान सहकारी संस्थाहरु संस्थापकको रुपमा रहेका थिए। यो बैंक साना किसान सहकारी संस्थाहरुलाई लक्षित गरी स्थापना गरिएको हुँदा कुल शेयर पुँजीको अधिक हिस्सा साना किसान सहकारी संस्थाहरुको नभएसम्म नेपाल सरकार तथा कृषि विकास बैंक लि.ले आ-आफ्नै स्वामित्वमा रहेको शेयर क्रमश: साना किसान सहकारी संस्थाहरुलाई बिक्री गर्ने नीति अनुरुप नेपाल सरकारको पुरै र कृषि विकास बैंक लि.को केही हिस्सा साना किसान सहकारी संस्था लि.हरुका नाममा बिक्री गरियो। सर्वसाधारणमा शेयर जारी भएपश्चात बैंकको तेह्रौं साधारण सभाको निर्णयबाट बैंकको अधिकृत पुँजी रु. ६४ करोड पुऱ्याउने निर्णय भएकोमा वि.सं.२०७४ असारसम्म चुक्ता पुँजी रु. ५० करोड ३० लाख ६२ हजार ३४३.७५ पुऱ्याइएकोछ। अहिले संस्थापक तर्फबाट २३१ वटा साना किसान सहकारी संस्थाहरुले शेयर लगानी बढाई कुल रु.१९ करोड ५१ लाख ४९ हजार ६ सय ८७.५० अर्थात ३९ प्रतिशत पुऱ्याएका छन्। कृषि विकास बैंक लि.को शेयर स्वामित्व रु.११ करोड ८ लाख २१ हजार ६ सय ५६.२५ अर्थात २२ प्रतिशत कायम रहेको छ। नेपाल बैंक लि.को रु. ३ करोड ५ लाख ४३ हजार ९ सय ६.२५ अर्थात ६ प्रतिशत रहेको छ भने र नबिल बैंक लि.को रु. १ करोड ५२ लाख ७२ हजार ९३.७५ अर्थात ३ प्रतिशत रहेको छ। यसरी संस्थापकहरुको कुल रु. ३५ करोड १७ लाख ८७ हजार ३ सय ४३.७५ अर्थात ७० प्रतिशत शेयर हिस्सा रहेको छ। सर्वसाधारण शेयरधनीहरुको रु.१५ करोड १२ लाख ७५ हजार अर्थात ३० प्रतिशत शेयर स्वामित्व रहेको छ।

**तालिका - २९ : शेयर पुँजीको संरचना**

(मिति २०७४/०३/३१)

| समूह | चुक्ता पुँजी (रू. मा) | प्रतिशत | सञ्चालक समितिमा प्रतिनिधित्व संख्या |
|---|---|---|---|
| समूह (क) प्रवर्द्धक समूह | ३५,१७,८७,३४३.७५ | ६९.९३ | |
| क. १ कृषि विकास बैंक लि. | ११,०८,२१,६५६.२५ | २२.०२ | १ |
| क. २.१ नेपाल बैंक लि. | ३,०५,४३,९०६.२५ | ६.०७ | १ |
| क. २.२ नबिल बैंक लि. | १,५२,७२,०९३.७५ | ३. ०४ | |
| क. ३ साना किसान सहकारी संस्थाहरू | १९,५१,४९,६८७.५० | ३८.७९ | ३ |
| समूह (ख) सर्वसाधारण शेयरधनी | १५,१२,७५,००० | ३०.०७ | २ |
| व्यावसायिक सञ्चालक | - | - | १ |
| जम्मा | ५०,३०,६२,३४३.७५ | १००.०० | ८ |

नोट: २०७३/७४ को २५% बोनस शेयर प्रस्ताव पारित भएपछि बैंकको कुल चुक्ता शेयर रकम रु. ६२,८८,२७,९२९.६९ पुग्ने छ।





धादिङ्गका साना किसान प्रशिक्षार्थी श्रीकृष्ण सिलवालले इजरायलबाट फर्केपछि काठमाडौंको सितापाइलामा २० रोपनी जग्गामा तरकारी खेती गरेकाछन्।

### (ख) बैंकको पुँजी योजना

२०७५ आषाढ मसान्त भित्र कायम गर्नुपर्ने न्युनतम चुक्ता पुँजी समानुपातिक रुपमा वृद्धि गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको मिति २००५/०८ पत्र संख्या बै.वि.नि.वि/नीति/परिपत्र/घ/१/०७४ को निर्देशन बमोजिम यस बैंक सञ्चालक समितिको मिति २०७३/५/२६ गते बसेको बैठकबाट पुँजी-योजना स्वीकृत गरिएको थियो । नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कायम गर्नुपर्ने न्युनतम चुक्ता पुँजी यस बैंकले आ.व. २०७३/७४ आषाढ मसान्तसम्ममा नै देहाय अनुसार कायम गरेको छ ।

**तालिका - ३0 : पुँजी योजना** रु हजारमा

| क्र.सं. | विवरण | आव २०७२/७३ | आव २०७३/७४ |
|---|---|---|---|
| १ | चुक्ता पुँजी अ.ल्या. | ४०,२४,५० | ५०,३०,६२ |
| २ | बोनस शेयर (२५ प्रतिशत प्रतिवर्ष) | १०,०६,१२ | १२,५७,६६ |
| ३ | कायम हुने चुक्ता पुँजी | ५०,३०,६२ | ६२,८८,२८ |

## ७.२ सुशासन तथा संगठनात्मक संरचना

यस बैंकले संस्थागत सुशासनसम्बन्धी नेपाल राष्ट्र बैंकलगायत सम्बन्धित नियमनकारी निकायहरूबाट प्राप्त मार्गनिर्देशनहरू उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ । बैंकको सुशासन अभिवृद्धि एवं बैंकले गर्ने कार्यहरू पारदर्शी एवं नियमसङ्गत गर्नका लागि सञ्चालक समिति, लेखा परीक्षण समिति, कर्मचारी सेवा, सर्त तथा सुविधा समिति र आन्तरिक लेखा परीक्षण एकाइ क्रियाशील रहेको छ । बैंकको कारोबारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरू तर्जुमा गरी लागू गरिएको छ । बैंकको संस्थागत सुशासन कायम गर्न देहायबमोजिमका सभा, समिति, उपसमिति, बैठक र पदाधिकारीको महत्वपूर्ण योगदान रहेको छ ।

### (क) वार्षिक साधारणसभा

बैंकको सर्वोच्च अङ्ग साधारण सभा हो । बैंकले स्थापनादेखि हालसम्म नियमित रूपमा वार्षिक साधारण सभा गर्दै आएको छ । साधारण सभामा सबै शेयर सदस्यहरूको प्रतिनिधित्व हुन सक्ने गरी समयमा सूचना प्रवाह गर्ने, बैंकका वार्षिक गतिविधि र योजनाका सम्बन्धमा छलफल गर्ने एवं महत्वपूर्ण निर्णयहरू गर्ने कुरामा वार्षिक साधारण सभा ज्यादै प्रभावकारी रहिआएको छ ।

### (ख) सञ्चालक समिति

शेयर सदस्यहरूबाट मनोनीत र निर्वाचित प्रतिनिधिहरूबाट यस बैंकको सञ्चालक समिति गठन हुने व्यवस्था रहेको छ । सञ्चालक समितिको बैठक नियमित रूपमा बसी बैंकको कार्यप्रगतिको समीक्षा गर्ने, प्रचलित कानुनहरू, बैंकको प्रबन्धपत्र र नियमावली, नेपाल राष्ट्र बैंकका निर्देशनहरू, समसामयिक आर्थिक/सामाजिक अवस्था, बजार र प्रतिस्पर्धीहरू समेतलाई ध्यानमा राखी आवश्यक नीतिगत व्यवस्थाहरू गर्ने कार्यमा सञ्चालक समिति प्रतिबद्ध रहेको छ ।

बैंकको प्रबन्धपत्र र नियमावली अनुसार यस बैंकमा प्रवर्द्धक समूह (क) बाट क्रमशः कृषि विकास बैंकका १ जना, साना किसान सहकारी संस्थाहरूका ३ जना र नेपाल बैंक लि. एवं नबिल बैंक लि.का आलोपालो गरी १ जना, समूह (ख) सर्वसाधारण शेयरधनीबाट निर्वाचित २ जना र व्यावसायीक सञ्चालक १ जना गरी जम्मा ८ जनाको सञ्चालक समिति रहने व्यवस्था छ ।

श्री खेम बहादुर पाठकको अध्यक्षता रहेको बैंकको सञ्चालक समितिमा हाल कृषि विकास बैंकका तर्फबाट श्री दिलिप सिंह थापा, साना किसान सहकारी संस्थाहरुको तर्फबाट श्री खेमबहादुर पाठक र श्री रविन्द्र यादव एवं सर्वसाधारण शेयरधनीका तर्फबाट श्री उमेश लम्साल र श्री भूपेश छत्कुली गरी पाँच जना पदाधिकारी रहनु भएको छ ।

### (ग) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

साना किसान सहकारी संस्थाहरुका तर्फबाट प्रतिनिधित्व गर्दै आउनुभएका सञ्चालक श्री सुखदेव न्यौपाने २०७४ को स्थानीय निकायको निर्वाचनमा निर्वाचित भएपश्चात नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनानुसार वहाँको सञ्चालक समितिमा प्रतिनिधित्व समाप्त भएको छ । संस्थापक शेयरधनी संस्थाहरु नेपाल बैंक लि. र नबिल बैंक लि. ले यस बैंकको सञ्चालक समितिमा आलोपालो गरी प्रतिनिधि पठाउने व्यवस्था अनुसार नबिल बैंक लि. का तर्फबाट यस बैंकको संचालकमा मिति २०७३/४/१३

**तालिका-३१: वर्तमान सञ्चालक समितिका पदाधिकारीहरू**

| क्रसं | नाम | पद | प्रतिनिधित्व गरेको संस्था |
|---|---|---|---|
| १ | श्री खेमबहादुर पाठक | अध्यक्ष | साना किसान सहकारी संस्था लि. |
| २ | श्री दिलिप सिंह थापा | सदस्य | कृषि विकास बैंक लि. |
| ३ | श्री रविन्द्र यादव | सदस्य | साना किसान सहकारी संस्था लि. |
| ४ | श्री उमेश लम्साल | सदस्य | सर्वसाधारण शेयरधनी |
| ५ | श्री भूपेश छत्कुली | सदस्य | सर्वसाधारण शेयरधनी |

देखि प्रतिनिधित्व हुँदै आएकोमा २०७४ असोज बाट पालो सकिएकोले तहाँबाट प्रतिनिधित्व गर्नुहुने श्री ज्ञानेश्वर आचार्यको पदावधि समाप्त भएको छ । सो स्थानमा नेपाल बैंक लि.लाई प्रतिनिधित्वको लागि अनुरोध गरी पठाइएको छ ।

सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्नुभएका संचालकज्यूहरुको चार वर्षे कार्यकाल पूरा हुने भएको, तर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार प्रबन्धपत्रमा सञ्चालक समितिको संरचनामा समेत संशोधन गर्नु पर्ने भएकोले यसै साधारण सभामा उक्त संशोधन पेश गरिएको छ । सो संशोधन अभिलेख भएपश्चात सर्वसाधारण शेयरधनी तर्फको सञ्चालक निर्वाचन गरिनेछ । सो समयसम्म यसै सञ्चालक समितिलाई निरन्तरता दिन आवश्यक भएको कुरा साधारण सभामा जाहेर गर्दछौं । त्यसैगरि व्यावसायिक सञ्चालकको रुपमा सञ्चालक समितिमा प्रतिनिधित्व गरि रहनुभएका सञ्चालक श्री उमाकान्त सिल्वालले सञ्चालक पदबाट दिनुभएको राजिनामा मिति २०७२/०५/३१ गते सञ्चालक समितिको बैठकले स्वीकृत गरेपछि खाली रहेको उक्त पदमा ऐन बमोजिम प्रबन्धपत्र संशोधन अभिलेख पश्चात स्वतन्त्र सञ्चालक नियुक्त गरिनेछ ।

### (घ) सञ्चालक समिति संयोजक रहने गरी गठित समितिहरु

अ. लेखापरीक्षण समिति : सञ्चालक श्री उमेश लम्सालको संयोजकत्वमा सञ्चालक श्री दिलिप सिंह थापा एवं आन्तरिक लेखा परिक्षण प्रमुख श्री भीमप्रसाद गैह्रे सहितको ३ सदस्यीय लेखापरीक्षण समितिले बैंकको लेखा तथा वित्तीय पक्षहरूको अध्ययन गर्ने, आन्तरिक लेखापरीक्षणको व्यवस्था मिलाउने, आन्तरिक लेखापरीक्षणका कैफियतहरू सुधार गर्न लगाउने र सोको अनुगमन गर्ने, अन्तिम लेखापरीक्षणको व्यवस्था गर्ने, सञ्चालक समितिलाई आवश्यक निर्देशन र सुझावहरू दिने कार्य गर्दछ ।

आ. कर्मचारी व्यवस्थापन तथा सेवा-सुविधा समिति : सञ्चालक श्री दिलिप सिंह थापाको संयोजकत्वमा सञ्चालक श्री भुपेश छत्कुली एवं सेवा विभागका विभागीय प्रमुख एवं मुख्यप्रबन्धक श्री झलेन्द्र भट्टराई सदस्य सचिव रहने गरी तीन सदस्यीय कर्मचारी व्यवस्थापन तथा सेवा-सुविधा समितिले कर्मचारीहरूको सेवा-सुविधा तथा व्यवस्थापन सम्बन्धी कार्यहरूमा सञ्चालक समितिलाई आवश्यक सहयोग र सुझाव प्रदान गर्दै आएको छ ।

इ. जोखिम व्यवस्थापन समिति : सञ्चालक श्री ज्ञानेश्वर आचार्यको संयोजकत्वमा सञ्चालकद्वय श्री रविन्द्र यादव र श्री उमेश लम्साल एवं व्यवसाय संचालन विभागका विभागीय प्रमुख श्री कृष्ण प्रसाद लामिछाने सदस्य सचिव रहने गरी ४ सदस्यीय जोखिम व्यवस्थापन उप-समितिले बैंकको पोर्टफोलियो अध्ययन एवं वर्तमान र सम्भाव्य जोखिमहरू विश्लेषण गरी उपयुक्त विधि निर्माण गर्ने कार्यहरू गर्दै आएकोमा सञ्चालक श्री ज्ञानेश्वर आचार्यको कार्यकाल यही २०७४ असोजमा समाप्त भएकोले सो संयोजकको पद रिक्त भईआएको छ ।

### (ङ) अन्य समिति/उपसमितिहरु

अ. ऋण समिति : प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला, संयोजक रहने गरी मुख्य प्रबन्धकद्वय श्री कृष्ण प्रसाद लामिछाने र श्री झलेन्द्र भट्टराई तथा प्रबन्धक श्री लिलाधर धिताल सहितको ४ सदस्यीय ऋण समिति रहेको छ ।

आ. पदपूर्ति समिति : तत्कालिन नायव प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाको अध्यक्षतामा काम गर्ने गरी पदपूर्ति समिति गठन गरिएकोमा पूर्व कार्यकारी प्रमुख श्री जलन कुमार शर्माको पदावधि समाप्त भएपश्चात नायव प्रमुख कार्यकारी अधिकृत नै प्रमुख कार्यकारी अधिकृत नियुक्त हुनुभएकोले वहाँको कार्यकालमा शुरु भएको पदपूर्तिको बाँकी काम सम्पन्न गर्नको लागि मात्र श्री झलेन्द्र भट्टराईलाई नायव प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी दिई पदपूर्ति समितिको संयोजक तोकिएको छ । वरिष्ठ प्रबन्धक श्री शिवहरि अर्याल सदस्य सचिव रहनु भएको उक्त पदपूर्ति समितिमा श्री प्रल्हाद थापा, श्री शंकर कुमार अर्याल र श्री सीमा सिंह सदस्य रहनुभएको छ । यस समितिले संस्थामा समय सापेक्ष मानवसंसाधन आवश्यकता पहिचान, कर्मचारी भर्ना तथा छनौट गर्ने काम गर्दछ ।

## ७.३ आन्तरिक नियन्त्रण प्रणाली

### (क) नीति नियम

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा प्रचलित कानुनहरू र नेपाल राष्ट्र बैंकले विभिन्न समयमा जारी गर्ने निर्देशन एवं परिपत्रहरूको अधीनमा रही बैंकले आफ्ना व्यावसायिक कारोबारहरू सञ्चालन गर्दछ । साधारण सभाको निर्देशन एवं सञ्चालक समितिका निर्णयहरूबाट बैंकका क्रियाकलापहरू निर्देशित हुने गर्दछन् । बैंकको प्रबन्धपत्र, नियमावली, लेखा दिग्दर्शन २०५९, कर्जा नीति २०६२, कर्मचारी सेवा विनियमावली २०६२, आर्थिक प्रशासन विनियमावली २०७४, कर्जा अपलेखन विनियमावली २०६२, इन्वार्ड विप्रेषण नीति तथा कार्यविधि २०६३, लघुवित्त संस्थाहरूमा थोक कर्जा कार्यान्वयन कार्यविधि २०६६, पशुपालन कर्जा कार्यक्रम तथा कारोबार सञ्चालन कार्यपद्धति २०६७, साना किसान सहकारी अनुसरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०६७, स्वरोजगार कर्जा कारोबार सञ्चालन कार्यविधि २०६८, लिलामीसम्बन्धी कार्यविधि २०६८, कर्मचारी कल्याणकारी कोष तथा बीमा कार्यान्वयन कार्यविधि २०६८, आन्तरिक नियन्त्रण नीति २०६९, नवीकरणीय ऊर्जा कर्जा लगानी असुली कार्यविधि २०७१, सामाजिक/सामुदायिक विकास कार्यक्रमका लागि अनुदान सहयोग उपलब्ध गराउने सम्बन्धी निर्देशिका २०७२ र यस्तै अन्य नीति तथा कार्यविधिका अधिनमा रही बैंकका कार्यहरू सञ्चालन हुने गर्दछन् ।

### (ख) सुशासनकालागि अन्य प्रबन्धन

अ. आन्तरिक लेखापरीक्षण तथा निरीक्षण एकाइ : बैंकमा लेखापरीक्षण समितिको निर्देशनमा रहने गरी आन्तरिक लेखापरीक्षण तथा निरीक्षण एकाइ रहेको छ । यस एकाइले मातहतका सबै कार्यालयहरूको नियमित रूपमा आन्तरिक लेखापरीक्षण गर्दछ भने कर्जा कारोबार गर्ने ग्राहक संस्थाहरूको स्याम्पिलङ गरी निरीक्षण र अनुगमन कार्यलाई सञ्चालन गर्दछ ।

आ. अन्तिम लेखापरीक्षण : बैंकले प्रत्येक आर्थिक वर्षको चार्टड एकाउन्टेन्ट्सबाट स्वतन्त्र रूपमा अन्तिम लेखापरीक्षण गराउने गर्दछ। आ.व. २०७३/७४ को लेखा परीक्षण श्री महेश खनाल, एम. खनालएण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्बाट सम्पन्न भएको छ।

इ. कर्मचारी बैठक: नायब प्रमुख कार्यकारी अधिकृतको अध्यक्षतामा कर्मचारीहरूको बैठक बसी सहभागितामूलक विधिबाट छलफल गरी निर्णय गर्ने पद्धति रहेको छ। बैठकमा बैंकको उद्देश्य हासिल गर्न सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरूको प्रगतिको समीक्षा गर्दै आगामी दिनमा अझ प्रभावकारी र सहज रूपमा काम-कारवाहीहरू सञ्चालन गर्न अपनाइने रणनीतिहरू तर्जुमा गरिन्छ।

ई. प्रमुख कार्यकारी अधिकृत: बैंकको दैनिक कार्यसञ्चालन, योजना तर्जुमा, स्रोत व्यवस्थापन, आन्तरिक नियन्त्रण, समन्वय र सम्बन्ध विकास जस्ता यावत् कार्यहरू प्रमुख कार्यकारी अधिकृतबाट हुने व्यवस्था गरिएको छ। प्रमुख कार्यकारी अधिकृत अन्तर्गत विभिन्न विभाग, एकाइ र इलाका कार्यालयहरूले बैंकका व्यावसायिक गतिविधि सञ्चालन गर्दछन्। प्रमुख कार्यकारी अधिकृतको लघुवित्त र व्यवस्थापकीय क्षेत्रमा लामो अनुभव, व्यावसायिक दक्षता, अन्तरवैयक्तिक क्षमता, दूरदृष्टि र कुशल व्यवस्थापनले बैंकको प्रगतिमा महत्वपूर्ण भूमिका खेलेको छ।

उ. कर्मचारी कार्य विवरण (Job Description) : कर्मचारीहरूमा स्पष्ट कार्यविभाजन, कार्यसम्पादन मूल्याङ्कन पद्धति, अधिकार र जिम्मेवारी प्रदान, उचित सेवा-सुविधा आदि कारणले गर्दा उच्च मनोबलका साथ काम गर्ने वातावरण कायम रहेको छ।

ऊ. वार्षिक/अर्धवार्षिक समीक्षागोष्ठी : :बैंकले नियमित रूपमा केन्द्रीय र एकाइ/इलाका कार्यालयसहितको वार्षिक र अर्धवार्षिक प्रगति समीक्षा र कार्यक्रम तथा बजेट तर्जुमागोष्ठीको आयोजना गर्दै आएको छ। त्यसै गरी आबद्ध सहकारी संस्थाका प्रतिसंस्था कम्तीमा २ जना आधिकारिक प्रतिनिधिहरूको सहभागितामा केन्द्रीय कार्यालयको आयोजनामा वार्षिक रूपमा प्रगति समीक्षा तथा रणनीति तर्जुमागोष्ठी र एकाइ/इलाका कार्यालयको आयोजनामा अर्धवार्षिक समीक्षा र कार्यक्रम तथा बजेट तर्जुमागोष्ठी आयोजना गर्दै आएको छ ।

## (ग) मानव संसाधन

अ. दरबन्दी : यस बैंकमा कार्यरत कर्मचारीहरू र व्यवस्थापनबीचको सौहार्द्रपूर्ण सम्बन्ध र कर्मचारीहरूको जिम्मेवारी र उत्तरदायित्वप्रतिको लगावले गर्दा सङ्ख्यात्मक रूपमा थोरै कर्मचारी रहे तापनि छोटो अवधिमा नै बैंकले महत्वपूर्ण उपलब्धि हासिल गर्न सकेको हो। बैंकले कर्मचारीहरूलाई प्रतिष्ठित शैक्षिक संस्थामा अध्ययनको अवसर दिने, राष्ट्रिय-अन्तर्राष्ट्रिय तालिम तथा गोष्ठीहरूमा सहभागी गराउने आदि जस्ता वृत्ति विकासका अवसरहरू प्रदान गर्ने गरेको छ। बैंकमा ८६ स्थायी समेत कुल १०५ दरबन्दी रहेकोमा हाल ६४ स्थायी समेत ८९ जना कार्यरत छन् । कर्मचारीको विस्तृत नामावली अनुसूची-१ मा समावेश छ।

**तालिका - ३२ : कार्यरत कर्मचारी संख्या एवं दरबन्दी**

| क्र. सं. | सेवा प्रकार | कार्यरत कर्मचारी संख्या | | | २०७४/७५ को दरबन्दी |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | प्रमुख कार्यकारी अधिकृत | - | १ | १ | १ |
| २ | स्थायी कर्मचारी | १५ | ४९ | ६४ | ८६ |
| ३ | करार सेवाका कर्मचारी | १ | ८ | ९ | १२ + ६ |
| ४ | अन्य संस्थाबाट काजमा रहेका कर्मचारी | ० | ३ | ३ | - |
| ५ | दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी | ३ | ५ | ८ | ० + ४ |
| ६ | परियोजनाका कर्मचारी | - | ४ | ४ | - |
| | कुल जम्मा : | १९ | ७० | ८९ | ९९ + १० |

*(२०७४ कार्तिक मसान्त सम्मको विवरणको आधारमा)*

आ. भर्ना र विकास : यस बैंकमा कामको चाप लाई मध्यनजर गरी आवश्यक कर्मचारीहरुको दरबन्दी सृजना गर्ने तथा उपयुक्त विधिको आधारमा छनौट गर्ने प्रकृयालाई अगाडि बढाइएको छ। प्रकृया पुरा गरी भर्ना भएका कर्मचारीलाई उपयुक्त स्थानमा पदस्थापन गर्ने तथा वृत्ति विकासका लागि विभिन्न तालिम, गोष्ठि तथा सेमीनारहरुमा सहभागी गराउने कुरामा बैंक व्यवस्थापन सधै लागिपरेको छ। यसका साथै पदोन्नति तथा सरुवाको प्रकृया पनि नियमावली अनुरुप अगाडि बढिरहेको छ ।

इ. पारिश्रमिक र सुविधा : बैंकमा कार्यरत कर्मचारीहरुलाई बैंकले विभिन्न सेवा, सुविधा उपलब्ध गराउदै आएको छ। जसमा मासिक तलव, भत्ताका अतिरिक्त दशैं खर्च, औषधि खर्च तथा वार्षिकोत्सवमा एक महिना बराबरको तलव तथा नियमित रुपमा वोनस सुविधा उपलब्ध गराउदै आएको छ। यो वर्षदेखि सहायकस्तरको कर्मचारीलाई समेत कम्तीमा एक राष्ट्रिय दैनिक उपलब्ध गराउने निर्णय सञ्चालक समितिले गरिसकेको छ।

ई. बैंक व्यवस्थापन : यस बैंकको दैनिक तथा प्रशासनिक कार्य सञ्चालनका लागि प्रमुख कार्यकारी अधिकृत, तथा तिन जना मुख्य प्रबन्धक जसमा सेवा लेखा जनशक्ति तथा सामान्य सेवा विभाग, योजना, परियोजना, तालिम तथा अनुसन्धान विभाग र ऋण तथा कार्यक्रम विभागलाई मुख्य व्यवस्थापन तोकिएको छ। साथै विभिन्न शाखा तथा एकाईहरुमा आवश्यकता अनुसारका अधिकृत तथा सहायक कर्मचारीहरु नियुक्ति भई कार्यहरु गर्दै आउनुभएको छ।

उ. प्रमुख कार्यकारी अधिकृतको नियुक्ती : २०६६ साल भाद्र १३ देखि प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत श्री जलन कुमार शर्माको आठ वर्षको कार्यकाल २०७४ भाद्र १२ मा समाप्त भएकोले यस बैंकमा नायव प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत डा. शिवराम प्रसाद कोइराला लाई बैंक सञ्चालक समितिको निर्णयबाट २०७४ भाद्र १४ गतेदेखि ४ वर्षको लागि प्रमुख कार्यकारी अधिकृतको रुपमा नियुक्त गरिएकोछ।

ऊ. बैंकका कार्यालयहरु : यस बैंकको काठमाडौंमा एक केन्द्रीय कार्यालय र विभिन्न भौगोलिक क्षेत्र समेटिने गरी केन्द्रीय एकाइ बाहेक नौ वटा इलाका कार्यालयहरु मार्फत बैंकको सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। संस्थाहरुलाई सहजरुपमा वित्तीय र प्राविधिक सेवा उपलब्ध गराउन हाल अञ्चल अनुसार मेचीको लागि बिर्तामोड (झापा), कोशीको लागि इटहरी (सुनसरी), सगरमाथा र जनकपुरको लागि जनकपुर (धनुषा), नारायणीको लागि हेटौडा (मकवानपुर), बाग्मतीको लागि गजुरी (धादिङ्ग), दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लाका लागि बैंकको केन्द्रीय एकाइ, लुम्बिनीको लागि बुटवल (रुपन्देही), गण्डकी र धौलागिरीका लागि पोखरा (कास्की), राप्ती,भेरी र कर्णालीका लागि नेपालगञ्ज(बाँके )तथा सेती र महाकालीको लागि अत्तरिया (कैलाली)मा इलाका कार्यालयहरु स्थापना भएका छन्। इलाका कार्यालयहरुले आफ्नो कार्यक्षेत्र अन्तर्गतका साना किसान सहकारी संस्था लगायत अन्य सहकारी एवं लघुवित्त संस्थाहरुलाई थोक कर्जा एवं अन्य प्राविधिक सहयोग प्रदान गर्दै आएका छन्।

### (घ) सम्मान र पुरस्कार

(१) साना किसानको स्वामित्व र साना किसान बाटै संचालन तथा व्यवस्थापन भई अति न्यून शिरोभार खर्चमा ग्रामीण गरिबको जिवनस्तर सुधारमा सहयोग गर्ने साना किसान सहकारी संस्था जस्तो ग्रामीण लघुवित्त संस्थाको नमूना (Model) र यसको भूमिकालाई कदर गर्दै विश्व बैंक अर्न्तगतको Consultative Group to Assist the Poor (CGAP) र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (International Fund for Agriculture Development, IFAD) बाट यस बैंक सन् २००३ मा पुरस्कृत भएको छ। उक्त ५० हजार अमेरिकी डलर राशिकोपुरस्कार रकमलाई अक्षय कोषमा राखि सो को परिचालनबाट अनुसरण कार्यक्रम संचालन गराई थप विपन्न वर्गलाई लघुवित्त सेवाको पहुँचमा ल्याउने कार्य यस बैंकबाट हुँदै आएको छ।

(२) आर्थिक वर्ष २०७०/०७१ को मूल्याङ्कनमा लघुवित्त बैंक तर्फ यस बैंकले बेष्ट मेनेजमेण्ट अवार्ड प्राप्त गर्न सफल भएको छ।

(३) बैंकका पूर्व प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मालाई व्यवस्थापन संघ, नेपालले उक्त संघको वार्षिक साधारण सभाको अवसरमा अन्टायरीङ लिडरसिप अवार्डले सम्मान गरेको छ।

### धन्यवाद ज्ञापन

अन्त्यमा, म सञ्चालक समितिको तर्फबाट यस संस्थाको प्रगति तथा समृद्धिका लागि हरेक कृयाकलापमा सहयोग, सुझाव तथा अटुट साथ दिइरहनु भएका हाम्रा सम्पूर्ण संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, साझेदार संस्थाहरु, शुभचिन्तकहरु तथा संस्थाको उत्तरोत्तर विकासका लागि अहोरात्र खटिनुभएका लगनशिल, इमान्दार र योग्य कर्मचारीहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु। विगत ८ वर्ष देखि बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा अनवरत सेवा गरी बैंकलाई नयाँ उचाईमा पुर्‍याउन निवर्तमान प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्माले गर्नु भएको योगदानको यो समिति सदैव उच्च मूल्याकंन गर्दै धन्यवाद ज्ञापन गर्दछ। साथै, यस बैंकको सञ्चालक समिति सदस्यको पदभार ग्रहण गरि महत्वपूर्ण योगदान गर्नु हुने सञ्चालकद्वय श्री ज्ञानेश्वर आचार्य र श्री सुखदेव न्यौपानेलाई हार्दिक धन्यवाद दिन चाहन्छु। संस्थाको प्रगतिको लागि निरन्तर सहयोग र मार्गदर्शन गर्ने नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत सम्पूर्ण सम्बन्धित सरकारी निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरु प्रति कृतज्ञता व्यक्त गर्दछु। यसका साथै यस संस्थाको गतिविधीलाई सकारात्मक रुपमा जनसमक्ष पुर्‍याउन सहयोग गर्ने सम्पूर्ण सञ्चार माध्यम र प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संस्थाको प्रगतिमा सहयोग गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु प्रति आभार प्रकट गर्दछु। यस गरिमामय सभामा प्रस्तुत गरिएका सबै साधारण तथा विशेष प्रस्तावहरुमा छलफल गरी यसलाई पारित गरिदिनका लागि शेयरधनी महानुभावहरुमा हार्दिक अनुरोध गर्दै आगामी दिनहरुमा पनि सबै क्षेत्रबाट यस संस्थाको प्रगतिका लागि अझ बढी सहयोग, स्नेह तथा सद्भाव प्राप्त हुने आशा गर्दछु।

धन्यवाद।

**खेम बहादुर पाठक**

अध्यक्ष

तथा

सम्पूर्ण सञ्चालकहरु

अनुसूची-१

# साना किसान विकास बैंक लि.

## संगठनात्मक संरचना

आ.व. २०७४/०७५



# साना किसान विकास बैंक लि.सञ्चालक समितिको प्रतिवेदन

(कम्पनी ऐन, २०६३ को दफा १०९(४) सँग सम्बन्धित अतिरिक्त विवरण)

### (क) विगत वर्षको कारोबारको सिंहावलोकन

१६ औं वार्षिक प्रगति प्रतिवेदन पुस्तकको मुल खण्डमा समावेश छ।

### (ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर

१६ औं वार्षिक प्रगति प्रतिवेदन पुस्तकको मुल खण्डमा समावेश छ।

### (ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराका सम्बन्धमा सञ्चालक समितिको धारणा

आ.व. २०७३/७४ को असोज मसान्तमा आयकर र बोनस व्यवस्थापछिको नाफा रु. ७ करोड ९१ लाख रहेकोमा आ.व.२०७४/७५ को असोज मसान्तमा रु. ८ करोड २० लाख हुन गएको छ। २०७३ को असोज मसान्तसम्ममा खुद कर्जा तथा सापट रु. ११ अर्ब २७ करोड ३९ लाख रहेकोमा २०७४ साल असोज मसान्तसम्ममा रु.१४ अर्ब ४९ करोड ७५ लाख पुगेको छ। २०७३ को असोजमसान्तमा कूल निष्क्रिय कर्जाको प्रतिशत ०.११ प्रतिशत रहेकोमा त्यसमा वृद्धि भई २०७४ साल असोज मसान्तमा ०.१२ प्रतिशत भएको छ।

भविष्यमा गर्नुपर्ने कुराहरूका सम्बन्धमा १६ औं वार्षिक प्रगति प्रतिवेदन पुस्तकको मुल खण्डमा उल्लेख गरिएको छ।

### (घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध

१६ औं वार्षिक प्रगति प्रतिवेदन पुस्तकको मुल खण्डमा समावेश छ।

### (ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

१६ औं वार्षिक प्रगति प्रतिवेदन पुस्तकको मुल खण्डमा समावेश छ।

### (च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू

यस बैंकको कारोबारमा असर पार्ने मुख्य जोखिमका रूपमा देहायका कुराहरूलाई लिइएको छ :-

साझेदार केही साना किसान सहकारी संस्था लि. हरूमा बलियो रूपमा सुशासनको अवस्था कायम राख्न नसकेमा वा सञ्चालक एवं कर्मचारीहरूमा पूर्ण रूपमा पेसागत दक्षता एवं अनुभवको अभाव रहेमा उत्पन्न हुन सक्ने जोखिमहरू,

- पुँजीबजारमा आउन सक्ने उतारचढावबाट यस बैंकलाई प्राप्त हुने कर्जा र सोको ब्याजदरमा बृद्धि हुन सक्ने जोखिमहरू,
- लघुवित्त बजारको समस्याका रूपमा रहेको वित्तीय स्रोतको अपर्याप्तता, विनाधितो कर्जा प्रबाह, कर्जा अनुगमनमा कमी आदि कारणले देखापर्ने जोखिमहरू,
- लघुकर्जाका सम्बन्धमा हुने अनावश्यक र नकारात्मक प्रचारका कारण कर्जा लगानी तथा असुलीमा उत्पन्न हुने जोखिमहरू,
- देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरू,
- नियमन निकायहरूबाट समय-समयमा परिवर्तन हुने नीति-नियममा भएको बदलावका कारणबाट हुन सक्ने सम्भावित जोखिमहरू,
- लघुवित्त क्षेत्रमा दक्ष जनशक्ति आकर्षण र रिटेन्सनसम्बन्धी जोखिम।
- नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि नियमनकारी निकायका निर्देशनहरुमा आउने फेरबदलले पार्ने नीतिगत जोखिम आदि।

### (छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सोउपर सञ्चालक समितिको प्रतिक्रिया

लेखापरीक्षकको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका कैफियतहरू प्रत्येक वर्षमा सुधार गरिँदै आएको छ। सो प्रतिवेदन तथा नेपाल राष्ट्र बैंकबाट निर्देशन भएका बुँदाहरू पालना गर्ने सम्बन्धमा यस समितिको प्रतिक्रिया एवं प्रगति निम्नबमोजिम रहेको छ :-

(१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४(३) मा व्यवस्था भए बमोजिम स्वतन्त्र सञ्चालक नियुक्त गर्ने सम्बन्धमा संस्थाको नियमावलीमा आवश्यक संसोधनको विशेष प्रस्ताव बैंकको १६ औं साधारण सभामा निर्णयार्थ पेश गरिने हुँदा सो प्रकृया पुरा गरि स्वतन्त्र सञ्चालकको नियुक्ती समेत गरिने व्यहोरा अनुरोध छ।

(२) संस्थाको नाममा विकास बैंक भन्ने शब्द भई रहेकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ३२ को उपदफा (५) र (६) ले घ वर्गका इजाजतपत्र प्राप्त संस्थालाई बैंक भन्ने नाम प्रयोग गर्न बन्देज लगाएकोले यसै १६ औं वार्षिक साधारण सभाबाट निर्देशन बमोजिम नाम परिवर्तनको विशेष प्रस्ताव साधारणसभामा निर्णयार्थ पेश गरिने व्यहोरा नेपाल राष्ट्र बैंकमा अनुरोध गर्ने निर्णय गरियो।

(३) संस्थाको आन्तरिक लेखा परीक्षण, बाह्य लेखा परीक्षण

साथै नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षण तथा गैर स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याईएका अन्य कैफियतहरु पुन: नदोहोरिने गरि सुधार गर्न एवं सोको अनुगमन व्यवस्थालाई सुदृढ गर्न व्यवस्थापनलाई निर्देशन दिइयो ।

**(ज) लाभांश बाँडफाँट गर्न सिफारिस गरिएको रकम**

सञ्चालक समितिबाट चालु आ.व.को खुद मुनाफा रु. ३३ करोड ७ लाख मध्ये शेयरधनीहरुलाई चुक्ता पुँजी रु. ५०,३०,६२,३४३/७५ को २५% बोनस शेयर रु. रु.१२,५७,६५,५८५/९४ र कर प्रयोजनको लागि नगद लाभांश १.३१६% रु.६६,१९,२४१/३७ गरी जम्मा २६.३१६% का दरले रु.१३,२३,८४,८२७/३१ मुनाफा वितरण गर्ने प्रस्ताव गरिएको छ ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर सङ्ख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण,**

कुनै पनि शेयर जफत भएको छैन ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन**

यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन,**

यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन । साथै, यस कम्पनीमा सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरेबाहेक कुनै महत्वपूर्ण परिवर्तन भएको छैन ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयर धनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी,**

यस प्रकारको कुनै पनि जानकारी आधारभूत शेयरधनीहरूबाट प्राप्त भएको छैन ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी,**

यस कम्पनीका प्रवर्धक शेयरधनीहरूका तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरू संस्थागत रूपमा प्रतिनिधि भई आएको हुँदा व्यक्तिगत रूपमा यस बैंकको शेयर खरिद गरेको छैन ।

सर्वसाधारण शेयरधनीका तर्फबाट निर्वाचित सञ्चालकहरुका नाममा यस बैंकको देहायअनुसारको शेयर रहेको देखिन्छ –

| क्र सं. | शेयरधनीको नाम | शेयरधनी नं. | शेयर कित्ता सङ्ख्या |
|---|---|---|---|
| १ | श्री उमेश लम्साल | १३१५९ | ३५७७ |
| २ | श्री भुपेश छत्कुली | १३०११८००००००६६७९ | २०६ |

**विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थका बारेमा उपलब्ध गराइएको जानकारीको ब्यहोरा,**

यस प्रकारको कुनै सम्झौता भएको जानकारी प्राप्त भएको छैन ।

**(ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयर को सङ्ख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम**

कम्पनीले आफ्नो शेयर आफैँले खरिद गरेको छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण,**

१६औं वार्षिक प्रगति प्रतिवेदनको मूलखण्डमा समावेश छ ।

**(थ) विगत आर्थिक वर्षको कूल व्यवस्थापन खर्चको विवरण**

| | |
|---|---|
| कर्मचारी खर्च | रु.५३,८८३,०३९/९० |
| कार्यालय सञ्चालन खर्च | रु.३१,९७५,८०७/८४ |
| जम्मा | रु.८५८,५८८,४७/७४ |

**(द) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण,**

यस कम्पनीमा गैरकार्यकारी सञ्चालक श्री उमेश लम्सालको संयोजकत्वमा तल तालिकामा उल्लेख गरेअनुसारको तीन सदस्यीय लेखापरीक्षण समिति रहेको छ । यस समितिले कम्पनी ऐन, २०६३ को दफा १६५ मा तोकिएबमोजिमका कार्यहरू गर्ने, नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशनमा लेखापरीक्षण समितिले गर्नुपर्ने भनी उल्लेख गरेका कार्यहरू गर्ने, लेखापरीक्षकले दिएको प्रतिवेदनउपर दफावार अध्ययन गरी सञ्चालक समितिलाई प्रतिवेदनसहित सुझाव र व्यवस्थापनलाई निर्देशन दिने एवं आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरणका लागि अनुगमन, निरीक्षण र सुझाव प्रदान गर्ने जस्ता कार्यहरू गर्ने गर्दछ ।

यस समितिले सम्पत्तिको कर्जाको गुणस्तर अभिवृद्धि गर्ने, पुराना हिसाबहरू फरफारक गर्ने आदिलगायतका महत्वपूर्ण सुझावहरूसहितको प्रतिवेदन सञ्चालक समितिमा पेस गरेको र सञ्चालक समितिले सोको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्थापनलाई निर्देशन दिएको छ ।

### लेखापरीक्षण समितिका पदाधिकारीहरूको नामावली तथा सुविधा

| नाम | पद | सुविधा |
|---|---|---|
| श्री उमेश लम्साल | संयोजक | प्रतिबैठक भत्ता रु. ४०००।- |
| श्री दिलिप सिंह थापा | सदस्य | |
| श्री भीमप्रसाद गैह्रे | सदस्य | प्रतिबैठक भत्ता रु. २०००।- |

### (ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा सङ्गठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाकी भए सो कुरा

सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा सङ्गठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी छैन ।

### (न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

**सञ्चालकहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम**

- सञ्चालक समितिको बैठकमा भाग लिए बापत प्रतिबैठक रु. ४,०००।- मात्र भत्ता
- अध्यक्षलाई पत्रपत्रिका बापत मासिक रु. १,०००।- र टेलिफोन खर्चबापत मासिक रु. २,५००।- मात्र
- अन्य सञ्चालकहरू लाई टेलिफोनबापत मासिक रु.१,०००।- मात्र (आफ्नो कार्यालयबाट सो सुविधा नभए मात्र)
- काठमाडौं बाहिर बाट प्रतिनिधित्व गर्ने सञ्चालकलाई समितिको बैठकमा भाग लिन आउँदा एकमुस्ट स्थानीय परिवहन तथा भैपरि आउने खर्च रु. १,५००।-
- काठमाडौं उपत्यकाभित्र वाट प्रतिनिधित्व गर्ने सञ्चालकलाई समितिको बैठकमा भाग लिन आउँदा एकमुस्ट स्थानीय परिवहन तथा भैपरि आउने खर्च रु. १,०००।-
- सञ्चालकहरूले कम्पनीको कामको सिलसिलामा भ्रमण गर्दा दैनिक भत्ता रु. २,५००।-
- कम्पनीको कामको सिलसिलामा हवाइजहाजबाट यात्रा गरेमा हवाइजहाजमा लागे बमोजिमको टिकट खर्च र हवाइजहाजको सुविधा उपभोग नगरी बसबाट यात्रा गरेमा बसभाडाको दोब्बरका दरले भ्रमण भत्ता उपलब्ध हुने । काठमाडौं उपत्यकाबाहिर जुनसुकै ठाउँबाट बसबाट यात्रा गरी सञ्चालक समितिको बैठकमा भाग लिन आउने सञ्चालकलाई बसभाडाको दोब्बरका दरले भ्रमण भत्ता उपलब्ध हुने ।

**प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा (तत्कालिन) लाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम**

- मासिक पारिश्रमिक रु. १,८७,०००।-
- टेलिफोन खर्चबापत मासिक रु. २,५००।-
- दशैं खर्च १ महिनाको पारिश्रमिक बराबर, पोशाक खर्च रु. १८,०००/-, नियमनुसारको बोनस, १ महिनाको तलब बराबरीले हुने रकम बैंक दिवस भत्ता र १ महिनाको बिमा वापतको रकम गरी वार्षिक जम्मा रु. ३१,७६,०००/-
- कार्यालय आउँदा-जाँदा गाडीको सुविधा रहेको ।

### (प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम

शेयरधनीले बुझिलिन बाँकी रहेको लाभांशको रकम : यस बैंकको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि.बाट मिति २०७४/०७/२२ मा प्राप्त जानकारी अनुसार मिति २०७४/०३/३१ सम्म ३,५१० जना शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम रु.३५,३७,७५५/- रहेको छ ।

### (फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेका कुराको विवरण

यस प्रकारको सम्पत्ति खरिद वा बिक्री नभएको ।

### (ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण

यस प्रकारको कारोबार नभएको ।

### (भ) यस ऐन तथा प्रचलित कानुनबमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुनै कुरा

आवश्यक सम्पूर्ण महत्वपूर्ण कुराहरू सञ्चालक समितिद्वारा प्रस्तुत १६औं वार्षिक प्रगति प्रतिवेदनको मूलखण्डमा खुलाइएको छ ।

### (म) अन्य आवश्यक कुराहरू

नभएको ।

**मिति २०७४/७/२१**

**सञ्चालक समिति,**
**साना किसान विकास बैंक लि.**



**झलेन्द्र भट्टराई**
**कम्पनी सचिव / मुख्य प्रबन्धक**

अनुसूची-१

# साना किसान विकास बैंक लि.

# जनशक्तिको विवरण

(२०७४ कार्तिक मसान्त)

## (क) प्रमुख कार्यकारी अधिकृत

| क्र.सं. | नाम | पद | शुरु नियुक्ति मिति | स्थायी मिति |
|---|---|---|---|---|
| १ | डा. शिवराम प्रसाद कोइराला | प्रमुख कार्यकारी अधिकृत | २०७४/०५/१४ | – |

## (ख) कार्यरत स्थायी कर्मचारीहरु

| क्र.सं. | नाम | पद | शुरु नियुक्ति मिति | स्थायी मिति |
|---|---|---|---|---|
| के.का. काठमाडौं | | | | |
| २ | श्री झलेन्द्र भट्टराई | मुख्य प्रबन्धक | २०६०/९/१४ | २०६६/०४/०१ |
| ३ | श्री अञ्जु पाठक | वरिष्ठ प्रबन्धक | २०६०/९/१४ | २०६६/०४/०१ |
| ४ | श्री शिवहरि अर्याल | वरिष्ठ प्रबन्धक | २०६३/५/१९ | २०६६/०४/०१ |
| ५ | श्री लिलाधर धिताल | वरिष्ठ प्रबन्धक | २०६३/५/२५ | २०६६/०४/०१ |
| ६ | श्री युवराज गैरे | प्रवन्धक | २०६७/०७/१५ | २०६७/०७/१५ |
| ७ | श्री इशा के.सी | सि.ए | २०७४/०७/२७ | २०७४/०७/२७ |
| ८ | श्री मन्दिपा दाहाल | सि.ए | २०७४/०७/२७ | २०७४/०७/२७ |
| ९ | श्री प्रीति के.सी. | ब.अधिकृत | २०६३/०२/०७ | २०६७/०३/३१ |
| १० | श्री नरेन्द्र आचार्य | अधिकृत | २०६४/०४/१६ | २०६७/०४/०१ |
| ११ | श्री ऋषिराम कोइराला | अधिकृत | २०७१/०५/०२ | २०७१/०५/०२ |
| १२ | श्री मनिष महतो | अधिकृत | २०७१/०५/०२ | २०७१/०५/०२ |
| १३ | श्री कृष्णमाया सुवेदी | अधिकृत | २०६४/४/१६ | २०६७/०३/३१ |
| १४ | श्री मिना बुढाथोकी | अधिकृत | २०६५/८/२६ | २०६७/०३/३१ |
| १५ | श्री दिपक राज पाण्डे | अधिकृत | २०६४/०४/१६ | २०६७/०३/३१ |
| १६ | श्री लक्ष्मी आचार्य | बरिष्ठ सहायक | २०६४/४/१६ | २०६७/०३/३१ |
| १७ | श्री नवराज डाँगी | सहायक | २०७१/०५/०२ | २०७१/०५/०२ |
| १८ | श्री विष्णुभक्त श्रेष्ठ | वरिष्ठ सवारी चालक | २०५९/२/८ | २०६७/०३/३१ |
| १९ | श्री पूर्ण बहादुर त.मी | वरिष्ठ सवारी चालक | २०६०/४/२ | २०६७/०५/०३ |
| २० | श्री ठाकुर श्रेष्ठ | ब.कार्यालय सहयोगी | २०५८/५/१ | २०६७/०३/३१ |
| २१ | श्री हरि बहादुर भुजेल | वरिष्ठ चौकिदार | २०६०/१०/१९ | २०६७/०३/३१ |
| २२ | श्री गुण बहादुर गिंदेल | कार्यालय सहयोगी | २०६४/८/११ | २०७०/०९/३० |
| २३ | श्री दुर्गा भुजेल | कार्यालय सहयोगी | २०७१/१२/०१ | २०७५/०५/०१ |
| इ.का. वितर्मोड | | | | |
| २४ | श्री सुभास गौतम | इलाका प्रवन्धक | २०७१/०५/०२ | २०७१/०५/०२ |
| २५ | श्री खगेन्द्र प्रसाद आचार्य | बरिष्ठ सहायक | २०६४/४/१६ | २०६७/०३/३१ |
| २६ | श्री लक्ष्मी प्रसाद पोखेल | सहायक | २०७१/०५/०२ | २०७१/०५/०२ |
| २७ | श्री पुनम ढुंगेल | सहायक | २०७४/०४/०९ | २०७४/०४/०९ |
| इ.का.इटहरी | | | | |
| २८ | श्री सरोज भट्टराई | इलाका प्रवन्धक | २०७१/०५/०५ | २०७१/०५/०५ |
| २९ | श्री योगराज दाहाल | बरिष्ठ सहायक | २०६४/४/१६ | २०६७/०३/३१ |
| ३० | श्री इच्छाराम पोखेल | सहायक | २०७१/०५/०२ | २०७१/०५/०२ |
| ३१ | श्री जिवन सुवेदी | सहायक | २०७४/०४/०५ | २०७४/०४/०५ |
| ३२ | श्री खगेन्द्र दाहाल | कार्यालय सहयोगी | २०६५/१२/१९ | २०७०/०९/३० |
| इ.का.जनकपुर | | | | |
| ३३ | श्री राजकुमार यादव | इलाका प्रवन्धक | २०६७/०७/१५ | २०६७/०७/१५ |
| ३४ | श्री रामबाबु सिंह | अधिकृत | २०६४/४/१६ | २०६७/०३/३१ |
| ३५ | श्री कमला थापा मगर | सहायक | २०७१/०७/१९ | २०७१/०७/१९ |
| ३६ | श्री निरज कुमार धामी | सहायक | २०७४/०४/०८ | २०७४/०४/०८ |
| ३७ | श्री राकेश भण्डारी | कार्यालय सहयोगी | २०६०/०५/१७ | २०७०/०९/३० |

बाँकी अर्को पानामा

| क्र.सं. | नाम | पद | शुरू नियुक्ति मिति | स्थायी मिति |
|---|---|---|---|---|
| **इ.का.हेटौंडा** | | | | |
| ३८ | श्री कृष्ण कुमारी शर्मा | इलाका प्रवन्धक | २०६७/०७/१५ | २०६७/०७/१५ |
| ३९ | श्री विष्णु प्रसाद कालाखेती | अधिकृत | २०६३/०२/०७ | २०६७/०३/३१ |
| ४० | श्री दोर्णराज घिमिरे | अधिकृत | २०७१/०५/०२ | २०७१/०५/०२ |
| ४१ | श्री हरि शरण ढकाल | सहायक | २०७१/०५/०२ | २०७१/०५/०२ |
| ४२ | श्री निरज सिंह | सहायक | २०७४/०४/२७ | २०७४/०४/२७ |
| ४३ | श्री अरव अर्याल | कार्यालय सहयोगी | २०६०/०७/१२ | २०७०/०९/३० |
| **इ.का.बुटवल** | | | | |
| ४४ | श्री शेर बहादुर चौधरी | इलाका प्रवन्धक | २०६४/०४/१६ | २०६७/०३/३१ |
| ४५ | श्री राजेश भट्टराई | अधिकृत | २०७४/०४/०१ | २०७४/०४/०१ |
| ४६ | श्री सुचिता कुमारी घिमिरे | बरिष्ठ सहायक | २०७१/०५/०२ | २०७१/०५/०२ |
| ४७ | श्री कृष्ण बहादुर कार्की | सहायक | २०७४/०४/०१ | २०७४/०४/०१ |
| ४८ | श्री शोभाखर चापागाईं | कार्यालय सहयोगी | २०६०/०७/१५ | २०७०/०९/३० |
| **इ.का.पोखरा** | | | | |
| ४९ | श्री विशाल कुमार तुलाधर | इलाका प्रवन्धक | २०६७/०७/१५ | २०६७/०७/१५ |
| ५० | श्री राजेन्द्र भण्डारी | अधिकृत | २०७१/०५/०२ | २०७१/०५/०२ |
| ५१ | श्री सुनिल अर्याल | सहायक | २०७१/०५/०२ | २०७१/०५/०२ |
| ५२ | श्री मुक्ति क्षेत्री | कार्यालय सहयोगी | २०६५/८/१८ | २०७०/०९/३० |
| **इ.का.नेपालगञ्ज** | | | | |
| ५३ | श्री गणेश प्रसाद भट्टराई | इलाका प्रवन्धक | २०६७/०७/१५ | २०६७/०७/१५ |
| ५४ | श्री दिपक प्रसाद बजगाई | अधिकृत | २०७४/०४/०१ | २०७४/०४/०१ |
| ५५ | श्री निरंजन निसाद | अधिकृत | २०६४/४/१६ | २०६७/०३/३१ |
| ५६ | श्री लक्ष्मी थापा | सहायक | २०७१/०७/१९ | २०७१/०७/१९ |
| ५७ | श्री सावित्री सुवेदी | सहायक | २०७४/०४/१२ | २०७४/०४/१२ |
| ५८ | श्री दिपक ठाकुर | कार्यालय सहयोगी | २०६५/५/८ | २०७०/०९/३० |
| **इ.का.गजुरी** | | | | |
| ५९ | श्री केशवराज पौडेल | इलाका प्रवन्धक | २०७१/०५/०२ | २०७१/०५/०२ |
| ६० | श्री हरिप्रसाद न्यौपाने | बरिष्ठ सहायक | २०७१/०५/०२ | २०७१/०५/०२ |
| ६१ | श्री सूर्य अधिकारी | सहायक | २०७१/०५/०२ | २०७१/०५/०२ |
| **इ.का. अत्तरिया** | | | | |
| ६२ | श्री विदुर अर्याल | इलाका प्रवन्धक | २०६४/४/१६ | २०६७/०३/३१ |
| ६३ | श्री पदमराज रेग्मी | सहायक | २०७४/०४/०१ | २०७४/०४/०१ |
| **एकाई काठमाडौं** | | | | |
| ६४ | श्री उर्मिला खनाल | ब.अधिकृत | २०६४/४/१६ | २०६७/०३/३१ |
| ६५ | श्री महेश्वर पण्डित | अधिकृत | २०६४/४/१६ | २०६७/०३/३१ |

## (ग) करार सेवामा कार्यरत कर्मचारीहरू

| क्र.सं. | नाम | पद | शुरु नियुक्ति मिति | कार्यालय |
|---|---|---|---|---|
| ६६ | श्री कृष्ण प्रसाद लामिछाने | मुख्य प्रबन्धक | २०७२/१०/०१ | के.का.काठमाडौं |
| ६७ | श्री भिम प्रसाद गैह्रे | अनुगमनकर्ता | २०६७/११/२३ | के.का. काठमाडौं |
| ६८ | श्री दिपक कुमार के.सी | परामर्शदाता | २०६९/०६/१८ | के.का.काठमाडौं |
| ६९ | श्री अंकुर मैनाली | क.ईञ्जिनियर | २०६८/०५/०१ | के.का.काठमाडौं |
| ७० | श्री रोशन रिजाल | क.ईञ्जिनियर | २०७४/०२/०७ | के.का. काठमाडौं |
| ७१ | श्री जिवन खनाल | सहायक वित्त सुपरिवेक्षक | २०६८/१०/१९ | के.का. काठमाडौं |
| ७२ | श्री शेखरनाथ दवाडी | फिल्ड सुपरभाइजर | २०७०/०५/०१ | इ.का. अत्तरिया |
| ७३ | श्री कला थपलिया | सहायक वित्त सुपरिवेक्षक | २०६८/१०/१९ | के.का. काठमाडौं |
| ७४ | श्री मेखनाथ खतिवडा | कार्यालय सहयोगी | २०७१/१२/०१ | के.का. काठमाडौं |

### (घ) साना किसान सहकारी संस्थाबाट काज

| क.सं. | नाम | पद | शुरु नियुक्ति मिति | कार्यालय |
|---|---|---|---|---|
| ७५ | श्री मोहन वि.क. | सहायक | २०७३/०८/०८ | इ.का.बुटवल |
| ७६ | श्री तिर्थराज ओझा | सहायक | २०७३/०८/०७ | इ.का. बिर्तामोड |
| ७७ | श्री गणेश कुमार महतो | सहायक | २०७४/०१/१७ | इ.का. जनकपुर |

### (ङ) ज्यालादारीमा कार्यरत

| क.सं. | नाम | पद/कार्य | शुरु नियुक्ति मिति | सेवाको किसिम | कार्यालय |
|---|---|---|---|---|---|
| ७८ | श्री मन कुमारी पाठक | सहायक | २०७१/०९/०१ | मा.ज्या. | इ.का.बुटवल |
| ७९ | श्री पुष्कर चौधरी | कार्यालय सहयोगी | २०७२/०२/१४ | दै.ज्या. | इ.का.अत्तरिया |
| ८० | श्री राम शरण इटनी | कार्यालय सहयोगी | २०७३/०५/०७ | दै.ज्या. | इ.का. गजुरी |
| ८१ | श्री खगेन्द्र सुवेदी | सहयोगी | २०७३/०३/१६ | दै.ज्या. | के.का. बिर्तामोड |
| ८२ | श्री यमराज गिरी | सवारी चालक | २०७३/०३/०१ | दै.ज्या. | के.का.काठमाडौं |
| ८३ | श्री बाबुकाजी शाही | सवारी चालक | २०७३/०३/०१ | दै.ज्या. | के.का. काठमाडौं |
| ८४ | श्री कल्पना देउला | कुचिकार | २०५८/०७/१५ | दै.ज्या | के.का. काठमाडौं |
| ८५ | श्री मनमाया खवास | माली | २०६४/०४/०२ | दै.ज्या | के.का. काठमाडौं |

### (च) परियोजना तर्फका विज्ञ तथा कर्मचारीहरू

| क.सं. | नाम | पद | परियोजना | शुरु नियुक्ति मिति | कार्यालय |
|---|---|---|---|---|---|
| १ | श्री नवराज सिम्खडा | लघुवित्त तथा सहकारी विज्ञ | DRRLREAC (ADB) | २०७३/०७/१७ | के.का. काठमाडा |
| २ | श्री सुर्य प्रकाश हाडा | कार्यक्रम संयोजक | Clean Start (UNCDF) | २०७१/०१/१९ | के.का.काठमाडौं |
| ३ | श्री कृष्ण अर्याल | लिड ट्रेनर | KUBK (IFAD) | २०७१/०१/१६ | के.का. काठमाडौं |
| ४ | श्री जिवलाल वस्याल | लियाजन अफिसर | KUBK (IFAD) | २०७२/०८/२९ | इ.का. वुटवल |

अनुसूची-२

# साना किसान विकास बैंक लि.

## समूह "क" संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्थाहरु तथा धारण गरेको शेयर कित्ता संख्या (२०७४/०७/२२ को विवरण अनुसार)

| क्रसं | से.स.नं | संस्थाको नाम | गाविस | जिल्ला | शेयर रकम (रू) |
|---|---|---|---|---|---|
| १ | ६ | साना किसान सहकारी संस्था लि. | श्रीअन्तु | ईलाम | ५८९१०० |
| २ | ३२ | साना किसान सहकारी संस्था लि. | समालबुङ्ग | ईलाम | ४५७४०० |
| ३ | ३३ | साना किसान सहकारी संस्था लि. | जीतपुर | ईलाम | ४४४३०० |
| ४ | ११२ | साना किसान कृषि सहकारी संस्था लि. | महारानीझोडा | झापा | १५६६००० |
| ५ | ५ | साना किसान सहकारी संस्था लि. | पृथ्वीनगर | झापा | १२८०८०० |
| ६ | २८ | साना किसान कृषि सहकारी संस्था लि. | बाहुनडाँगी | झापा | ८३१५०० |
| ७ | २७ | साना किसान कृषि सहकारी संस्था लि. | जुरोपानी | झापा | ८१९२०० |
| ८ | ३१ | साना किसान कृषि सहकारी संस्था लि. | पथरीया | झापा | ७०६४०० |
| ९ | १२० | साना किसान कृषि सहकारी संस्था लि. | धरमपुर | झापा | ६३८३०० |
| १० | २६ | साना किसान कृषि सहकारी संस्था लि. | पाँचगाछी | झापा | ६२८९०० |
| ११ | २९ | साना किसान कृषि सहकारी संस्था लि. | खुदनाबारी | झापा | ६०७९०० |
| १२ | १६२ | साना किसान कृषि सहकारी संस्था लि. | बैंगुन्धुरा | झापा | ५४९७०० |
| १३ | ३० | साना किसान कृषि सहकारी संस्था लि. | घैलाडुब्बा | झापा | ५४८१०० |
| १४ | १२१ | साना किसान कृषि सहकारी संस्था लि | महाभारा | झापा | ५४४२०० |
| १५ | ११९ | साना किसान कृषि सहकारी संस्था लि | बालुवाडी | झापा | ४६७९०० |
| १६ | १४८ | साना किसान कृषि सहकारी संस्था लि. | महेशपुर | झापा | ३५८५०० |
| १७ | २२० | साना किसान महिला कृषि सहकारी संस्था लि | कोहवरा | झापा | १२८४०० |
| १८ | २२१ | गौरादह साना किसान महिला कृषि सहकारी संस्था लि. | गौरादह | झापा | १२८४०० |
| | | इ.का. बिर्तामोड अन्तरगत जम्मा | | | ११२९५००० |
| १९ | ७ | साना किसान कृषि सहकारी संस्था लि. | सुन्दरपुर | मोरङ्ग | २२३५१०० |
| २० | ३४ | साना किसान कृषि सहकारी संस्था लि. | लेटाङ्ग | मोरंग | २०२१६०० |
| २१ | ९६ | साना किसान कृषि सहकारी संस्था लि. | बबियाविर्ता | मोरङ्ग | १४६२१०० |
| २२ | १८३ | साना किसान कृषि सहकारी संस्था लि. | दुलारी | मोरंग | १०७२१०० |
| २३ | १२७ | साना किसान कृषि सहकारी संस्था लि. | मोतीपुर | मोरङ्ग | ९२५७०० |
| २४ | १२८ | साना किसान कृषि सहकारी संस्था लि. | बैजनाथपुर | मोरंग | ६४६७०० |
| २५ | १८५ | साना किसान कृषि सहकारी संस्था लि. | बेलवारी | मोरंग | ७२५८०० |
| २६ | ३५ | साना किसान कृषि सहकारी संस्था लि. | मृगौलिया | मोरङ्ग | ५४८४०० |
| २७ | ९५ | साना किसान कृषि सहकारी संस्था लि. | झोराहट | मोरङ्ग | ४१८४०० |
| २८ | १६१ | साना किसान कृषि सहकारी संस्था लि. | पाटी | मोरंग | ३७२५०० |
| २९ | ९७ | साना किसान कृषि सहकारी संस्था लि. | मधुमल्ला | मोरङ्ग | १३८६०० |
| ३० | १७१ | साना किसान कृषि सहकारी संस्था लि. | लखन्तरी | मोरङ | ७६८६०० |
| ३१ | १२५ | साना किसान कृषि सहकारी संस्था लि. | महेन्द्रनगर | सुनसरी | १५१८५०० |
| ३२ | ९८ | साना किसान कृषि सहकारी संस्था लि. | पकलि | सुनसरी | १२२४१०० |
| ३३ | १८४ | साना किसान कृषि सहकारी संस्था लि. | मध्यहर्षाही | सुनसरी | ६२६३०० |
| ३४ | ९९ | साना किसान कृषि सहकारी संस्था लि. | छिटाहा | सुनसरी | ५२८९०० |
| ३५ | १२६ | साना किसान कृषि सहकारी संस्था लि. | बकलौरी | सुनसरी | ४८२१०० |
| ३६ | ३६ | साना किसान कृषि सहकारी संस्था लि. | मधेली | सुनसरी | ४७८००० |
| ३७ | ३७ | साना किसान कृषि सहकारी संस्था लि. | मधुवन | सुनसरी | ४४७८०० |
| ३८ | ८ | साना किसान कृषि सहकारी संस्था लि. | पाँचकन्या | सुनसरी | ४३२५०० |
| | | इ.का. ईटहरी अन्तरगत जम्मा | | | १७०७३८०० |

| क्रसं | से.स.नं | संस्थाको नाम | गाविस | जिल्ला | शेयर रकम (रु) |
|---|---|---|---|---|---|
| ३९ | २२३ | साना किसान कृषि सहकारी संस्था लि. | देउरी | उदयपुर | ९४८५०० |
| ४० | १५१ | महिला साना किसान कृषि सहकारी संस्था लि. | सुन्दरपुर | उदयपुर | ६१०३०० |
| ४१ | ११५ | साना किसान सहकारी संस्था लि. | बसाहा | उदयपुर | १६२००० |
| ४२ | २२२ | साना किसान कृषि सहकारी संस्था लि. | पातो | सप्तरी | ६१२७०० |
| ४३ | २०४ | साना किसान सहकारी संस्था लि. | सिस्वावेल्ही | सप्तरी | ६००००० |
| ४४ | १८८ | साना किसान कृषि सहकारी संस्था लि. | ओद्राहा | सप्तरी | ३४८५०० |
| ४५ | ४० | साना किसान कृषि सहकारी संस्था लि. | बकधुवा | सप्तरी | २७०८०० |
| ४६ | ३९ | साना किसान सहकारी संस्था लि. | हरीहरपुर | सप्तरी | १६२१०० |
| ४७ | ४७ | साना किसान कृषि सहकारी संस्था लि. | तेरहौता | सप्तरी | ९९००० |
| ४८ | १८६ | साना किसान कृषि सहकारी संस्था लि. | पडरीया | सिराहा | ११९०००० |
| ४९ | ९ | साना किसान कृषि सहकारी संस्था लि. | विष्णुपुर | सिराहा | १७८९२०० |
| ५० | १९३ | साना किसान कृषि सहकारी संस्था लि. | बस्तिपुर | सिराहा | १०७४३०० |
| ५१ | ४१ | साना किसान कृषि सहकारी संस्था लि. | लक्ष्मीपुर | सिराहा | ३७४६०० |
| ५२ | २२७ | बालासुन्दरी साना किसान कृषि सहकारी संस्था लि. | भगवानपुर | सिराहा | २२६४०० |
| ५३ | २२६ | साना किसान कृषि सहकारी संस्था लि. | महनौर | सिराहा | १२५८०० |
| ५४ | ३८ | साना किसान कृषि सहकारी संस्था लि. | नकटीरायपुर | धनुषा | ७०७४०० |
| ५५ | ४३ | साना किसान कृषि सहकारी संस्था लि. | नकटाझिज | धनुषा | २७३८३०० |
| ५६ | १०६ | साना किसान कृषि सहकारी संस्था लि. | दिगम्वरपुर | धनुषा | २६२०४०० |
| ५७ | १०८ | साना किसान कृषि सहकारी संस्था लि. | शान्तीपुर | धनुषा | २१४६२०० |
| ५८ | ४२ | साना किसान कृषि सहकारी संस्था लि. | सखुअवा महेन्द्रनगर | धनुषा | १७०३१०० |
| ५९ | १६५ | साना किसान कृषि सहकारी संस्था लि. | हरिहरपुर | धनुषा | १२०४००० |
| ६० | १७० | साना किसान कृषि सहकारी संस्था लि. | धनुषा गोविन्दपुर | धनुषा | ११०३२०० |
| ६१ | १४९ | साना किसान कृषि सहकारी संस्था लि. | रघुनाथपुर | धनुषा | ९७७३०० |
| ६२ | १९६ | साना किसान कृषि सहकारी संस्था लि. | भरतपुर | धनुषा | ८५१६०० |
| ६३ | १६९ | साना किसान सहकारी संस्था लि. | सिंग्याहिमडान | धनुषा | ६६५४०० |
| ६४ | १९९ | साना किसान कृषि सहकारी संस्था लि. | धनुषाधाम | धनुषा | ६००००० |
| ६५ | १९८ | साना किसान कृषि सहकारी संस्था लि. | मिथिलेश्वर | धनुषा | ३४८५०० |
| ६६ | १९७ | साना किसान कृषि सहकारी संस्था लि. | फुलगामा | धनुषा | २८५६०० |
| ६७ | १८९ | साना किसान कृषि सहकारी संस्था लि. | गिद्धा | धनुषा | १५०९०० |
| ६८ | १९२ | साना किसान कृषि सहकारी संस्था लि. | पुष्पलपुर | धनुषा | १४०८०० |
| ६९ | १८७ | साना किसान कृषि सहकारी संस्था लि. | रामगोपालपुर | महोत्तरी | १२५८०० |
| ७० | १९१ | साना किसान बहुउद्देश्यीय सहकारी संस्था लि. | भंगाहा | महोत्तरी | ८५१६०० |
| ७१ | २०३ | साना किसान सहकारी संस्था लि. | धिरापुर | महोत्तरी | ६३७८०० |
| ७२ | १५० | साना किसान सहकारी संस्था लि. | बञ्चौरी | महोत्तरी | ४७४२०० |
| ७३ | ४६ | साना किसान सहकारी संस्था लि. | विसनपुर | महोत्तरी | २४७००० |
| ७४ | ४५ | साना किसान बहुमुखी सहकारी संस्था लि. | इटहर्वाकट्टी | महोत्तरी | १६३९०० |
| ७५ | २२५ | साना किसान कृषि सहकारी संस्था लि. | हलखोरी | महोत्तरी | ७५५०० |
| ७६ | १९० | साना किसान कृषि सहकारी संस्था लि. | शंकरपुर | सर्लाही | १२००००० |
| ७७ | २५ | साना किसान कृषि सहकारी संस्था लि. | जब्दी | सर्लाही | ९७७३०० |
| ७८ | २०० | साना किसान कृषि सहकारी संस्था लि. | हरिपुर | सर्लाही | ४७४२०० |
| ७९ | २०२ | साना किसान कृषि सहकारी संस्था लि. | लक्ष्मीपुर | सर्लाही | ४७४२०० |
| ८० | २०१ | साना किसान कृषि सहकारी संस्था लि. | भक्तिपुर | सर्लाही | ४११५०० |
| ८१ | १९४ | साना किसान कृषि सहकारी संस्था लि. | गौरीशंकर | सर्लाही | ३७३६०० |
| ८२ | १९५ | साना किसान कृषि सहकारी संस्था लि. | हरिपुर्वा | सर्लाही | ३६१२०० |
| ८३ | २२४ | साना किसान कृषि सहकारी संस्था लि. | नौकेलवा | सर्लाही | ३४८५०० |

| क्रसं | से.स.नं | संस्थाको नाम | गाविस | जिल्ला | शेयर रकम (रु) |
|---|---|---|---|---|---|
| ८४ | ४४ | साना किसान कृषि सहकारी संस्था लि. | पिडारी | सर्लाही | २९३४०० |
| ८५ | १२९ | साना किसान सहकारी संस्था लि. | बग्दह | सर्लाही | ११३७०० |
| | | इ.का. जनकपुर अन्तरगत जम्मा | | | ३२४४०३०० |
| ८६ | ५६ | साना किसान कृषि सहकारी संस्था लि. | कुम्पुर | धादिङ | २२३२८०० |
| ८७ | ५७ | साना किसान कृषि सहकारी संस्था लि. | सलाङ्ग | धादिङ | २११३५०० |
| ८८ | १४ | साना किसान कृषि सहकारी संस्था लि. | चैनपुर | धादिङ | १४८१८०० |
| ८९ | ५३ | साना किसान कृषि सहकारी संस्था लि. | कल्लेरी | धादिङ | १२७४२०० |
| ९० | ५४ | साना किसान कृषि सहकारी संस्था लि. | बैरेनी | धादिङ | १२७४२०० |
| ९१ | ५२ | साना किसान कृषि सहकारी संस्था लि. | भूमेस्थान | धादिङ | १२२६३०० |
| ९२ | ५५ | साना किसान कृषि सहकारी संस्था लि. | गोगनपानी | धादिङ | ९९५७०० |
| ९३ | ६३ | साना किसान कृषि सहकारी संस्था लि. | जीवनपुर | धादिङ | ९१८१०० |
| ९४ | ५८ | साना किसान कृषि सहकारी संस्था लि. | मैदी | धादिङ | ८०६१०० |
| ९५ | ६० | साना किसान कृषि सहकारी संस्था लि. | सल्यानटार | धादिङ | ७९४७०० |
| ९६ | १०५ | महिला साना किसान कृषि सहकारी संस्था लि. | केवलपुर | धादिङ | ६४७००० |
| ९७ | १०४ | साना किसान कृषि सहकारी संस्था लि. | थाक्रे | धादिङ | ६१०७०० |
| ९८ | १७९ | साना किसान कृषि सहकारी संस्था लि. | ज्यामरुङ | धादिङ | ५९६३०० |
| ९९ | १५ | साना किसान कृषि सहकारी संस्था लि. | छत्रेदेउराली | धादिङ | ५८६२०० |
| १०० | ६१ | साना किसान कृषि सहकारी संस्था लि. | ढोला | धादिङ | ५७९००० |
| १०१ | ५९ | साना किसान कृषि सहकारी संस्था लि. | सुनौलाबजार | धादिङ | ३९७२०० |
| १०२ | १०० | साना किसान कृषि सहकारी संस्था लि. | धुषा | धादिङ | ३३६२०० |
| १०३ | ६२ | साना किसान कृषि सहकारी संस्था लि. | त्रिपुरेश्वर | धादिङ | १७८९०० |
| १०४ | २३१ | श्री कृष्ण साना किसान कृषि सहकारी संस्था लि. | खरी | धादिङ | १२९७०० |
| १०५ | २३२ | मुरलीभन्ज्याङ साना किसान कृषि सहकारी संस्था लि. | मुरलीभन्ज्याङ | धादिङ | १२९७०० |
| १०६ | २१३ | साना किसान कृषि सहकारी संस्था लि. | जिलिङ | नुवाकोट | ५७४८०० |
| १०७ | २१२ | महिला साना किसान बहुउद्देश्यीय सहकारी संस्था लि. | वागेश्वरी | नुवाकोट | ४१३८०० |
| | | इ.का. गजुरी अन्तरगत जम्मा | | | १८२९६९०० |
| १०८ | १८२ | साना किसान कृषि सहकारी संस्था लि. | रविओपी | काभ्रेपलाञ्चोक | ८२७७०० |
| १०९ | २११ | साना किसान कृषि सहकारी संस्था लि. | अनेकोट | काभ्रेपलाञ्चोक | ६३५२०० |
| | | एकाइ काठमाडौं अन्तरगत जम्मा | | | १४६२९०० |
| ११० | १३ | साना किसान कृषि सहकारी संस्था लि. | मनहरी | मकवानपुर | १७२०५०० |
| १११ | १७३ | साना किसान कृषि सहकारी संस्था लि. | बज्रबाराही | मकवानपुर | ४७४२०० |
| ११२ | २२८ | साना किसान कृषि सहकारी संस्था लि. | हाडीखोला | मकवानपुर | १२९७०० |
| ११३ | २२९ | साना किसान कृषि सहकारी संस्था लि. | बसामाडी | मकवानपुर | १२९७०० |
| ११४ | २३० | साना किसान कृषि सहकारी संस्था लि. | पदमपुर | चितवन | १२९७०० |
| ११५ | १२४ | साना किसान कृषि सहकारी संस्था लि. | सन्तपुर (म.) | रौतहट | १२४१९०० |
| ११६ | २०६ | साना किसान कृषि सहकारी संस्था लि. | कनकपुर | रौतहट | ७२५८०० |
| ११७ | १२३ | साना किसान सहकारी संस्था लि. | जेठरहिया | रौतहट | ६१७७०० |
| ११८ | २०८ | साना किसान कृषि सहकारी संस्था लि. | रङ्गपुर | रौतहट | ३९१४०० |
| ११९ | १७७ | साना किसान कृषि सहकारी संस्था लि. | सखुवा धमौरा | रौतहट | ३७७४०० |
| १२० | २१० | साना किसान बचत तथा ऋण सहकारी संस्था लि. | पिप्रारजवाडा | रौतहट | ३१०९०० |
| १२१ | १० | साना किसान कृषि सहकारी संस्था लि. | डुमरवाना | बारा | ४०२५००० |
| १२२ | ४८ | साना किसान कृषि सहकारी संस्था लि. | फत्तेपुर | बारा | १५०५७०० |
| १२३ | १२२ | साना किसान कृषि सहकारी संस्था लि. | मनहर्वा | बारा | ११५७१०० |
| १२४ | १७४ | साना किसान कृषि सहकारी संस्था लि. | भोडाहा | बारा | ९४३५०० |
| १२५ | २०९ | साना किसान कृषि सहकारी संस्था लि. | हरैया | बारा | ५३७२०० |

| क्रसं | से.स.नं | संस्थाको नाम | गाविस | जिल्ला | शेयर रकम (रु) |
|---|---|---|---|---|---|
| १२६ | १७८ | साना किसान कृषि सहकारी संस्था लि. | ईनर्वासिरा | बारा | ३७७४०० |
| १२७ | २०५ | साना किसान कृषि सहकारी संस्था लि. | उदयपुरघुर्मि | पर्सा | ३१४५०० |
| १२८ | २०७ | साना किसान सहकारी संस्था लि. | निचुटा | पर्सा | १६३६०० |
| १२९ | ११ | साना किसान कृषि सहकारी संस्था लि. | पिप्ले | चितवन | २१८९५०० |
| १३० | १२ | साना किसान कृषि सहकारी संस्था लि. | कुमरोज | चितवन | १९७२००० |
| १३१ | ४९ | साना किसान कृषि सहकारी संस्था लि. | वीरेन्द्रनगर | चितवन | १८१९२०० |
| १३२ | ५० | साना किसान कृषि सहकारी संस्था लि. | बछ्यौली | चितवन | १२६२००० |
| १३३ | १०७ | साना किसान कृषि सहकारी संस्था लि. | शुक्रनगर | चितवन | १२३१४०० |
| १३४ | ११८ | साना किसान कृषि सहकारी संस्था लि. | भण्डारा | चितवन | ९८१५०० |
| १३५ | ५१ | साना किसान कृषि सहकारी संस्था लि. | मेघौली | चितवन | ८०४१०० |
| १३६ | १५२ | महिला साना किसान सहकारी संस्था लि. | कठार | चितवन | ६७८५०० |
| १३७ | १८१ | साना किसान कृषि सहकारी संस्था लि. | दारेचोक | चितवन | ५६०००० |
| १३८ | १८० | साना किसान कृषि सहकारी संस्था लि. | खैरहनी | चितवन | ५०४४०० |
| | | इ.का. हेटौंडा अन्तरगत जम्मा | | | २७२७५५०० |
| १३९ | ६५ | साना किसान कृषि सहकारी संस्था लि. | मनकामना | गोरखा | १०४४५०० |
| १४० | ६६ | साना किसान कृषि सहकारी संस्था लि. | सुन्दरबजार | लमजुङ्ग | ६३०२०० |
| १४१ | १४५ | साना किसान कृषि सहकारी संस्था लि. | सराङकोट | कास्की | १०६४४०० |
| १४२ | १६४ | साना किसान कृषि सहकारी संस्था लि. | माझठाना | कास्की | ९९१८०० |
| १४३ | ६४ | साना किसान कृषि सहकारी संस्था लि. | वेग्नास | कास्की | ७०२१०० |
| १४४ | १६८ | साना किसान कृषि सहकारी संस्था लि. | रम्घाटार | लमजुङ्ग | ६६०४०० |
| १४५ | १६३ | साना किसान कृषि सहकारी संस्था लि. | निर्मलपोखरी | कास्की | ६५२००० |
| १४६ | १६ | साना किसान कृषि सहकारी संस्था लि. | ढोरफिर्दी | तनहुँ | ११८९८०० |
| १४७ | ६७ | साना किसान कृषि सहकारी संस्था लि. | फेदिखोला | स्याङ्जा | १६४५२०० |
| १४८ | १०१ | साना किसान कृषि सहकारी संस्था लि. | दहथुम | स्याङ्जा | १११८५०० |
| १४९ | ६८ | साना किसान कृषि सहकारी संस्था लि. | नारायणस्थान | वाग्लुङ | ८५३४०० |
| १५० | ७० | साना किसान कृषि सहकारी संस्था लि. | भकुण्डे | वाग्लुङ | ७१३८०० |
| १५१ | ६९ | साना किसान कृषि सहकारी संस्था लि. | तंग्राम | वाग्लुङ | ३९३५०० |
| १५२ | १४६ | साना किसान कृषि सहकारी संस्था लि. | पैंयूपाटा | वाग्लुङ | ३९२८०० |
| १५३ | १४७ | साना किसान सहकारी संस्था लि. | बाजुङ | पर्वत | ५०७७०० |
| १५४ | १५३ | साना किसान कृषि सहकारी संस्था लि. | मल्लाज | पर्वत | ४४७८०० |
| १५५ | २१४ | साना किसान कृषि सहकारी संस्था लि. | पकुवा | पर्वत | ३९४९०० |
| | | इ.का. पोखरा अन्तरगत जम्मा | | | १३४०२८०० |
| १५६ | १०३ | साना किसान कृषि सहकारी संस्था लि. | खिल्जी | अर्घाखाँची | ९३७१०० |
| १५७ | २३ | साना किसान कृषि सहकारी संस्था लि. | नरपानी | अर्घाखाँची | ७६७३०० |
| १५८ | १५६ | साना किसान कृषि सहकारी संस्था लि. | खाचीकोट | अर्घाखाँची | ७५९५०० |
| १५९ | १०२ | साना किसान कृषि सहकारी संस्था लि. | माकर | नवलपरासी | १९८३९०० |
| १६० | ८१ | साना किसान कृषि सहकारी संस्था लि. | अग्यौली | नवलपरासी | १९२६३०० |
| १६१ | ७८ | साना किसान कृषि सहकारी संस्था लि. | रामनगर | नवलपरासी | १७३२००० |
| १६२ | ७७ | साना किसान कृषि सहकारी संस्था लि. | त्रिवेणी सुस्ता | नवलपरासी | १५५६९०० |
| १६३ | ८० | साना किसान कृषि सहकारी संस्था लि. | बञ्जरिया | नवलपरासी | १५४३५०० |
| १६४ | १०९ | साना किसान कृषि सहकारी संस्था लि. | तिलकपुर | नवलपरासी | १३२४१०० |
| १६५ | ११६ | साना किसान कृषि सहकारी संस्था लि. | दाउन्नेदेवी | नवलपरासी | १३२०३०० |
| १६६ | ७९ | साना किसान कृषि सहकारी संस्था लि. | पञ्चनगर | नवलपरासी | ९२८३०० |
| १६७ | १३४ | साना किसान कृषि सहकारी संस्था लि. | कुमारवर्ती | नवलपरासी | ६००२०० |
| १६८ | २१६ | साना किसान कृषि सहकारी संस्था लि. | जहदा | नवलपरासी | ३७३६०० |

| क्रसं | से.स.नं | संस्थाको नाम | गाविस | जिल्ला | शेयर रकम (रु) |
|---|---|---|---|---|---|
| १६९ | १७ | साना किसान कृषि सहकारी संस्था लि. | आनन्दवन | रुपन्देही | ४३१९७०० |
| १७० | १३३ | साना किसान कृषि सहकारी संस्था लि. | टिकुलीगढ | रुपन्देही | २१०९४०० |
| १७१ | ७२ | साना किसान कृषि सहकारी संस्था लि. | मधवलिया | रुपन्देही | २०७९२०० |
| १७२ | ७५ | साना किसान कृषि सहकारी संस्था लि. | शंकरनगर | रुपन्देही | १८००७०० |
| १७३ | ११० | साना किसान कृषि सहकारी संस्था लि. | दुधराक्ष | रुपन्देही | १६४८३०० |
| १७४ | ७४ | साना किसान कृषि सहकारी संस्था लि. | सेमलार | रुपन्देही | १५९४२०० |
| १७५ | ७१ | साना किसान कृषि सहकारी संस्था लि. | सालझण्डी | रुपन्देही | १५८१४०० |
| १७६ | १३० | साना किसान कृषि सहकारी संस्था लि. | पर्रोहा | रुपन्देही | १५६०८०० |
| १७७ | १३२ | साना किसान कृषि सहकारी संस्था लि. | गोनाहा | रुपन्देही | १४९५२०० |
| १७८ | ७६ | साना किसान कृषि सहकारी संस्था लि. | केरवानी | रुपन्देही | ११९३९०० |
| १७९ | ११४ | साना किसान कृषि सहकारी संस्था लि. | गंगोलिया | रुपन्देही | ९२७००० |
| १८० | १३१ | साना किसान कृषि सहकारी संस्था लि. | करहिया | रुपन्देही | ८४६१०० |
| १८१ | ७३ | साना किसान कृषि सहकारी संस्था लि. | देवदह | रुपन्देही | ७२६००० |
| १८२ | २१५ | साना किसान कृषि सहकारी संस्था लि. | खड्वावनगाई | रुपन्देही | ३७३६०० |
| १८३ | १९ | साना किसान कृषि सहकारी संस्था लि. | मोतिपुर | कपिलवस्तु | १४३५४०० |
| १८४ | १३५ | साना किसान कृषि सहकारी संस्था लि. | बुड्डी | कपिलवस्तु | ९१७८०० |
| १८५ | ८२ | साना किसान कृषि सहकारी संस्था लि. | बरकलपुर | कपिलवस्तु | ८७१००० |
| १८६ | १८ | साना किसान कृषि सहकारी संस्था लि. | भलवाड | कपिलवस्तु | ५३९८०० |
| १८७ | १५४ | साना किसान कृषि सहकारी संस्था लि. | बडागाउँ | गुल्मी | १२३५९०० |
| १८८ | १५५ | साना किसान कृषि सहकारी संस्था लि. | गौडाकोट | गुल्मी | ६१८९०० |
| १८९ | ११७ | साना किसान कृषि सहकारी संस्था लि. | अर्गली | पाल्पा | ३८६५०० |
| १९० | १३६ | साना किसान कृषि सहकारी संस्था लि. | खस्यौली | पाल्पा | २८५९०० |
| | | इ.का. बुटवल अन्तरगत जम्मा | | | ४४२९९७०० |
| १९१ | ८६ | साना किसान कृषि सहकारी संस्था लि. | बांगेसाल | प्युठान | ५४४००० |
| १९२ | १४४ | साना किसान कृषि सहकारी संस्था लि. | कपुरकोट | सल्यान | ४९८१०० |
| १९३ | ८४ | साना किसान कृषि सहकारी संस्था लि. | उरहरी | दाङ | १२३६८०० |
| १९४ | १४३ | महिला साना किसान कृषि सहकारी संस्था लि. | सौडियार | दाङ | १२०५३०० |
| १९५ | ८३ | साना किसान कृषि सहकारी संस्था लि. | लक्ष्मीपुर | दाङ | ८६९७०० |
| १९६ | १६० | साना किसान कृषि सहकारी संस्था लि. | धनौरी | दाङ | ७३२८०० |
| १९७ | १६७ | साना किसान कृषि सहकारी संस्था लि. | श्रीगाउँ | दाङ | ७२५८०० |
| १९८ | ११३ | साना किसान कृषि सहकारी संस्था लि. | रामपुर | दाङ | ६८१६०० |
| १९९ | ८५ | साना किसान कृषि सहकारी संस्था लि. | गोवरडिहा | दाङ | ३८७९०० |
| २०० | १४२ | साना किसान कृषि सहकारी संस्था लि. | सतवरिया | दाङ | ३७३९०० |
| २०१ | २१ | साना किसान कृषि सहकारी संस्था लि. | उत्तरगंगा | सुर्खेत | १८४६९०० |
| २०२ | ९१ | साना किसान कृषि सहकारी संस्था लि. | लाटीकोईली | सुर्खेत | १३५४७०० |
| २०३ | १५७ | साना किसान कृषि सहकारी संस्था लि. | लेखफर्सा | सुर्खेत | ६९३२०० |
| २०४ | १६६ | साना किसान कृषि सहकारी संस्था लि. | मेहेलकुना | सुर्खेत | ५६९९०० |
| २०५ | १११ | साना किसान कृषि सहकारी संस्था लि. | साटाखानी | सुर्खेत | ३४३७०० |
| २०६ | ९२ | साना किसान कृषि सहकारी संस्था लि. | रामघाट | सुर्खेत | १७३५०० |
| २०७ | २० | साना किसान कृषि सहकारी संस्था लि. | महादेवपुरी | बाँके | १२१६५०० |
| २०८ | ८७ | साना किसान कृषि सहकारी संस्था लि. | नौबस्ता | बाँके | १०३३६०० |
| २०९ | १३८ | साना किसान कृषि सहकारी संस्था लि. | कम्दी | बाँके | ८७४५०० |
| २१० | ८८ | साना किसान कृषि सहकारी संस्था लि. | कचनापुर | बाँके | ४३५३०० |
| २११ | १५८ | साना किसान कृषि सहकारी संस्था लि. | पुरैनी | बाँके | ४१६५०० |
| २१२ | १३७ | साना किसान कृषि सहकारी संस्था लि. | चिसापानी | बाँके | ३६१३०० |

| क्रसं | से.स.नं | संस्थाको नाम | गाविस | जिल्ला | शेयर रकम (रु) |
|---|---|---|---|---|---|
| २१३ | ८९ | साना किसान कृषि सहकारी संस्था लि. | ताराताल | बर्दिया | १४८०५०० |
| २१४ | ९० | साना किसान कृषि सहकारी संस्था लि. | सानोश्री | बर्दिया | १२१६५०० |
| २१५ | १७२ | साना किसान कृषि सहकारी संस्था लि. | डेउढाकला | बर्दिया | १००७५०० |
| २१६ | १४१ | साना किसान कृषि सहकारी संस्था लि. | पदनाह | बर्दिया | ९७७६०० |
| २१७ | १४० | साना किसान कृषि सहकारी संस्था लि. | मैनापोखर | बर्दिया | ८५१८०० |
| २१८ | १७६ | साना किसान कृषि सहकारी संस्था लि. | कालिका | बर्दिया | ८२२३०० |
| २१९ | १३९ | साना किसान कृषि सहकारी संस्था लि. | नेउलापुर | बर्दिया | ६७०६०० |
| २२० | १५९ | साना किसान कृषि सहकारी संस्था लि. | शिवपुर | बर्दिया | ६२२८०० |
| २२१ | २३३ | साना किसान कृषि सहकारी संस्था लि. | ढोढरी | बर्दिया | १२९७०० |
| इ.का. नेपालगञ्ज अन्तरगत जम्मा | | | | | २४३५४८०० |
| नेपाल सरकारको सुरक्षणपत्रमा गरिएको लगानी | ० | – | – | – | – |
| नेपाल राष्ट्र बैंक ऋणपत्रमा गरेको लगानी | ० | – | – | – | – |
| आफ्नै मुद्दति रसीदको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरिएको मुद्दति रसीद धितो कर्जा | ० | – | – | – | – |
| सरकारी सुरक्षणपत्रको धितोमा पूर्ण सुरक्षित हुनेगरी प्रदान गरिएको कर्जा | ० | – | – | – | – |
| सरकारी सुरक्षणपत्रमा पाउनुपर्ने ब्याज रकम (Accrued Interest) | ० | – | – | – | – |
| बैंक/वित्तीय संस्थाहरुमा रहेको मौज्दात/मुद्दती रसिदको दावी (Claims) | ०.२० | ४३३,३११ | ८६,६६२ | ३५४,७३५ | ७०,९४७ |
| मागेको बखत प्राप्त हुने रकम (Money at Call ) | ०.२० | ३४०,२८७ | ६८,०५७ | ६०२,०६९ | १२०,४१४ |
| अन्तर बैंक/संस्था सापटी | ०.२० | – | – | – | – |
| शेयर, डिवेन्चर एवं बण्डमा भएको लगानी | १.०० | १,१७१ | १,१७१ | ११७१ | १,१७१ |
| अन्य लगानीहरु | १.०० | – | – | – | – |
| कर्जा, सापट (कुल रकम) | १.०० | १३,९९४,९३५ | १३,९९४,९३५ | ११,०३४,१२७ | ११,०३४,१२७ |
| स्थीर सम्पत्तिहरु | १.०० | १८,०२८ | १८,०२८ | १९,९२९ | १९,९२९ |
| पाउनु पर्ने अन्य खुद ब्याज रकम (कुल पाउनू पर्ने ब्याज - सर कारी ऋणपत्र तथा वचत पत्रको ब्याज - ब्याज मूल्तवी) | १.०० | – | – | – | – |
| अन्य सबै सम्पत्तिहरु (खुद अग्रिम कर दाखिला वाहेक ) | १.०० | ९३,९३९ | ९३,९३९ | ५२,५१३ | ५२,५१३ |
| जम्मा (क) | | १४,९४४,१७१ | १४,२६२,७९२ | १२,११४,२६४ | ११,२९९,१०१ |
| (ख) वासलात वाहिरको कारोवार (Off-balance-sheet Items) | | | | | |
| जमानत | १.०० | – | – | – | – |
| अपरिवर्त्य कर्जा प्रतिबद्धता (Irrevocable Loan Commitment) | १.०० | – | – | – | – |
| आयकर वापत सम्भावित दायित्व | १.०० | – | – | | – |
| Acceptance सहित अन्य सबै प्रकारका सम्भावित दायित्वहरु | १.०० | – | – | – | – |
| चुक्त वा भुक्तान हुन बाँकी शेयर लगानी | १.०० | – | – | – | – |
| भुक्तानीका लागि दावी परेको जमानत | १.०० | – | – | – | – |
| संस्थाउपर दावी परको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरु | १.०० | – | – | – | – |
| जम्मा (ख) | | – | – | – | – |
| कूल जोखिम भारित सम्पत्ति (क+ख) | | १४,९४४,१७१ | १४,२६२,७९२ | १२,११४,२६४ | ११,२९९,१०१ |

अनुसूची ४.२५

# प्रमुख सूचकाङ्क

**(कम्तीमा विगत ५ वर्षको परिसूचकहरु)**

| विवरण | सूचकाङ्क | आ.व. ६९/७० | आ.व. ७०/७१ | आ.व. ७१/७२ | आ.व. ७२/७३ | आ.व. ७३/७४ |
|---|---|---|---|---|---|---|
| १. खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | २२.९१ | २४.९८ | २७.५८ | २९.५० | ३०.३१ |
| २. प्रति शेयर आम्दानी | रु. | ४९.९७ | ४९.४५ | ६६.७९ | ४४.०४ | ५२.६० |
| ३. प्रति शेयर बजार मूल्य | रु. | - | १,३६४.०० | १,५४२.०० | २,४९९.०० | १,५०२.०० |
| ४. मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | - | २७.५८ | २३.०९ | ५६.७४ | २८.५६ |
| ५. शेयर पुँजीमा लाभांश (वोनस सहित) | प्रतिशत | २६.३२ | १५.७२ | २६.३२ | २६.३२ | २६.३२ |
| ६. शेयर पुँजीमा नगद लाभांश भुक्तानी | प्रतिशत | ११.३२ | ०.८३ | १.३२ | १.३२ | १.३२ |
| ७. व्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | १०.३५ | ९.०६ | ७.८९ | ७.५९ | ८.५७ |
| ८. कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | ८.८८ | ९.२५ | ११.२४ | १०.७७ | ९.४१ |
| ९. कुल निक्षेप तथा सापटीमा व्याज खर्च | प्रतिशत | ५.२९ | ४.६४ | २.९९ | २.८९ | ३.८८ |
| १०. सटही घटबढ आम्दानी/कुल आम्दानी | प्रतिशत | - | - | - | - | - |
| ११. कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | ५६.५३ | ६०.९१ | ६१.२६ | ७३.५२ | ८७.६८ |
| १२. खुद नाफा/कर्जा सापट | प्रतिशत | २.३८ | २.१३ | १.९० | २.०१ | २.३६ |
| १३. खुद नाफा/कुल सम्पत्ति | अनुपात | १.७७ | १.७३ | १.७४ | १.८६ | २.२५ |
| १४. कुल कर्जा/निक्षेप | प्रतिशत | - | - | - | - | - |
| १५. कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | ५.०८ | ४.४३ | ३.६० | ३.३६ | ३.८९ |
| १६. जोखिम भारित सम्पत्तिमा पुँजीकोषको प्रर्याप्तता | | | | | | |
| (क) प्राथमिक पुँजी | प्रतिशत | १२.२४ | १०.५८ | ८.५२ | ८.७४ | ८.७६ |
| (ख) पूरक पुँजी | प्रतिशत | ०.९२ | ०.९५ | १.२३ | १.३३ | १.३९ |
| (ग) कुल पुँजी कोष | प्रतिशत | १३.१६ | ११.५३ | ९.७५ | १०.०७ | १०.१५ |
| १७. तरलता (CRR) | अनुपात | ०.६३ | ०.५१ | ०.५२ | ०.५१ | ०.५२ |
| १८. निष्कृय कर्जा/कुल कर्जा | प्रतिशत | ०.६५ | ०.११ | ०.१७ | ०.०७ | ०.१० |
| १९. व्याज दर अन्तर (Weighted Average Interest Rate Spread) | प्रतिशत | ५.०६ | ४.४२ | ४.९० | ४.७० | ४.६९ |
| २० बुक नेटवर्थ (प्रति शेयर) | रु. | ४९८.८२ | ३६७.०२ | ३४२.४८ | २५८.०५ | २५५.६४ |
| २१. कुल शेयर | संख्या | २,३०६,८२३ | २,३०६,८२३ | २,८८३,५२९ | ५,०३०,६२३ | ६,२८८,२७९ |
| २२. कुल कर्मचारी | संख्या | ४६ | ८१ | ८१ | ८३ | ७८ |
| २३. अन्य | | | | | | |

ने. रा. बैं. निर्देशन अनुसूची ४.२६

# प्रमुख लेखा नीतिहरु

**आ.व.२०७३/७४**

## परिचय

साना किसान विकास आयोजनाहरु साना किसान सहकारी संस्थामा परिणत भएको र साना किसान सहकारी अनुसरण कार्यक्रमको माध्यमबाट थप क्षेत्रमा साना किसान सहकारी संस्थाहरुको स्थापनाक्रम निरन्तर जारी रहेकोले यी संस्थाहरुलाई जाने वित्तीय तथा गैरवित्तीय सेवामा निरन्तरता दिई त्यस्ता संस्थाको अनुगमन तथा क्षमता अभिवृद्धि गर्दै सांगठानिक तवरले दिगो र वित्तीय हिसावले सक्षम बनाउन र साना किसान विकास कार्यक्रमको मर्म र उद्देश्यलाई जिवन्त राख्दै संस्थागतस्तरमा सिर्जित जोस जाँगर र उत्साह कायम गर्न र स्वामित्व प्राप्ति पछिको वित्तीय सेवाको मागलाई सहज परिपूर्ति गर्न पनि एक संरक्षक वित्तीय संस्थाको आवश्यकतालाई दृष्टिगत गर्दै कृषि विकास बैंकको अग्रसरतामा विभिन्न क्षेत्रमा रहेका साना किसान सहकारी संस्थाहरु, नेपाल सरकार तथा अन्य वाणिज्य बैंकहरु समेतको शेयर लगानीमा विक्रम संवत २०५८ असार २२ गते 'घ' वर्गको एक विशिष्ट लघुवित्त विकास बैंकको रुपमा साना किसान विकास बैंक लि. (जसलाई यस पश्चात बैंक भनि सम्बोधन गरिएको छ) को स्थापना भएको हो ।

यस बैंकले शेयर पुंजी, बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको कर्जा, दातृसंस्था तथा नेपाल सरकारबाट प्राप्त श्रोतलाई परिचालन गरी साना किसान सहकारी संस्था तथा यस्तै प्रकृतिका अन्य संस्थाहरुको कर्जा मागलाई बैंकका १० वटा इलाका कार्यालयहरु मार्फत सेवा प्रवाह गर्दै आएको छ। यसका अतिरिक्त नेपाल सरकार र अन्य वैदेशिक संघ संस्थासँग समन्वय गरी पशु विमा, सामाजिक तथा सामुदायिक कार्यक्रम, संस्थाको क्षमता अभिवृद्धि र सेवा पाउने साना किसानको संख्या वृद्धिका लागि अनुसरण कार्यक्रम संचालन गर्दै आएको छ ।

## लेखाङ्कन तथा प्रस्तुतिको आधार

वित्तीय विवरणहरु नेपाल राष्ट्र बैंकको निर्देशनमा तोकिएको अवस्थामा वाहेक नेपाल लेखामान (Nepal Accounting Standards) तथा कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०६३ र नेपाल राष्ट्र बैंकवाट समय समयमा जारी गरिएका निर्देशनहरुमा आधारित छन्। नेपाल लेखामानले समावेश नगरेका क्षेत्रहरुमा अन्तर्राष्ट्रिय लेखामान (International Financial Reporting Standards) लाई आधार लिईएको छ ।

अन्यथा उल्लेख भएकोमा बाहेक, बैंकले प्रोदभावी लेखाङ्कन आधार (Accrual Basis) तथा ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) लाई अपनाएको छ । बैंकका लेखानीतिहरु विगत वर्षदेखि एकैरुपले (Consistently) अवलम्बन गरिएको छ।

वित्तीय विवरणहरु नेपाल राष्ट्र बैंकद्वारा तोकिएको ढाँचा तथा नेपाली रुपैंयामा प्रस्तुत गरिएको छ।

अवलम्बन गरिएका लेखा सम्बन्धी प्रमुख नीतिहरु निम्नानुसार छन् -

## प्रमुख लेखा नीतिहरु

### १. स्थीर सम्पत्ति तथा ह्रासकट्टी

बैंकका स्थीर सम्पत्तिहरुलाई ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) अनुरुप घट्दो मुल्य प्रणाली (WDV Basis) आधारमा लेखाङ्कन गरिएको छ।

बैंकका स्थीर सम्पत्तिहरुमा आयकर नियमावलि २०५९ तथा बैंककै लेखा निर्देशिका २०५९ बमोजिम निर्दिष्ट दर रेटमा घट्दो मौज्दात प्रणाली अनुसार ह्रासकट्टी गरिएको छ। बैंकले अवलम्बन गरेको ह्रासकट्टी दर निम्न वमोजिम रहेको छ :

| स्थीर सम्पत्ती समूह | ह्रासकट्टी दर (प्रतिशत) |
|---|---|
| भवन तथा घर/टहरा | ५ |
| फर्निचर | २५ |
| कम्प्यूटर तथा हिसाब गर्ने मेशिन औजार | २५ |
| सवारी साधन | २० |
| विविध सामान | २५ |

### २. आयकर व्यवस्था नीति

आयकर ऐन २०५८ को प्रावधान अनुसार चालु वर्षको करयोग्य आय तथा कर गणना गरिएको छ। स्थगन कर (Deferred Tax) को लेखाङ्कन नेपाल लेखामान ९ (NAS 9) अनुसार गरिएको छ।

### ३. लगानी सम्वन्धी लेखा नीति

क) नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको लगानी सम्बन्धी निर्देशन बमोजिम संगठित संस्थाको शेयरमा गरिएका लगानीलाई खरिद मूल्य वा बजार मूल्यमध्ये जुन कम हुन्छ उक्त रकममा मुल्यांकन गर्ने नीति अपनाएको छ ।

ख) बैंक तथा वित्तीय संस्थाहरुको मुद्दती खातामा गरिएको लगानी र कम्पनिहरुको शेयरमा गरेको लगानीलाई परल मोलमा देखाईएको छ ।

## ४. सटही घटबढ समायोजन नीति

बैकले विदेशी मुद्रासँग सम्बन्धित सम्पत्ति दायित्व तथा सटही घटबढ आम्दानी तथा खर्चहरुको लेखाङ्कन नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप गर्ने नीति लिईएको छ । बैंकले चालु आर्थिक वर्षमा सटही घटबढ आम्दानी गरेको छैन ।

## ५. गैर बैंकिङ्ग सम्पत्तिको लेखाङ्कन नीति

बैंकले कर्जा असुल गर्ने सिलसिलामा धितो लिलामी गर्दा लिलाम बिक्री नभएमा आफैले सकार गरी नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम लेखाङ्कन गर्ने नीति रहेको छ । बैंकले हालसम्म गैर बैंकिङ्ग सम्पत्तिको रुपमा कुनै धितो स्विकार गरेको छैन ।

## ६. पुँजीकृत नगरिने सम्पत्तिहरु सम्बन्धी लेखाङ्कन नीति

एक वर्षभन्दा कम समय टिक्ने र/वा रु. १,०००/- सम्मको मूल्य रहेका सामानहरु पुँजीकरण नगरी खरिद गरेकै वर्षमा खर्च लेख्ने गरिएको छ ।

## ७. आम्दानी/खर्चको लेखाङ्कन नीति

क) कर्जा/सापटको ब्याज आम्दानी लेखाङ्कन नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप नगद प्राप्तीको आधारमा गरिएको छ । यो नीति नेपाल लेखामानले पाकेको आधारमा आम्दानी जनाउन सक्ने व्यवस्था (NAS 7: Revenue) बमोजिम छैन ।

ख) उपरोक्त भन्दा बाहेकका सम्पूर्ण आम्दानी खर्चको लेखाङ्कन प्रोदभावी आधार (Accural Basis) मा गरिएको छ ।

## ८. सम्भावित कर्जा नोक्सानी व्यवस्था तथा असुली हुन नसक्ने कर्जाहरुको अपलेखन नीति

क) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कर्जा तथा सापटको वर्गिकरण गरी तोकिएको दरमा सम्भावित कर्जा नोक्सानी व्यवस्था गणना गरिएको छ ।

ख) असुल हुन नसक्ने कर्जाहरुको नेपाल राष्ट्र बैंकले दिएको निर्देशन र बैंकको कर्जा अपलेखन विनियमको अधिनमा रही अपलेखन गर्ने नीति लिइएको छ । बैंकले चालु आर्थिक वर्षमा मा कर्जा अपलेखन गरेको छैन ।

## ९. कर्जाको साँवा तथा ब्याज असुल गर्ने व्यवस्था

बैंकले लघुवित्त संस्थाहरुलाई लघुवित्त प्रयोजनार्थ छोटो र मध्यम अवधिको लागि थोक कर्जा प्रवाह गर्ने नीति लिएको छ । यसरि प्रवाहित कर्जा असुल गर्दा सर्वप्रथम उक्त कर्जाको ब्याज असुल उपर भएपछि मात्र बाँकी रकमबाट साँवा असुल गर्ने गरिएको छ ।

## १०. अन्य नीतिहरु

### क. ब्याज गणना गर्ने तरिका

ग्राहक सुरक्षणमा दिईने ब्याज तथा कर्जामा लिईने ब्याज ३६५ दिनलाई १ वर्षको आधार मानी गणना गर्ने गरिएको छ ।

### ख. कर्मचारी सुविधा

बैंकले विरामी बिदा, संचित घरबिदा र उपदान व्यवस्था खर्च प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरेको छ ।

### ग. मसलन्द

कार्यालय प्रयोजनका लागि खरिद गरिएका मसलन्द उपभोग भएको अनुसार FIFO आधारमा खर्च लेखिएको छ ।

### घ. कार्य संचालन तथा अन्य अनुदान लेखाङ्कन

नेपाल सरकार वा अन्य निकायबाट बैंकलाई प्राप्त अनुदानमा खरिद भएका स्थीर सम्पत्तिहरुलाई पुरै मूल्यमा लेखाङ्कन गरी प्राप्त अनुदान रकम पुँजीगत बचत अन्तर्गत लेखाङ्कन गरी सो रकम बराबरको सम्पत्तिको ह्रासखर्चलाई पुँजीगत बचत रकममा समायोजन गरी नाफा नोक्सान हिसावमा देखाइएको छ ।

### ङ. पुनरवर्गिकरण/पुनरसंयोजन

गत वर्षका अंकहरु आवश्यकता अनुसार पुनरवर्गिकरण/पुनरसंयोजन गरिएका छन् ।

नें. रा. बैं. निर्देशन अनुसूची ४.२७

# लेखा सम्वन्धी टिप्पणीहरु

**आ.व.२०७३/७४**

## १. लगानी, असुली तथा आम्दानी

बैंकको आ.व. २०७३/७४ को वार्षिक ऋण लगानी, असुली तथा मिनाहा गरिएको साँवा तथा ब्याजको विवरण निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | ऋण लगानी (रु. हजारमा) | ११,९७,३४,९८ |
| २. | साँवा असुली (रु. हजारमा) | ९,०१,२६,८७ |
| ३. | ब्याज आम्दानी (रु. हजारमा) | १,०९,०१,४० |
| ४. | मिनाहा गरिएको साँवा | - |
| ५. | मिनाहा गरिएको ब्याज | - |

## २. निक्षेप दायित्व अन्तर्गत प्रत्येक शीर्षकमा वर्ष भरिमा परिवर्तनको विवरण निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | रकम रु हजारमा |
|---|---|---|
| १. | वर्ष भरिमा निक्षेप दायित्व प्राप्ति | - |
| २. | वर्ष भरिमा निक्षेप दायित्व भुक्तानी | - |
| ३. | वर्ष भरिमा निक्षेप दायित्व बाँकी | - |

## ३. निक्षेप/तिर्न बाँकी कर्जा सापट र कर्जा लगानीको भारित औषत ब्याज दरको अन्तर (Weighted Average Interest Rate Spread) को विवरण

| विवरण | रकम रु हजारमा |
|---|---|
| कर्जामा भारित औषत ब्याज दर | ८.५७ |
| तिर्न बाँकी कर्जा दायित्वमा भारित औषत ब्याज दर | ३.८८ |
| खुद ब्याज दर अन्तर | ४.६९ |

## ४. अपलेखन हुन बाँकी खर्चको विवरण

प्रस्तुत आर्थिक वर्षमा बैंकको अपलेखन गर्न बाँकी खर्चको मौज्दात रहेको छैन ।

## ५. बैंकको सम्पत्ति र दायित्वसँग सम्बन्धित कारोबार र वासलात बाहिरका कारोबार कुनै एक व्यक्ति, परिवार वा संगठित संस्था तथा कुनै एक क्षेत्रमा तोकिएको सीमाभन्दा बढी अधिकेन्द्रित भएको छैन ।

रकम रु हजारमा

| विवरण | २०७३ चैत्रको प्राथमिक पुँजी कोष | एक व्यक्ति, परिवार वा संगठित संस्थासँगको अधिकतम कारोबार रकम रु.हजारमा | प्रतिशत |
|---|---|---|---|
| कर्जा तथा सापट | १२,३२,७२२.१२ | १८,००,००.०० | १४.६०% |

६. तरलता सम्बन्धी जोखिम न्युनीकरण गर्न लघुवित्त वित्तीय संस्थाले आफ्नो दायित्व तथा सम्पत्तिलाई भुक्तानी अवधि (Maturity Period) को आधारमा विभिन्न समय अन्तरालमा वर्गीकरण गर्नु पर्ने सम्बन्धमा यस बैंकले दिएको निर्देशन अनरुप सम्पत्ति र दायित्वको वर्गीकरण गरिएको बिवरण निम्न अनुसार गरिएको छ ।

रकम रु लाखमा

| क्र. सं. | विवरण | १-९० दिन | ९१-१८० दिन | १८१-२७० दिन | २७१-३६५ दिन | १ वर्ष भन्दा बढी | कुल रकम |
|---|---|---|---|---|---|---|---|
| **सम्पत्ति** | | | | | | | |
| १ | नगद | ० | ० | ० | ० | ० | ०.०० |
| २ | बैंक तथा वित्तिय संस्थामा रहेको मौज्दात | २५६३.११ | ० | ० | ० | २३९५ | ४९५८.११ |
| ३ | मागेको बखत प्राप्त हुने रकम | ३४०२.८७ | ० | ० | ० | ० | ३४०२.८७ |
| ४ | सरकारी सुरक्षणपत्र | ० | ० | ० | ० | ० | ०.०० |
| ५ | ने. रा. बैंक ऋणपत्र | ० | ० | ० | ० | ० | ०.०० |
| ६ | अन्तर बैंक तथा वित्तिय संस्था कर्जा | ० | ० | ० | ० | ० | ०.०० |
| ७ | कर्जा सापट | २०९९२.४ | २०९९२.४० | २०९९२.४ | २७९८९.८७ | ४८९८२.२८ | १३९९४९.३५ |
| ८ | पाउनु पर्ने ब्याज | ०.३८ | ०.४८ | ०.४८ | ०.५७ | ० | १.९१ |
| ९ | प्रतिबद्धता अन्तर्गत अन्य संस्थाहरुबाट प्राप्त हूने | | | | | | ०.०० |
| १० | क्र.स. १८ र १९ का सूविधाहरुको भूक्तानी | | | | | | ०.०० |
| ११ | अन्य | ६.६४ | ५.९२ | ५.९२ | ५.९२ | ६१३.७६ | ६३८.१६ |
| | **कुल सम्पत्ति** | २६९६५.४० | २०९९८.८० | २०९९८.८० | २७९९६.३६ | ५१९९१.०४ | १४८९५०.४० |
| **दायित्व** | | | | | | | |
| १२ | सदस्यहरुबाट निक्षेप | | | | | | ० |
| १३ | सर्वसाधारणबाट बचत निक्षेप | | | | | | ० |
| १४ | सर्वसाधारणबाट मूद्दति निक्षेप | | | | | | ० |
| १५ | ऋणपत्रहरु | | | | | | ० |
| १६ | सापटी : | ५५०.०० | १२५५.४२ | ५००.०० | १६५५.४२ | ११५५३४.६६ | ११९४९५.५० |
| | माग/अल्प सूचना | ० | ० | ० | ० | ० | ० |
| | अन्तर बैंक/वि.संस्था | ५५० | ५०० | ५०० | ९०० | ६०११०.५४ | ६२५६०.५४ |
| | पूनरकर्जा | ० | ५.४२ | ० | ५.४२ | ३९.१२ | ४९.९६ |
| | अन्य | ० | ७५० | ० | ७५० | ५५३८५ | ५६८८५ |
| १७ | अन्य दायित्व तथा व्यवस्थाहरु : | ११५२.५४ | १०८.६० | १२७.६० | १२७.६० | ३९९.४२ | १९१५.७६ |
| | सण्ड्री क्रेडिटर्स | ०.०० | ० | १९ | १९.०० | १४.०८ | ५२.०८ |
| | भूक्तानी दिनूपर्ने विल | ९८.४३८२७ | ० | ० | ० | ० | ९८.४३८२७ |
| | भूक्तानी दिनूपर्ने ब्याज | ० | ० | ० | ० | ० | ० |
| | व्यवस्थाहरु | ९५२.९८१७ | ० | ० | ० | १८१.७६८२६ | ११३४.७५ |
| | अन्य | १०१.१२ | १०८.६ | १०८.६ | १०८.६ | २०३.५७ | ६३०.४९ |
| १८ | प्रतिबद्धता अन्तर्गत अन्य संस्थाहरुलाई दिनूपर्ने | | | | | | ० |
| १९ | उपभोग भैनसकेको स्वीकृत सूविधाहरु | | | | | | ० |
| २० | क्र. सं. ९ अन्तर्गत सूविधाको भूक्तानी | | | | | | ० |
| २१ | अन्य | | | | | | ० |
| | कूल दायित्व | १७०२.५४ | १३६४.०२ | ६२७.६० | १७८३.०२ | ११५९३४.०८ | १२१४११.२६ |
| | खूद सम्पत्ति | २५२६२.८६ | १९६३४.७८ | २०३७१.२० | २६२१३.३४ | -६३९४३.०४ | २७५३९.१४ |
| | संचित खूद सम्पत्ति | २५२६२.८६ | ४४८९७.६४ | ६५२६८.८४ | ९१४८२.१८ | २७५३९.१४ | |

**७. बैंकले संरक्षणको रुपमा आफ्नो सम्पत्ति धितो राखी रकम लिएको विवरण ।**

उपरोक्त अनुसार बैंकले रकम लिएको छैन ।

**८. गैर बैंकिग सम्पत्ति सम्बन्धि विवरण (गत वर्षको, यस वर्ष स्वीकार/विक्री र खुद बाँकी रकम) ।**

बैंकको हालसम्म कुनै गैर बैंकिग सम्पत्ति रहेको छैन ।

**९. चुक्ता पुँजीमध्ये अग्रिम भूक्तानी प्राप्त (Paid in Advance), भुक्तानी प्राप्त हुन बाँकी (Calls in Arrears) र जफत गरिएका तर पुनः निष्काशन नगरिसकको (Forfeited But Not issued) शेयरहरु रहेको छ भने सोको विवरण ।**

बैंकको चुक्ता पुँजीमध्ये अग्रिम भूक्तानी प्राप्त (Paid in Advance), भुक्तानी प्राप्त हुन बाँकी (Calls in Arrears) र जफत गरिएका तर पुनः निष्काशन नगरिसकको (Forfeited But Not issued) शेयरहरु रहेको छैन ।

**१०. लिजहोल्ड सम्पत्तिमा गत वर्षसम्म र यस वर्ष अपलेखन (Amortization) गरिएका रकमको विवरण ।**

बैंकको हालसम्म कुनै लिजहोल्ड सम्पत्ति रहेको छैन ।

**११. वित्तीय विवरणहरुलाई बुझ्न र विश्लेषण गर्न सघाउ पुग्ने जानकारी दिन आवश्यक देखिएका अन्य विवरण ।**

क) शेयर पुँजी रकम

यस बैंकको शेयर पुँजी (प्रस्तावित बोनस शेयर समेत) रकम रु.६२,८८,२७,९२९.६९/- कायम रहेको छ ।

ख) साधारण जगेडा कोष

यस कोषमा गत वर्षसम्म मौज्दात रु.१४,३०,८५,५८५/३५ रहेकोमा यस आर्थिक वर्षको खुद नाफा रु.३३,०७,५९,२९१/७५ को २०% ले हुने रकम रु.६,६१,५१,८५८/३५ थप भई वर्षको अन्त्यको मौज्दात जम्मा रु.२०,९२,३७,४४३/७० कायम रहेको छ ।

ग) पुनरस्थापना कोष

द्वन्द्ववाट प्रभावित तथा नयाँ भवन निर्माण गरेका साना किसान सहकारी संस्थाहरुको पुनरसंरचना गर्न यस आर्थिक वर्षको खुद नाफाको ३% ले हुने रकम रु.९९,२२,७७८/७५ उक्त कोषमा जम्मा भई वर्षको अन्तमा रु. ३,१८,७०,७०८/६४ मात्र पुनरस्थापना कोष रहेको छ ।

घ) संस्थागत सुदृढिकरण कोष

बैंकसँग आवद्ध साना किसान सहकारी संस्थाहरुको संस्थागत विकास गर्ने उद्देश्यले खडा गरेको संस्थागत सुदृढिकरण कोषमा हरेक वर्षको खुद नाफाको १०% रकम थप गर्ने व्यवस्था भए अनुरुप यस वर्षको खुद नाफाबाट बुँदा (ङ) मा भएको व्यवस्था अनुसार ग्राहक संरक्षण कोषमा जम्मा गरेको रकम रु. १,१२,५०,६८२/५६ र बुँदा (च) मा भएको व्यवस्था अनुसार संस्थागत सामाजिक उत्तरदायित्व कोष्मा जम्मा भएको रु. ३३,०७,५९२/९२ मात्र कटाई बाँकि रकम रु. १,८५,१७,६५३/७० थप भई यस आर्थिक वर्षको अन्त्यमा उक्त कोषको मौज्दात रु.८,१४,३०,३३४/०१ रहेको छ ।

ङ) ग्राहक संरक्षण कोष

नेपाल राष्ट्र बैंकको मिति २०७२/०७/२४ को परिपत्र बै.वि.नि.वि./नीति/परिपत्र/घ/०५/७२/७३ अनुसार बैंकको खुद नाफाको १ प्रतिशत रकम र २० प्रतिशतभन्दा माथिको प्रस्तावित लाभाशं रकमको २५ प्रतिसतको रकम समेतले हुन आउने रकम रु. १,१२,५०,६८२/५६ मात्र नाफा नोक्सान बाँडफाँड हिसाबमा खर्च लेखि ग्राहक संरक्षण कोषमा जम्मा गरिएको छ । यस वर्षको अन्तयमा यस कोषको मौज्दाता रकम रु. १,९८,३७,७२४/११ रहेको छ । यस कोषको रकम नेपाल राष्ट्र बैंकको उपरोक्त परिपत्रमा भएको व्यवस्था अनुसार परिचालन गरिनेछ ।

च ) संस्थागत सामाजिक उत्तरदायित्व कोष

नेपाल राष्ट्र बैंकको मिति २०७३/१०/१२ को परिपत्र बै.वि.नि.वि./नीति/परिपत्र/घ/०६/७३/७४ अनुसार बैंकको खुद नाफाको १ प्रतिशत रकम रु. ३३,०७,५९२/९२ मात्र नाफा नोक्सान बाँडफाँड हिसाबमा खर्च लेखि संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरिएको छ । यस वर्षको अन्त्यमा यस कोषको मौज्दात रकम रु. ३३,०७,५९२/९२ रहेको छ । यस कोषको रकम नेपाल राष्ट्र बैंकको उपरोक्त परिपत्रमा भएको व्यवस्था अनुसार खर्च गरिनेछ ।

छ ) कर्मचारी दक्षता अभिवृद्धि सम्वन्धमा

नेपाल राष्ट्र बैंकको मिति २०७३/१०/१२ को परिपत्र बै.वि.नि.वि./नीति/परिपत्र/घ/०६/७३/७४ अनुसार कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष कुल कर्मचारी खर्चको न्युनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने व्यवस्था अनुसार गत आ.व.मा कुल कर्मचारी खर्च रु.४,३२,३१,१२९.७२ को ३ प्रतिसत भन्दा बढी रकम रु. २०,०६,९९२.६९ उपरोक्त व्यवस्थाका लागि खर्च गरी अनुसुचि ४.१७ मा कर्मचारी खर्च अन्तर्गत तालिम खर्च शीर्षकमा प्रस्तुत गरिएको छ ।

ज) कर्मचारी वोनस व्यवस्था

बैंकले यस आर्थिक वर्षको मुनाफाबाट कर्मचारी वोनस पछिको नाफाको १० प्रतिशतले हुन आउने रकम रु.४,७२,४३,९३०/६८ व्यवस्था गरेको छ ।

झ) कर्मचारी सुविधा :

यस आर्थिक वर्षमा कर्मचारी विदा बापतको व्यवस्था खर्च शिर्षकमा देखाईएको खर्च रकम रु.४३,९८,६८५/८८ विदा व्यवस्थामा लेखाङ्कन गरिएको छ भने रु.९,७५,८१२/८८ यसै वर्ष भुक्तान गरिएको छ ।

यस आर्थिक वर्षमा कर्मचारी उपदान व्यवस्था वापत रु.३४,५४,३१५/- थप व्यवस्था गरिएकोछ भने कुनै पनि रकम यस वर्ष भुक्तान गरिएको छैन ।

### ञ) साना किसान सम्मेलन कोष

साना किसान विकास बैंकले २०७१ साल कार्तिक १६ र १७ गते आफ्नै अगुवाई र अन्य संघ संस्थाको सहकार्यमा काठमाडौंमा २ दिने साना किसान सम्मेलन कार्यक्रम आयोजना तथा सम्पन्न गरेको थियो । उक्त कार्यक्रम सम्पन्न भए पश्चात्को रु.१२,२८,३७५/४४ को मौज्दात रकम भने बैंकको सञ्चालक समीतिको निर्णय अनुसार सम्मेलनसँग सम्बन्धित खर्च गर्ने प्रयोजनार्थ बैंककै हिसाबमा साना किसान सम्मेलन कोषको स्थापना गरी उक्त कोषमा जम्मा गरिएको छ । उक्त रकमबाट नै यस वर्ष पनि मौज्दात कायम रहेको छ ।

### ट) साना किसान राहत कोष :

२०७२ बैशाख १२ को महा भुकम्प तथा त्यस पश्चातका पराकम्पनका कारण विभिन्न जिल्लाहरुमा साना किसान सदस्यहरु प्रभावित भएको कुरा मध्यनजर गर्दै उक्त क्षेत्रका साना किसान सहकारी संस्था मार्फत साना किसान परिवार सम्म सहयोग परिचालन गर्ने उद्देश्यले एक कोषको आवश्यकता महशुस गर्दै साना किसान विकास बैंकले साना किसान राहतकोष को स्थापना गरेको छ । यस कोषमा २०७२ आषाढ मसान्तमा बाँकि रहेको मौ ज्दात रकम रु.५०,६७,०१३/ यस कोषलाई विविध प्राकृतिक विपतहरुको सामना गर्नको लागि निरन्तरता दिने निर्णय अनुसार निरन्तरता दिइएको छ ।

### ठ) साना किसान सूचना प्रविधि विकास कोष

आजको सूचना-प्रविधिको युगमा सबै ग्रामीण सहकारी संस्थाहरूको सूचना-प्रविधिमा सहज पहुँच हुनुपर्छ भन्ने बैङ्कको मान्यता रहेको छ । बैङ्क तथा संस्थाका जनशक्तिहरूमा सूचना-प्रविधिसम्बन्धी ज्ञान, सीप र प्रवृत्ति विकास गर्न, यससम्बन्धी आवश्यक न्यूनतम उपकरण, यन्त्र र सुविधाहरू विस्तार गर्न र यस प्रकारका कार्यहरूलाई यथाशक्य निरन्तरता दिन बैङ्कमा आर्थिक वर्ष २०७०/७१ मा एक सूचना-प्रविधि विकास कोष खडा गरिएको थियो । यस कोषमा दातृ तथा सहयोगी निकायहरूबाट प्राप्त सहयोग, सहभागी संस्थाहरूको योगदान र बैङ्कको सहयोग रहनेछ । यस कोषमा गत वर्ष रु.१० लाख कायम गरिएकोमा यस वर्ष पनि यसैलाई निरन्तरता दिइएको छ ।

### ड) कर लेखा परीक्षणबाट कायम दायित्व फरफारक भएको सम्बन्धमा

ठुला करदाता कार्यालयले यस बैंकको आव २०६९/७० को कर लेखापरीक्षण गरी बैंक को नाममा कर दायित्व विविध शीर्षक अन्तर्गतका सावाँ कर रकम व्याज र शुल्क गरी जम्मा रु. १,६०,६४०.३७ को दायित्व कायम गरेको थियो । त्यसैगरी, आव २०७२/७३ को कर कार्यालयको रेपिड अडिटबाट थप कायम हुन आएको कर दायित्व रु. ४००३७४.९७ समेत यस वर्ष भुक्तान भएको छ । बैंकको सञ्चालक समितिको निर्णय अनुसार बैंकको आफ्नो आयकरसँग सम्बन्धित दायित्व र श्रोतमा करकट्टी अन्तर्गतको नियमानुसार आदेश भएको व्याज र शुल्कको रकम बैंकले व्हहोरी वित्तिय विवरणमा गत वर्षको समायोजन अन्तर्गत रु. ५६१,०१५.३४ खर्च लेखि र श्रोतमा करकट्टी अन्तर्गतको सावाँ रकम भने सम्बन्धित व्यक्ति, फर्म, कम्पनि, निकायहरुसँगै असुली गर्ने गरी ठुला करदाता कार्यालयलाई भुक्तानी दिएको छ । २०७३ आषाढ मसान्तमा अन्य व्यक्ति, फर्म, कम्पनि, निकायहरुसँग असुल गर्न बाँकि रकम रु.१,०१,५७७.६२ रहेको छ र असुली प्रक्रियामै रहेको छ ।

### ठ) स्थगन कर सम्पत्ती

| विवरण | लेखाङ्कन आधार | कर आधार | फरक | यस वर्षको स्थगन कर सम्पत्ति/(दायित्व) |
|---|---|---|---|---|
| स्थीर सम्पत्ति | १,८८,५९,१८६.१४ | १,९२,०२,७६९.९६ | ३४३,५८३.८२ | १,०३,०७५.१५ |
| उपदान व्यवस्था | ८७,०७,५१०.०० | - | ८७,०७,५१०.०० | २६,१२,२५३.०० |
| विदा व्यवस्था | ९४,६९,४९१.०० | - | ९४,६९,४९१.०० | २८,४०,८४७.३० |
| जम्मा | ३,७०,३६,१८७.१४ | १,९२,०२,७६९.९६ | १,८५,२०,५८४.८२ | ५५,५६,१७५.४५ |
| गत वर्षसम्मको स्थगन कर सम्पत्ति/(दायित्व) | | | | ३४,७०,३२५.८७ |
| यस वर्षको स्थगन कर आम्दानी/(खर्च) | | | | २०,८५,८४९.५८ |

## १२. लघुवित्त वित्तीय संस्थाको एजेन्सी मौज्दात भए अवधि अनुसारको (१ वार्ष, १-३ वर्ष, ३ वर्षभन्दा बढी) हिसाब मिलान हुन बाँकी रकमहरुको विवरण ।

यस बैंकको एजेन्सी मौज्दात नरहेको ।

## १३. आयकर

### (क) यस वर्षको कर व्यवस्था

आयकर ऐन २०५८ अनुसार यस वर्षको कर व्यवस्था रु. १४,३७,६५,८६४/६७ कायम गरिएको छ ।

## १४. दातृ निकायको सहयोगमा संचालित कार्यक्रम

### क) भुकम्प प्रभावित समुदायका लागि विपद जोखिम व्यवस्थापन तथा जिविकोपार्जन पुर्नस्थापना कार्यक्रम (DRRLREAC)

नेपाल सरकार, अर्थ मन्त्रालय र एसियाली विकास बैंकको सहयोगमा सञ्चालन हुने "भुकम्प प्रभावित समुदायका लागि विपद जोखिम व्यवस्थापन तथा जिविकोपार्जन पुर्नस्थापना कार्यक्रम (DRRLREAC)" संचालनका लागि यस साना किसान विकास बैंक, नेपालसरकार अर्थ मन्त्रालय र एसियाली विकास बैंक बिच भएको सम्झौता अनुसार भुकम्प प्रभावित समुदायमा ऋण प्रवाह गर्नको लागि बैंकले यस आवमा रु. २८ करोड ८५ लाख प्राप्त गरेको छ । यसमध्ये धादिङ्ग, नुवाकोट र रसुवाका प्रभावित सदस्यहरुले ५ प्रतिसतको सहुलियतपुर्ण व्याजमा ऋण सुविधा पाउने गरी ५२ वटा साना किसान सहकारी संस्थाहरु मा २ प्रतिसत व्याजदरमा बैकको तर्फबाट गरिएको योगदान समेत रु. ३७ करोड ५ लाख प्रवाह गरिएको छ ।

यस कार्यक्रमको प्राविधि सहायता सम्झौता अन्तर्गत कम्तिमा ९० वटा विपद प्रतिरोधि संरचना निर्माण तालिम तथा ३० वटा विपद व्यवस्थापन

क्षमता अभिवृद्धि तालिम संचालन हुने व्यवस्था समेत रहेकोमा यस आवसम्ममा १९ वटा विपद प्रतिरोधि संरचना निर्माण तालिम तथा १ वटा विपद व्यवस्थापन क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ। यस सम्झौता अन्तर्गतका कार्यहरु सम्पन्न गर्न परामर्शदाता र तालिम तथा क्षमता विकास शीर्षकमा रु. २ करोड २६ लाख ८० हजार खर्च भएको छ।

### ख) किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम

नेपाल सरकार, कृषि विकास मन्त्रालय र अन्तर्राष्ट्रिय कृषि विकास कोष (International Fund for Agricultural Development-IFAD) को सहयोगमा सञ्चालन भईरहेको 'किसानका लागि उन्नत बीउबिजन कार्यक्रम' मा सहकार्य गर्न यस बैङ्क र कृषि विकास मन्त्रालयबीच सम्झौता भई रुकुम, रोल्पा, सल्यान, प्युठान, गुल्मी र अर्घाखाँची गरी ६ जिल्लाका ३० गाविसमा साना किसान सहकारी संस्था अनुसरण कार्य मार्फत स्थापना भएका छन्। यस कार्यक्रममा नेपाल कृषि सहकारी केन्द्रीय सङ्घले समाज परिचालन र संस्थागत विकाससम्बन्धी कार्य गरिरहेको छ भने बैङ्कले लघुवित्त सेवाका सम्पूर्ण कार्यहरू गरिरहेको छ। उपरोक्त ३० वटा साना किसान सहकारी संस्थाहरुमध्ये २३ वटा संस्थाहरुले बैंकसँग ऋण कारोबार समेत शुरु गरिसके का छन्। अयस कार्यकममा परियोजनाको तर्फबाट यस आर्थिक वर्षमा रु. ५७,६१,०००.०० खर्च भएको छ।

### ग) साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम

कृषिसम्बन्धी ज्ञान, सीप र अभ्यास प्रदान गरी युवाहरूमा व्यावसायिक कृषि क्षमता बढाउन नेपालका लागि इजरायली राजदूतावासको सहकार्यमा 'साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम' सञ्चालन गरिएको छ। यस कार्यक्रम अन्तर्गत साना किसान परिवारका विद्यार्थीहरूलाई उन्नत कृषि प्रणाली सम्बन्धी तालिमका लागि इजरायलका विभिन्न कलेज तथा कृषि तालिम केन्द्रमा १० महिने अध्ययनका लागि सहभागी गराइन्छ।

यस कार्यक्रम अन्तर्गत बैंकले आर्थिक वर्ष २०७३/७४ मा ४४५ जना प्रशिक्षार्थी इजरायल पठाएको थियो भने उक्त आर्थिक वर्षमा उपरोक्त कायक्रम अन्तर्गत बैंकले आफ्नो स्रोतबाट रु. ४८१,६३५.६१ र नेपाल सरकार श्रोतबाट रु. ८१५,८२२.४६ खर्च गरेको छ।

### घ) साना किसान वातावरण तथा नवीकरणीय ऊर्जा कार्यक्रम

यू. एन. सी. डी. एफ / क्लिन स्टार्टसँग सहकार्य गरी बैङ्कले साना किसान वातावरण तथा नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन गरेको छ। ग्रामीण दुर्गममा बिजुली-बत्ती र सुविधायुक्त ऊर्जा प्रणालीबाट विमुख रहेका साना किसान तथा विपन्न परिवारहरूमा सौर्य ऊर्जा, बायोग्यास, धूवाँरहित चुल्हो र सुलभ शौचालय आदिको उपयुक्त सेवा पुर्‍याउने यो कार्यक्रमबाट ३ वर्षको अवधिमा लगभग ४० हजारभन्दा बढी परिवार लाभान्वित हुने लक्ष्य र ाखिएको छ।

यस कार्यक्रम अन्तर्गत परियोजनाको तर्फबाट यस वर्ष रु. ४२,२३,३३७.१९ खर्च भएको छ।

## १५. नेपाल सरकारको सहयोगमा संचालित कार्यक्रमहरु

नेपाल सरकारबाट यस बैङ्कलाई साना किसान सहकारी अनुसरण कार्यक्रम, तालिम/गोष्ठी (क्षमता विकास) कार्यक्रम, सामाजिक/सामुदायिक विकास कार्यक्रम, पशुपालन प्रवर्द्धन कार्यक्रम र पशुधन सुरक्षण कार्यक्रमहरू सञ्चालन गर्ने प्रयोजनका लागि अनुदान सहयोग उपलब्ध हुँदै आएको छ जसका सारासंहरु निम्न बमोजिम रहेका छन।

### क) साना किसान सहकारी अनुसरण कार्यक्रम

बैंकले ग्रामीण क्षेत्रमा प्रभावकारी दिगो लघुवित्त सेवा प्रवाहका लागि स्थानीय प्रणाली विकास गर्न नवप्रवर्तनीय अभ्यासका रूपमा साना किसान सहकारी अनुसरण कार्यक्रम सञ्चालन गर्दै आएको छ। साना किसान सहकारी अनुसरण कार्यक्रम अन्तर्गत साना किसान सहकारीको लघुवित्त सेवा नपुगेका क्षेत्रका विपन्न तथा साना किसानहरूलाई सङ्गठित गरी आ-आफ्नो गाविसमा आवश्यक लघुवित्त सेवा दिन सक्षम साना किसान सहकारी संस्थाको गठन गरी दिगो र निरन्तर सेवा उपलब्ध हुने व्यबस्था मिलाइन्छ। यस कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा ५२ वटा साना किसान सहकारी संस्थाहरु अनुसरण कार्यक्रम मार्फत निर्माण भए भने उक्त कार्यक्रमका लागि नेपाल सरकारबाट प्राप्त अनुदानबाट रु. ३ करोड ५० लाख रकम खर्च समेत भएको छ।

### ख) तालिम / गोष्ठी (क्षमता विकास) कार्यक्रम

बैंकले साना किसानहरूको क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका व्यवसायिक, कृषि, संस्थागत शुसासन र संस्था संचालन र लेखा सम्बन्धी तालिम / गोष्ठी (क्षमता विकास) कार्यक्रममा संचालन गर्दै आएको छ जस अन्तर्गत यस आर्थिक वर्षमा २४१ वटा तालिम संचालन भएकोमा रु. १ करोड २५ लाख खर्च भई १२,७६९ जना साना किसानहरु लाभान्वित भएका छन्।

### ग) सामाजिक / सामुदायिक विकास कार्यक्रम

बैंकले समुदाय स्तरमा आवश्यक भौतिक पूर्वाधार विकासका लागि सामाजिक / सामुदायिक विकास कार्यक्रम संचालन गर्दै आएको छ। ग्रामीण क्षेत्रमा सुलभ शौचालय, विद्यालय मर्मत, पुलपुलेसो, कुलोमर्मत, कृषिसडक स्याहार-सम्भार, बृक्षारोपण, पशु उपचार शिविर, उन्नत नश्लका बीउ पशुको व्यवस्था, पशु भ्याक्सिन, सामुदायिक भवन, तालिम भवन, बालविकास, कृषि औजार, स्ट्रेचर आदि सामाजिक/सामुदायिक विकासका कार्यक्रम सञ्चालन गर्न संस्थाहरूलाई स-सानो सहयोग उपलब्ध गराइन्छ। यस आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त अनुदान रु.१ करोड २५ लाख को लागतमा १९७ वटा कार्यकम संचालन भएको थियो । यस कार्यक्रमबाट यस आवमा १,०२,७८८ साना किसान परिवारहरु लावान्वित भएका छन्।

### घ) पशुपालन प्रवर्द्धन कार्यक्रम :

बैंकले पशुपालन गर्ने पशुपालक साना किसानहरूको पशुपालन व्यवसायको व्यवसायीकरणका लागि पशुपालन प्रवर्द्धन कार्यक्रम संचालन गर्दै आएको छ। यस आवमा ३७२ वटा कार्यक्रम संचालन भएकोमा रु. १ करोड खर्च भई २७,१७८ जना साना किसानहरु लाभान्वित भएका छन्।

### ङ) पशुधन सुरक्षण कार्यक्रम

बैंकले पशुपालक साना किसानहरूको पशुधन क्षति न्यूनीकरणका लागि पशुधन सुरक्षण कार्यक्रमहरू संचालन गर्दै आएको छ। पशुधन सुरक्षण

कार्यक्रमअन्तर्गत चालु आर्थिक वर्ष २०७३/७४ मा बैङ्कको समन्वयमा साना किसान सहकारी संस्थाहरूले १७,७६० परिवारका रु. १ अर्व ३८ करोड ८६ लाख ४८ हजार मूल्यका ४८ हजार ९७७ वटा पशुको सुरक्षण कार्यक्रम सञ्चालन गरेका छन् । त्यसैगरी बैंकले लघुवित्त कार्यक्रमतर्फ ३८६१३ साना किसान परिवार लाभान्वित हुनेगरी ९८ वटा कार्यक्रम सम्पन्न गरेको छ । यस कार्यक्रम संचालनको लागि बैंकले यस आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त प्रिमियम अनुदानबाट रु. ६ करोड खर्च गरेको छ ।

### च) पशुपालन कर्जा कार्यक्रम

त्यस्तैगरी मासुजन्य उत्पादन प्रर्बद्धन गर्ने उद्देश्यले नेपाल सरकारले १ प्रतिशत व्याजदरमा बैंकलाई मासुजन्य कर्जा उपलब्ध गराउँदै आएको छ । साना किसानहरुलाई आकर्षित गर्नको लागि शर्तस्वरुप बैंकले सहकारी संस्थालाई ५ प्रतिशतमा र सहकारी संस्थाले साना किसानलाई ९ प्रतिशतमा यस कर्जा परिचालन हुँदै आएको छ । बैंक स्वयम्ले कर्जाको उपयोगिताको निरीक्षण नियन्त्रण गर्दै आएको छ । बैंकले नेपाल सरकारबाट १५ हजार साना किसानलाई सहुलियत पशुपालन कर्जा लगानी गर्ने गरी यस वर्ष रु. १ अर्व ५० करोडको को कर्जा सापट प्राप्त भएकोमा कुल १४,४२६ परिवारलाई रु. १ अर्व ८४ करोड ३३ लाख ७३ हजार को पशुपालन कर्जा परिचालन गरेको छ ।

## १६. नगद लाभांश तथा बोनस शेयर वितरण सम्बन्धमा

बैंकको मिति २०७४/०६/०६ मा बसेको सञ्चालक समितिको बैठकले आ.व. २०७३/७४ को मुनाफाबाट चुक्ता पुँजीको २५ प्रतिशतले हुने रु.१२,५७,६५,५८५/९४ बराबरको बोनस शेयर र बोनस शेयरको कर प्रयोजनको लागि चुक्ता पुँजीको १.३१६ प्रतिशतले हुने नगद लाभांश रु. ६६,१९,२४१/३७ गरी कुल जम्मा रु. १३,२३,८४,८२७/३१ बराबरको मुनाफा वितरण गर्न स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक र यस बैंकको साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय पारित गरेकोमा सोही अनुरुप वित्तीय विवरणमा प्रस्तुत गरिएको छ ।

अनुसूची ४.२८

# संस्थापक/संस्थापक समूहका शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिएको विवरण

**(२०७४ आषाढ मसान्त)**

| क्र.सं. | संस्थापक /संस्थापक समूह अर्न्तगत पर्ने शेयरधनीको नाम | संस्थापकको स्वामितमा कायम रहेको शेयर | | कर्जा विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कुल कित्ता संख्या | कुल चुत्ता पुँजीको प्रतिशत | कर्जा लिएको अन्य बैंक तथा वित्तिय संस्थाको नाम | कर्जा रकम | धितो रहेको शेयर कित्ता संख्या | |
| १. | – | – | – | – | – | – | – |
| २. | – | – | – | – | – | – | – |

अनुसूची ४.२९

## Comparison of Unaudited and Audited Financial Statement As of FY 2073/074

Rs. In'000

| S.N. | Particlars | As per Unaudited Financial Statement | As per Audited Financial Statement | Variance | | Reasons for Variance |
|---|---|---|---|---|---|---|
| | | | | In Amount | In % | |
| **1** | **Total Capital and Liabilities (1.1 to 1.7)** | **14,941,654.01** | **14,725,062.31** | **216,591.70** | **1.45** | |
| 1.1 | Paid-up Capital | 503,062.34 | 628,827.93 | (125,766) | -25.00 | Proposed Bonus Shares of 25% |
| 1.2 | Reserves and Surplus | 1,111,010.08 | 978,712.86 | 132,297.22 | 11.91 | Adjusted due to adjustment in profits and Proposed Dividend |
| 1.3 | Debenture and Bond | - | - | - | - | |
| 1.4 | Borrowings | 11,949,490.51 | 11,949,550.51 | -60.00 | - | Adjustment of Reconciliation |
| 1.5 | Deposits (a+b) | | - | - | - | |
| | a. Member | | - | - | - | |
| | b. Public | | - | - | - | |
| 1.6 | Income Tax Liabilities | 6,986.98 | 9,514.25 | (2,527.27) | -36.17 | Income tax calculation after all adjustments |
| 1.7 | Other Liabilities | 1,371,104.10 | 1,158,456.76 | 212,647.34 | 15.51 | Adjustment for netting off loan loss provision, etc. |
| **2** | **Assets (2.1 to 2.7)** | **14,941,654.01** | **14,725,062.29** | **216,591.72** | **1.45** | |
| 2.1 | Cash & Bank Balance | 318,811.30 | 318,811.30 | - | - | |
| 2.2 | Money at call and short Notice | 339,855.88 | 340,287.22 | (431) | -0.13 | Adjustment on reconciliation |
| 2.3 | Investments | 178,171.20 | 178,171.20 | - | - | |
| 2.4 | Loans & Advances | 13,994,934.73 | 13,775,825.83 | 219,109 | 1.57 | Adjustment on audit review, netting off loan loss provision |
| 2.5 | Fixed Assets | 18,028.01 | 18,028.01 | 0 | 0.00 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2.6 | Non Banking Assets | - | - | - | | |
| 2.7 | Other Assets | 91,852.89 | 93,938.74 | (2,086) | -2.27 | Adjustment for Differed Tax Assets |
| **3** | **Profit and Loss Account** | | | | | |
| 3.1 | Interest Income | 1,090,084.04 | 1,090,140.84 | (56.80) | -0.01 | Adjustment after finalization of Bank reconciliation |
| 3.2 | Interest Expenses | 451,805.45 | 451,490.91 | 314.54 | 0.07 | Rectification of Error |
| | **A. Net Interest Income (3.1-3.2)** | **638,278.59** | **638,649.93** | **(371.34)** | **-0.06** | |
| 3.3 | Fees, Commission and Discount | 2.07 | 2.07 | - | - | |
| 3.4 | Other Operating Income | 1,012.57 | 1,012.57 | - | - | |
| 3.5 | Foreign Exchange Gain/ Loss (Net) | - | - | - | - | |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **639,293.23** | **639,664.57** | **(371.34)** | **-0.06** | |
| 3.6 | Staff Expenses | 53,883.04 | 53,883.04 | 0.00 | 0.00 | |
| 3.7 | Other Operating Expenses | 31,668.02 | 31,975.81 | (307.79) | -0.97 | Adjustment for missed expenses |
| | **C. Operating Profit Before Provision (B-3.6-3.7)** | **553,742.17** | **553,805.72** | **(63.55)** | **-0.01** | |
| 3.8 | Provision for Possible Losses | 35,488.96 | 35,488.96 | (0.00) | -0.00 | |
| | **D. Operating Profit (C-3.8)** | **518,253.21** | **518,316.75** | **(63.54)** | **-0.01** | |
| 3.9 | Non Operating Income/ Expenses (Net) | 1,366.48 | 1,366.48 | (0.00) | - | Rounding off difference |
| 3.10 | Write Back of Provision for Possible Loss | | - | - | | |
| | **E. Profit from Regular Activities (D+3.9+3.10)** | **519,619.69** | **519,683.24** | **(63.55)** | **-0.01** | |
| 3.11 | Extraordinary Income/ Expenses (Net) | - | - | - | - | |
| | **F. Profit Before Bonus and Taxes (E+3.11)** | **519,619.69** | **519,683.24** | **(63.55)** | **-0.01** | |
| 3.12 | Provision for Staff Bonus | 47,238.15 | 47,243.93 | (5.78) | -0.01 | for above mentioned adjustments |
| 3.13 | Provision for Tax | 141,714.46 | 141,680.02 | 34.44 | 0.02 | for above mentioned adjustments |
| | **G. Net Profit/(Loss) (F-3.12-3.13)** | **330,667.08** | **330,759.29** | **(92.21)** | **-0.03** | **Due to above changes** |

साना किसान विकास बैंक लि.
दर्ता नं.: ३९१.
मिति:- २०७४।७।२०

केन्द्रीय कार्यालय
वालुवाटार, काठमाडौं
फोन: ४१२८२३
फ्याक्स नं. ४४१२२२४
E-mail : mfd@nrb.org.np
Web site : www.nrb.org.np
टेलेक्स : २२०७ रावा एनपी
पोष्टवक्स : ७३

# नेपाल राष्ट्र बैंक
## लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग

पत्र संख्या ल.वि.प्र.सु.वि./गैर-स्थलगत/०७४/७५-५८ ना. ९३५ मिति: २०७४/०७/२०

श्री साना किसान विकास बैंक लिमिटेड,
सुविधानगर, तिनकुने, काठमाण्डौं ।

विषय: **आ.व. २०७३/७४ को वार्षिक वित्तीय विवरणहरु प्रकाशित गर्ने स्वीकृति सम्बन्धमा ।**

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसँग सम्वन्धित अनुसूचीहरु, लेखापरीक्षकको प्रतिवेदन, लङ्गफर्म अडिट रिपोर्ट समेतका आधारमा गैर-स्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्बन्धमा देहाय बमोजिम निर्णय व्यहोरा अनुरोध छ ।

(क) देहायका निर्देशनहरु शेयरधनीहरुको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित गर्न र यो निर्देशनहरुको कार्यान्वयन गर्ने गरी आर्थिक वर्ष २०७३/७४ को वित्तीय विवरणहरु वार्षिक साधारणसभा प्रयोजनको लागि प्रकाशन गर्न स्वीकृति प्रदान गर्ने ।

१. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १४(३) मा व्यवस्था भए बमोजिम स्वतन्त्र सञ्चालक नियुक्त गरी सोको जानकारी दिनुहुन ।

२. संस्थाको नाममा “विकास बैंक” भन्ने शब्द प्रयोग भई रहेकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ३२ को उपदफा (५) र (६) ले “घ” वर्गका इजाजतपत्र प्राप्त संस्थालाई बैंक भन्ने नाम प्रयोग गर्न वन्देज लगाएकोले यसै वार्षिक साधारणसभावाट संस्थाको नाममा रहेको “विकास बैंक” भन्ने शब्द परिमार्जन गरी संस्थाको नामको पछाडी “लघु वित्त वित्तीय संस्था” कायम गर्नुहुन ।

३. संस्थाको आन्तरिक तथा बाह्य लेखापरीक्षकका साथै यस बैंकको स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याएका अन्य कैफियतहरु पुनः नदोहोरिने गरी सुधार गर्नुहुन ।

(ख) साथै संस्थाले प्रस्ताव गरेको चुक्ता पुँजीको २५ प्रतिशतले हुने रकम रु.१२,५७,६५,५८५।९४( अक्षेरेपी रु.बाह्र करोड सन्तावन्न लाख पैंसठ्ठी हजार पांचसय पचासी पैसा चौरानब्बे मात्र) बोनश शेयर र १.३१६ प्रतिशतले हुने रकम रु.६६,१९,२४१।३७ (अक्षेरेपी रु.छैसठ्ठी लाख उन्नाईस हजार दुईसय एकचालीस पैसा सैंतीस मात्र) नगद लाभाँश (कर प्रयोजनका लागि) संस्थाको साधारणसभाले स्वीकृत गरे पश्चात वितरण गर्न स्वीकृत प्रदान गर्ने ।

भवदीय,

(उमाकान्त थपलिया)
सहायक निर्देशक

बोधार्थ:

१. नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

फोन: ०१-४१११९२३,४१११८२८ फ्याक्स: ४१११९०१, ई-मेल: info@skbbl.com.npWeb Site http://www.skbbl.com.np
साना किसान विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको लघुवित्त विकास बैंक)
केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने पो.ब.नं. २१९५६, काठमाडौं, नेपाल
Sana Kisan Bikas Bank Ltd.
Central Office, Subidhanagar, Tinkune, Kathmandu, P.O. Box 21956, Kathmandu, Nepal

प.सं.: ... ..... ...
च.नं.: ३६८

मिति: २०७४/०७/२७

**नेपाल राष्ट्र बैंक**
**लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग,**
**बालुवाटार, काठमाडौं ।**

6126

**विषय: निर्देशनहरुको सम्बन्धमा व्यवस्थापनको प्रत्युत्तर ।**

**महोदय,**

ने.रा.बैंक,लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागको पत्र संख्या ल.वि.प्र.सु.वि./गैर-स्थलगत/०७४/०७५/च.नं.१३९, मिति २०७४/०७/२० बाट दिइएका निर्देशनहरुको सम्बन्धमा यस बैंकको सञ्चालक समितिको मिति २०७४/०७/२० को बैठकको निर्णयानुसार देहाय अनुसारको प्रतिबद्धता रहेको व्यहोरा अनुरोध छ ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४(३) मा व्यवस्था भए बमोजिम स्वतन्त्र सञ्चालक नियुक्त गर्ने सम्बन्धमा संस्थाको नियमावलीमा आवश्यक संसोधनको विशेष प्रस्ताव बैंकको १६ औं साधारण सभामा निर्णयार्थ पेश गरिने हुँदा सो प्रकृया पुरा गरि स्वतन्त्र सञ्चालकको नियुक्ती समेत गरिने व्यहोरा अनुरोध छ ।
२. संस्थाको नाममा विकास बैंक भन्ने शब्द भई रहेकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ३२ को उपदफा (५) र (६) ले घ वर्गका इजाजतपत्र प्राप्त संस्थालाई बैंक भन्ने नाम प्रयोग गर्न बन्देज लगाएकोले यसै १६औं वार्षिक साधारण सभाबाट निर्देशन बमोजिम नाम परिवर्तनको विशेष प्रस्ताव साधारणसभामा निर्णयार्थ पेश गरिने व्यहोरा अनुरोध छ ।
३. संस्थाको आन्तरिक तथा बाह्य लेखा परीक्षकको साथै नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षण तथा गैर स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याईएका अन्य कैफियतहरु पुन: नदोहोरिने गरि सुधार गर्न एवं सोको अनुगमन व्यवस्थालाई सुदृढ गर्न यो बैंक प्रतिवद्ध रहेको व्यहोरा अनुरोध छ ।

**भवदीय,**

(डा.शिवराम प्रसाद कोइराला)
प्रमुख कार्यकारी अधिकृत

**बोधार्थ :**
**नेपाल राष्ट्र बैंक ।**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग,**
**बालुवाटार, काठमाडौं ।**

# विभिन्न गतिविधी





साना किसानहरुद्वारा संचालित विभिन्न परियोजनाहरुको अर्थ मन्त्रालयका उच्च पदस्थ अधिकारीहरुद्वारा अवलोकन ।



पुनर्निर्माण प्राधिकरणका तत्कालिन प्रमुख कार्यकारी अधिकृत गोविन्द पोखरेलद्वारा भुकम्प प्रतिरोधि संरचना निर्माण तालिमका सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै



धादिङ्गमा पुनर्निर्माण परियोजना अवलोकन गर्दै एसियाली विकास बैंकका ताकेसी कुरिहारा र तात्सुया कनाई



साझेदार संस्थाहरुको क्षमता विकास अन्तरगत लेखा व्यवस्थापन तालिमका सहभागीहरु



धनुषामा सञ्चालित सुलभ धुवाँरहित चुल्हो निर्माण तालिमका सहभागीहरु




साना किसान कृषि प्रशिक्षार्थीहरुलाई इजरायलको दश महिने कृषि तालिमका लागि विदाई गर्दै महामहिम राजदूत खनान गोदर तथा साना किसान विकास बैंक परिवार

# साना किसान विकास बैंक लि.

## कार्यक्रम सञ्चालित जिल्लाहरु




# साना किसान विकास बैंक लि.

**नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको लघुवित्त विकास बैंक**

## केन्द्रीय कार्यालय


**सुविधानगर, तिनकुने, काठमाडौं**

फोन : ०१-४१११७५२ / ४१११८२८

फ्याक्स : ०१-४१११९०१

इमेल : info@skbbl.com.np

वेभसाइट : www.skbbl.com.np


## इलाका कार्यालयहरू

| | |
|---|---|
| विर्तामोड | फोन/ फ्याक्स : ०२३-५४२७२८ |
| इटहरी | फोन/ फ्याक्स : ०२५-५८४३३४ |
| जनकपुर | फोन : ०४१-५२७५३६, फ्याक्स : ०४१-५२७२१० |
| हेटौडा | फोन : ०५७-५२५३८८, फ्याक्स : ०५७-५२४१२२ |
| बुटवल | फोन : ०७१-५४१०३३, फ्याक्स : ०७१-५४२०३३ |
| गजुरी | फोन : ०१०-४०२०८०, फ्याक्स : ०१०-४०२११७ |
| पोखरा | फोन : ०६१-५३८३३५, फ्याक्स : ०६१-५३९४१३ |
| नेपालगञ्ज | फोन : ०८१-५२६१३६, फ्याक्स : ०८१-५२७४२३ |
| अत्तरिया | फोन/ फ्याक्स : ०९१-५५१३१८ |


Design: www.colornpixel.com